كيف تثقل ميزانك ؟ - نيبالي

# कर्मको तराजूलाई वजनशील कसरी बनाउने?




جمعية الدعوة والإرشاد وتوعية الجاليات بالزلفي

هاتف: ٤٢٣٤٤٦٦ ٠١٦ - فاكس: ٤٢٣٤٤٧٧ ٠١٦

281

**كيف تثقل ميزانك ؟ - نيبالي**

# कर्मको तराजूलाई वजनशील कसरी बनाउने ?

جمعية الدعوة والإرشاد وتوعية الجاليات في الزلفي
Tel: 966 164234466 - Fax: 966 164234477

# كيف تثقل ميزانك ؟ - نيبالي

## ترجمه إلى اللغة النيبالية

**جمعية الدعوة والإرشاد و توعية الجاليات بالزلفي**

**الطبعة الثانية : ١٤٤٢/٨ هـ**

ح **المكتب التعاوني للدعوة توعية الجاليات بالزلفي**

فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر

**المكتب التعاوني للدعوة توعية الجاليات بالزلفي**

**كيف تثقل ميزانك ؟ - الزلفي، ١٤٤١هـ**

١٤٨ ص ؛ ١٢× ١٧ .سم

**ردمك:** ٦-٢٠-٨٢٤٣-٦٠٣-٩٧٨

**١ـ الوعظ و الإرشاد ٢ ـ العبادات (فقه اسلامي) أ. العنوان**

ديوى ٢١٣ ١٤٤١/٢٢٥

رقم الإيداع: ١٤٤١/٢٢٥

**ردمك:** ٦-٢٠-٨٢٤٣-٦٠٣-٩٧٨

# كيف تثقل ميزانك ؟

# कर्मको तराजूलाई वजनशील कसरी बनाउने ?

## भूमिका

الحمدلله رب العالمين، والصلاة والسلام على سيد الأنبياء والمرسلين، نبينا محمد وعلى آله وصحبه أجمعين أمابعد .

एउटा चतुर र सिपालु व्यक्ति त्यहि हुन्छ जसले आफ्नो पुण्यको वजनलाई बढाउने प्रयास गर्छ, तसर्थ आफ्नो पालनकर्ता सँग व्यापार गरी जीवनमा अधिक भन्दा अधिक पुण्य र कम भन्दा कम पाप संकलित गर्छ ताकि प्रलोकमा पुण्यको तराजू भारी होस, र जसको पुण्यको तराजू भारी हुन्छ भने त्यो संधैको लागि खुशी पाउँछ र उच्च र शानदार स्वर्गमा आनन्द पुर्वक इच्छित जीवन ब्यत्तित गर्छ, अल्लाह तआलाले भन्नु भए को छः

﴿ فَأَمَّا مَنْ ثَقُلَتْ مَوَازِينُهُ * فَهُوَ فِي عِيشَةٍ رَاضِيَةٍ * وَأَمَّا مَنْ خَفَّتْ مَوَازِينُهُ * فَأُمُّهُ هَاوِيَةٌ * وَمَا أَدْرَاكَ مَا هِيَهْ * نَارٌ حَامِيَةٌ ﴾ القارعة: ٦ - ١١

फेरी जसको कर्मको वजन भारी हुन्छ भने त्यो इच्छित आरामको जीवनमा हुन्छ, र जसको वजन हलका हुन्छ भने त्यसको बास स्थान हाविया अर्थात गहिरो खाल्टो हुन्छ, र तिमीलाई के थाहा कि हाविया भनेको के हो ? त्यो चाहिं प्रज्वलित आगो हो ।

धेरै व्यक्तिहरु आफ्नो संसारिक जीवनमा धन कमाउने सम्पत्ति आर्जन गर्ने र एकअर्का भन्दा अगाडि बढ्ने प्रयास गरिरहेका हुन्छन,

धेरै व्यक्तिहरुसँग यस्ता यस्ता पुस्तकहरु हुन्छ जसमा सम्पत्ति बढाउने र छिटो धनी हुने उपाय र साधन लेखिएको हुन्छ

तसर्थ हामीहरुले यस्तो सम्पत्तिको खोज गर्नु पर्छ जुन् कहिल्यै पनि समाप्त हुने वाला नहोस् र माल जम्मा गर्नुको लागि हामी जति प्रयास गर्छौं त्यति नै पुण्य जम्मा गर्नुको लागि पनि प्रयास गर्नु पर्छ , किन भने संसारमा कमाएको धन् सम्पत्ति एक दिन् समाप्त भईहाल्छ तर प्रलोकको लागि कमाइएको धन् सम्पत्ति कहिल्यै पनि समाप्त हुने छैन, र यदि हामी आफ्नो संसारिक जीवनमा पनि र प्रलोकमा पनि धनी भयौं भने अझै राम्रो हुन्छ, अल्लाह तआला सबभन्दा अधिक धनी र दायावान छन् ।

अल्लाहसँग गरेका व्यापार नै मानिसलाई वास्तवमा धनी बनाउँछ, र प्रलोकको धन् जम्मा गर्नको लागि पुण्य कमाउनु पर्छ र पापलाई मेटनु पर्छ ।

तसर्थ यदि तपाई प्रलोकमा छिटै धन्वान हुन चाहनु हुन्छ भने यस्तो कार्य गर्नुस् जसले कर्मको तराजू लाई भारी बनाउँछ , अल्लाहको कृपाले यस पुस्तिकामा यस्तो खास खास कार्यहरुको खुलासा गरिएको छ जसबाट कर्मको तराजू वजनशील हुन्छ ।

# तराजूलाई वजनशील बनाउने कार्यहरु

## प्रथम कार्य : शुद्ध कार्य र शुद्ध बोली

शुद्धता प्रत्येक कार्यको आधार हो, तसर्थ जुन् सुकै कर्म अल्लाहको नाममा जति शुद्ध हुन्छ त्यती नै तराजूमा भारी हुन्छ, त्यो थोरै किन न होस, र यदि त्यसमा देखावा र सुनामको मिश्रण हुन्छ भने तराजूमा हलुको हुन्छ, र जति पनि पुण्य होस सबै नष्ट र बर्बाद भइहाल्छ, तसर्थ अल्लाह संग प्रेम र शुद्धताको अनुसारले कर्मको हैसियत पनि तलमाथि हुन्छ ।

अबुओमामा अलबाहिली ﵁ ले भन्नु भयो:

قَالَ جَاءَ رَجُلٌ إِلَى النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ أَرَأَيْتَ رَجُلًا غَزَا يَلْتَمِسُ الْأَجْرَ وَالذِّكْرَ مَالَهُ فَقَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: **لَا شَيْءَ لَهُ** فَأَعَادَهَا ثَلَاثَ مَرَّاتٍ يَقُولُ لَهُ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ **لَا شَيْءَ لَهُ** ثُمَّ قَالَ **إِنَّ اللَّهَ لَا يَقْبَلُ مِنْ الْعَمَلِ إِلَّا مَا كَانَ لَهُ خَالِصًا وَابْتُغِيَ بِهِ** وَجْهُهُ (رواه النسائي 3140 وحسنه الألباني في صحيح الجامع 1856)

एउटा व्यक्ति नबी ﷺ कहाँ आएर सोध्नु भयो, कि यदि कसैले पुण्य र सुनामको लागि जिहाद (धर्म युद्ध) गर्छ भने त्यसले के इनाम पाउँछ ? त रसूल ﷺ ले भन्नु भयो ? त्यसले केहि पाउने छैन, अनि त्यसले तीन पटक त्यही कुरा सोध्यो त रसूल ﷺ ले भन्नु भयो, त्यसले केहि पनि पाउने छैन, अल्लाह तआला मात्र यस्तो कार्य स्वीकार गर्छन जुन् शुद्ध हुन्छ र अल्लाहको प्रसन्नता प्राप्त गर्नको लागि गरिएको हुन्छ । (नसई ३१४० सहीहुल जामिय १८५६)

अब्दुल्लाह बिन मुबारक रहिमहुल्लाह ले भन्नु भएको छ कि «धेरै साना कर्महरु यस्तो हुन्छन् जुन् राम्रो नियतको कारण ठुलो भइहाल्छन् र धेरै ठुलो कर्महरु यसतो हुन्छन् जुन् नराम्रो नियतको कारण सानो भइहाल्छन् » (جامع العلوم والحكم لإبن رجب الحنبلي)

मैमून बिन महरान رحمه الله ले भन्नु भएको छ कि «तिमीहरुको कर्म चाहिं थोरै छ तसर्थ त्यसलाई शुद्ध राख»

अबु सईद अलखुदरी ﷺको हदीसमा छ कि रसूल ﷺले भन्नु भयो:

**الصَّلاَةُ فِي جَمَاعَةٍ تَعْدِلُ خَمْسًا وَعِشْرِينَ صَلاَةً فَإِذَا صَلاَّهَا فِي فَلاَةٍ فَأَتَمَّ رُكُوعَهَا وَسُجُودَهَا بَلَغَتْ خَمْسِينَ صَلاَةً** » (رواه أبوداؤد 560 وصححه الألباني

एउटा सामुहिक नमाज पचीस नमाजको बराबर हुन्छ, तर यदि नमाज मरुभूमीमा पढनु हुन्छ र पूर्ण रुपले रुकूअ र सज्दा गर्नु हुन्छ भने त्यो पचास ५० नमाजको बराबर भइहाल्छ। (अबु दाऊद ५६०)

त्यो किन एकलै नमाज पढेको होला ? यस्तो ठाउँमा जहाँ नत अजानबाट नमाजको ध्यान पार्ने व्यवस्था हुन्छ नत कुनै साथी हुन्छ, र किन रुकूअ र सजदा राम्रो सँग पुरा गरेको होला ? र बिसतार पुर्वक नमाज पढेको होला ? किन भने त्यो अल्लाहको लागि शुद्ध कर्म गरिरहेको हुन्छ र यो महसुस गर्छ कि अल्लाहले त्यसलाई हेरिरहेका छन् र यस कारण त्यसले प्रतिफल र पुरस्कार पनि अधिक पाउने छ।

सलमह बिन दिनार رحمه الله ले भन्नु भयो कि «तिमी आफ्नो पापलाई जति लुकाउने गर्छौं त्यस भन्दा अधिक आफ्नो पुण्यलाई लुकाउने गर» (حلية الأولياء وطبقات الأصفياء لأبي نعيم )

अबूहुरैरह ﷺ को हदिसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

بَيْنَمَا كَلْبٌ يُطِيفُ بِرَكِيَّةٍ كَادَ يَقْتُلُهُ الْعَطَشُ إِذْ رَأَتْهُ بَغِيٌّ مِنْ بَغَايَا بَنِي إِسْرَائِيلَ فَنَزَعَتْ مُوقَهَا فَسَقَتْهُ فَغُفِرَ لَهَا بِهِ رواه البخاري واللفظ له 3467ومسلم 2245

एउटा कुकुर तालाउको वरिपरी चक्कर काटदै थियो, तिर्खाले मर्ने आवस्थामा भएको थियो, र त्यही समय बनी इसराइल की एउटि व्यश्याले त्यसलाई हेर्ने भइन् र आफ्नो मोजा फुकालेर त्यस माध्यमले कुकुरलाई पानी खुवाइन् त अल्लाहले त्यसलाई क्षमा प्रदान गरि दिनु भयो। (बुखारी ३४६७ मुस्लिम २२४५)

इब्ने तैमिया رحمه الله ले भन्नु भयो कि त्यसले शुद्ध ईमान र विश्वासले कुकुरलाई पानी खुवाइन् त त्यसलाई क्षमा प्रदान भयो नत्र कुकुरलाई पानी खुवाउने हरेक व्यक्तिलाई क्षमा प्रदान हुनेछैन। (منهاج السنة النبوية لابن تيمية ، ومدارج السالكين لإبن القيم)

## दोश्रो कार्य : उच्च चरित्र

नबी ﷺ ले उच्च चरित्रको प्रशंसा गर्नु भएको छ र तराजूमा त्यसको विशेषता र महान्ता बयान गर्नु भएको छ, नबी ﷺ स्वयं अल्लाह सित राम्रो चरित्रको प्रार्थना गर्थे र नराम्रो चरित्रबाट शरण चाहन्थे।

अबु दर्दा ﷺ को हदिसमा छ कि रसूल ﷺले भन्नु भयो:

مَا شَيْءٌ أَثْقَلُ فِي مِيزَانِ الْمُؤْمِنِ يَوْمَ الْقِيَامَةِ مِنْ خُلُقٍ حَسَنٍ وَإِنَّ اللَّهَ لَيُبْغِضُ الْفَاحِشَ الْبَذِيءَ» (رواه الترمذي واللفظ له 2002 وأبوداؤد 4799 وصححه الألباني

प्रलोकमा मोमिनको तराजूमा कुनै पनि कार्य उच्च चरित्र भन्दा अधिक गहुँरो हुने वाला छैन र अल्लाह तआला नराम्रो बोली बोल्ने र

नराम्रो कार्य गर्ने व्यक्तिलाई घृणा गर्नुहुन्छ। ( तिर्मिजी २००२ अबु दाऊद ४७९९)

र अबु दर्दा कै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

أَثْقَلَ شَيْءٍ فِي الْمِيزَانِ الْخُلُقُ الْحَسَنُ(رواه ابن حبان واللفظ له 481 وصححه الألباني

तराजूमा सबभन्दा अधिक वजन कार्य उच्च चरित्र हुन्। (इबन हिब्बान ४८१)

उहाँकै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ أُعْطِيَ حَظَّهُ مِنَ الرِّفْقِ فَقَدْ أُعْطِيَ حَظَّهُ مِنَ الْخَيْرِ وَمَنْ حُرِمَ حَظَّهُ مِنَ الرِّفْقِ فَقَدْ حُرِمَ حَظَّهُ مِنَ الْخَيْرِ أَثْقَلُ فِي مِيزَانِ الْمُؤْمِنِ يَوْمَ الْقِيَامَةِ حُسْنُ الْخُلُقْ وَإِنَّ اللَّهَ لَيُبْغِضُ الْفَاحِشَ الْبَذِيءَ (رواه ابن حبان 5695 والبيهقي 20587 والبخاري في الأدب المفرد 464

जसले जति नम्रता र दयाको चरित्र पाएको छ त्यो त्यति नै वर्दान पनि पाएको छ र जसले जति नम्रता र दायाको चरित्रबाट टाँढा भएको छ त्यो त्यति नै पुण्यको पुँजी र वर्दानबाट टाँढा भएको छ, उच्च चरित्र मोमिनको तराजूमा सबभन्दा अधिक भारी हुनेछ अल्लाह तआला नराम्रो बोली बोल्ने र नराम्रो कार्य गर्ने व्यक्तिलाई घृणा गर्नु हुन्छ। (इब्न हिब्बन ५६९५ बैहकी २०५८७ अलअदबुल मुफरद ४६४)

मुल्ला अली कारी رحمه الله ले भन्नु भयो कि «नियम अनुसार जुन सुकै कार्यलाई पनि अल्लाहले घृणा गर्नु हुन्छ भने त्यसको कुनै वजन र हैसियत नै हुँदैन, र जुन सुकै कार्यलाई पनि अल्लाहले रोज्नु हुन्छ भने त्यो अल्लाहको नजीक महान र ठुलो हुन्छ, अल्लाह तआलाले नास्तिकहरुको बारेमा भन्नु भयो

105:الكهف} فَلَا نُقِيمُ لَهُمْ يَوْمَ الْقِيَامَةِ وَزْنًا प्रलयको दिन हामीले तिनीहरुको कुनै वजन कायम गर्ने छैनौं ।

र प्रसिद्ध हदीसमा छ कि दुइवटा यस्तो शब्दहरु छन् जुन् उच्चारणमा हलको छन् तराजूमा गहुँरो छन् र अल्लाहको नजीक प्रिय छन् र ती हुन्: **सुब्हानल्लाहि वबिहमदिही व सुब्हानल्लाहिल अजीम**,

سُبْحَانَ اللهِ وَ بِحَمْدِهِ وَ سُبْحَانَ اللهِ الْعَظِيْم

पवित्र छन अल्लाह र प्रशंसा पनि उनको लागि छ र पवित्र छन् अल्लाह जो महान र ठुलो छन्

उच्च र महान चरित्र कमाउनको लागि सबभन्दा उचित तरिका यो हो कि अल्लाहको किताब कुरआन पढ्ने , त्यसको अर्थमा बिचार गर्ने, सत्कर्मीहरु संग बस्ने, रसूल ﷺ को हदीस पढ्ने, र अल्लाह सित राम्रो चरित्रको प्रार्थना गर्ने, इब्ने मसऊद رضي الله عنه ले भन्नु भयो:

**كَانَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ إِذَا نَظَرَ فِي الْمَرْآةِ، قَالَ اَللهُمَّ كَمَاْ حَسَّنْتَ خَلْقِيْ فَحَسِّنْ خُلُقِيْ** صحيح الجامع 1307)

रसूल ﷺ जहिले पनि आफुलाई ऐनामा हेर्नुहुन्थ्यो त यो भन्नुहुन्थ्यो कि “अल्लाहुम्म कमा हस्सन्त खलक़ी फहस्सिन खुलक़ी” अर्थात हे अल्लाह! तपाईले जस्तो मलाई राम्रो शरीर प्रदान गर्नु भयो त्यस्तै मलाई राम्रो चरित्र पनि प्रदान गरिदिनु । (सहीहुल जामिय १३०७)

र कुतबा बिन मालिक رضي الله عنه ले भन्नु भयो:

**كَانَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ مُنْكَرَاتِ الْأَخْلَاقِ وَالْأَعْمَالِ وَالْأَهْوَاءِ** (رواه الترمذي 3591 وصححه الألباني

नबी ﷺ यस प्रकार प्रार्थना गर्नुहुन्थ्यो कि हे अल्लाह ! म घृणातमक चरित्र दुष्कर्म, र इच्छा पछाडि हिंड्ने कुकर्मबाट तपाईको शरण चाहन्छु । (तिर्मिजी ३५९१)

र मोमिन मध्ये सबभन्दा परिपूर्ण ईमान त्यसको हुन्छ जसको चरित्र राम्रो हुन्छ, किन भने अनस बिन मालिक ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

**إِنَّ أَكْمَلَ الْمُؤْمِنِينَ إِيمَانًا أَحْسَنُهُمْ خُلُقًا وَإِنَّ حُسْنَ الْخُلُقِ لَيَبْلُغُ دَرَجَةَ الصَّوْمِ وَالصَّلَاةِ »** (رواه البزار وصححه الألباني في صحيح الجامع 1578)

त्यसको ईमान परिपूर्ण हुन्छ जसको चरित्र महान हुन्छ, र महान चरित्रको दर्जा नमाज रोजा जसतो हुन्छ । (सहीहुल जामिय १५७८)

# तेश्रो कार्य : मात्र अल्लाहको लागि रिसाउने र त्यस बाहेक अरु कुनै कारणले नरिसाउने

अब्दुल्लाह बिन उमर ﷺ को हदीसमा छ कि रसूल ﷺले भन्नु भयो:

**مَا مِنْ جُرْعَةٍ أَعْظَمُ أَجْرًا عِنْدَ اللَّهِ مِنْ جُرْعَةِ غَيْظٍ كَظَمَهَا عَبْدٌ ابْتِغَاءَ وَجْهِ اللَّهِ**

(رواه ابن ماجة واللفظ له 4189 وصححه الألباني في صحيح الترغيب والترهيب 2752)

कुनै पनि पिउने पुण्य अल्लाहको नजीक त्यति ठुलो हुदैन जति रिस पिउनुको पुण्य हुन्छ जसलाई मान्छे अल्लाहको खुशीको लागि पियेको हुन्छ । (इब्न माजा ४१८९)

यस्तो अवसर हाम्रो जीवनमा संधै आइरहेको हुन्छ, तर के हामीले यस हदीसलाई र यस्तो महान पुण्यलाई आफ्नो ध्यानमा राखेर अल्लाहको लागि आफ्नो क्रोधको रोकथाम गरी यस पुरस्कारको हकदार बनने प्रयास गर्छौं ?

अल्लाह तआलाले यस्ता व्यक्तिहरुको प्रशंसा गर्नु भएको छ जुन् शक्ति र क्षमताका बावजूद आफ्नो क्रोधलाई नियन्त्रणमा राख्छन, अल्लाह तआलाले उनीहरुलाई क्षमा प्रदान गर्नु भएको छ र स्वर्गको वर्दान दिनु भएको छ, अल्लाह तआलाले भन्नु भएको छ:

﴿ الَّذِينَ يُنْفِقُونَ فِي السَّرَّاءِ وَالضَّرَّاءِ وَالكَاظِمِينَ الغَيْظَ وَالعَافِينَ عَنِ النَّاسِ وَاللهُ يُحِبُّ المُحْسِنِينَ (١٣٤) وَالَّذِينَ إِذَا فَعَلُوا فَاحِشَةً أَوْ ظَلَمُوا أَنْفُسَهُمْ ذَكَرُوا اللهَ فَاسْتَغْفَرُوا لِذُنُوبِهِمْ وَمَنْ يَغْفِرُ الذُّنُوبَ إِلَّا اللهُ وَلَمْ يُصِرُّوا عَلَى مَا فَعَلُوا وَهُمْ يَعْلَمُونَ (١٣٥) أُولَئِكَ جَزَاؤُهُمْ مَغْفِرَةٌ مِنْ رَبِّهِمْ وَجَنَّاتٌ تَجْرِي مِنْ تَحْتِهَا الأَنْهَارُ خَالِدِينَ فِيهَا وَنِعْمَ أَجْرُ العَامِلِينَ (١٣٦) ﴾. [آل عمران].

जुन मानिसहरु सुःख र दुःखमा अल्लाहको मार्गमा खर्च गर्दछन र क्रोधलाई नियन्त्रण्नमा राख्दछन र मानिसहरुको त्रुटिलाई माफ गर्दछन् भने अल्लाह यस्ता सत्कर्मीहरु सँग प्रेम गर्दछन्, तिनीहरुले यदि खुला रुपमा कुनै गलती वा पाप गर्दछन् भने तत्कालै अल्लाहको स्मरण गर्दछन् र आफ्ना भूलहरुका लागि क्षमा माँगदछन्, के अल्लाह बाहेक अरु कसैले क्षमादान गर्न सक्छ ? तिनीहरु जानी जानी आफ्नो गलत कामहरुको लागि अडान् लिदैनन्, यस्तै मानिसहरुका लागि अल्लाहको तर्फबाट माफी र स्वर्ग छ, जसको

मुनि नहरहरु बगिरहेका छन् तिनीहरु त्यसमा संधै बस्ने छन् ती सत्कर्म गर्नेहरुको पुरस्कार धेरै राम्रो छ (आल इमरान ३४,३५,३६,)
र यस्तो महान पुरस्कार साथै अल्लाहले उनीहरुलाई ठुल ठुला आँखा भएकी अप्सराहरु छान्ने मौका पनि दिनेछन्, सहल बिन मुआजको हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

**مَنْ كَظَمَ غَيْظًا وَهُوَ قَادِرٌ عَلَى أَنْ يُنْفِذَهُ دَعَاهُ اللَّهُ عَزَّ وَجَلَّ عَلَى رُءُوسِ الْخَلَائِقِ يَوْمَ الْقِيَامَةِ حَتَّى يُخَيِّرَهُ اللَّهُ مِنْ الْحُورِ الْعِينِ مَا شَاءَ»** (رواه أبوداؤد 4777 والترمذي 2493 وابن ماجة 4186 وحسنه الألباني في صحيح الترغيب والترهيب 2753)

जसले शक्ति र क्षमताका बावजूद आफ्नो कोधलाई नियन्त्रणमा राख्यो भने प्रलयको दिनमा अल्लाह तआलाले उसलाई समस्त मानवहरुको सामुने बोलाएर मनपरेको अप्सरा छान्ने मौका प्रदान गर्नु हुन्छ । (अबू दाऊद ४७७७ तिर्मिजी २४९३)
त के तपाईले यती ठुलो पुरस्कारलाई कुनै मामुली संसारिक फाइदाको लागि ठोकयाउनु हुन्छ ? तसर्थ एउटा शक्तिमान् व्यक्ति त्यो होइन जसले लडाइमा आफ्नो बिपक्षीलाई प्राजित गर्दछ बरु वास्तवमा  शक्तिमान् त्यो हो जसले आफ्नो कोधलाई नियन्त्रणमा राख्दछ, अबूहुरैरहको हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

**لَيْسَ الشَّدِيدُ بِالصُّرَعَةِ إِنَّمَا الشَّدِيدُ الَّذِي يَمْلِكُ نَفْسَهُ عِنْدَ الْغَضَبِ**

(رواه البخاري 6114 ومسلم 2609

शक्तिमान त्यो होइन जसले आफ्नो बिपक्षीलाई प्राजित गरि दिन्छ बरु शक्तिमान् त्यो हो जसले कोधको समयमा अफुलाई नियन्त्रणमा राख्दछ । (बुखारी ६११४ मुस्लिम २६०९)

# चौथो कार्य : मृतकको अन्तिम संसकारमा भाग लिने र त्यस माथि नमाज पढ्ने

कर्मको तराजूलाई उहुद पहाड भन्दा अधिक वजन बनाउने ठुल ठुला कार्यहरु मध्ये मृतकको अन्तिम कियाकर्ममा भाग लिनु र त्यस माथि नमाज पढ्नु पनि हो ओबै बिन कअब ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

**مَنْ تَبِعَ جَنَازَةً حَتَّى يُصَلَّى عَلَيْهَا وَيُفْرَغَ مِنْهَا فَلَهُ قِيرَاطَانِ وَمَنْ تَبِعَهَا حَتَّى يُصَلَّى عَلَيْهَا فَلَهُ قِيرَاطٌ وَالَّذِي نَفْسُ مُحَمَّدٍ بِيَدِهِ لَهُوَ أَثْقَلُ فِي مِيزَانِهِ مِنْ أُحُدٍ»** رواه البخاري 47 وأبوداؤد3168)

जुन् सुकै व्यक्ति मृतकको अन्तिम संस्कारमा भाग लिन्छ त्यसको जनाजा पढी अन्त सम्म सहभागी रहन्छ भने त्यो व्यक्तिले दुई कीरात पाउनेछ र जुन् व्यक्ति मात्र मृतक माथि नमाज पढ्छ भने त्यो एक कीरात पाउनेछ, र अल्लाहको कसम ! तराजूमा कीरातको वजन उहुद पहाड भन्दा अधिक भारी हुन्छ । (बुखारी ४७ अबू दाऊद ३१६८)

हजरत अबूहुरैरह﵁ को हदीसमा छ कि रसूल ﷺले भन्नु भयो:

**مَنْ شَهِدَ الْجَنَازَةَ حَتَّى يُصَلَّى عَلَيْهَا فَلَهُ قِيرَاطٌ وَمَنْ شَهِدَهَا حَتَّى تُدْفَنَ فَلَهُ قِيرَاطَانِ. قِيلَ وَمَا الْقِيرَاطَانِ؟ قَالَ مِثْلُ الْجَبَلَيْنِ الْعَظِيمَيْنِ. قَالَ أَحَدُ رُوَاةِ الْحَدِيْثِ– وَكَانَ ابْنُ عُمَرَ يُصَلِّى عَلَيْهَا ثُمَّ يَنْصَرِفُ فَلَمَّا بَلَغَهُ حَدِيثُ أَبِى هُرَيْرَةَ قَالَ لَقَدْ ضَيَّعْنَا قَرَارِيطَ كَثِيرَةً»** (رواه البخاري 1325 ومسلم واللفظ له945

जसले मृतकको कियाकर्ममा उपस्थित हुन्छ र त्यस माथि नमाज पढ्छ भने उसले एक कीरात पाउँछ र जसले नमाज पछि मृतकलाई गाड्नमा पनि सहभागी हुन्छ भने उसले दुई कीरात प्राप्त गर्छ, कसैले सोधनु भयो कि दुई किरात भनेको के हो ? त उहाँले भन्नु भयो कि दुई ठुलो पहाड जसतो । हदीसको एउटा रावीले भन्नु हुन्छन कि इब्ने उमरﷺ मृतक माथि नमाज पढेर फर्किहाल्ने गर्थे तर जब उहाँलाई अबूहुरैरहको हदीस बारे थाहा भयो त उहाँले भन्नु भयो कि हामीले यस्ता कती कीरात गुमाइदिएं । (बुखारी १३२५ मुस्लिम ९४५)

## पाँचौ कार्य : रातिमा उभेर नमाज पढ्नु (दस आयतले नै किन नहोस)

फुजाला बिन ओबैद र तमीम अद्दारी رضي الله عنهما को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ قَرَأَ عَشْرَ آيَاتٍ فِي لَيْلَةٍ ، كُتِبَ لَهُ قِنْطَارٌ ، وَالْقِنْطَارُ خَيْرٌ مِنَ الدُّنْيَا وَمَا فِيهَا

(رواه الطبراني في الكبير 1253 وحسنه الألباني في صحيح الترغيب والترهيب 638)

जसले रातिमा दस आयत पढ्यो भने त्यसले एक किन्तार पायो किन्तार यो संसार र संसारमा भएका हरेक वस्तुहरु भन्दा अधिक उत्तम छ । (तबरानी १२५३)

वास्तविक्ताको ज्ञान मात्र अल्लाहलाई थाहा छ तर यसतो लाग्छ कि यो दस आयत चाहिं रातिको नमाजमा पढ्नु पर्छ, किन भने अब्दुल्लाह बिन अमर बिन अल्आस رضي الله عنهما को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ قَامَ بِعَشْرِ آيَاتٍ لَمْ يُكْتَبْ مِنَ الْغَافِلِينَ وَمَنْ قَامَ بِمِائَةِ آيَةٍ كُتِبَ مِنَ الْقَانِتِينَ وَمَنْ قَامَ بِأَلْفِ آيَةٍ كُتِبَ مِنَ الْمُقَنْطَرِينَ (رواه أبوداؤد وابن حبان 2572

जसले रातिको नमाजमा दस आयत पढ्यो भने त्यो लापर्वाहहरु मध्ये उल्लेख हुँदैन, र जसले एक सय आयत पढ्यो भने त्यो उपासकहरु मध्ये उल्लेख हुन्छ, र जसले एक हजार आयत पढयो भने त्यो किन्तार बराबर पुरस्कार पाउने व्यक्तिहरु मध्ये उल्लेख हुन्छ । (अबू दाऊद १३९८)

रातिको नमाज भन्नाले इशा पछि पढिएको नफिल नमाज बुझिन्छ, र त्यो जति ढिलो हुन्छ त्यसको पुरस्कार पनि त्यति नै ठुलो हुन्छ, तसर्थ यति सानो कार्यको यति ठुलो पुण्यलाई गुमाउने प्रयास नगर्नु, कम्तिमा इशा नमाज पछि को सुन्नत र वित्रको नमाज अनिवार्य रुपले पढ्ने गर्नु ।

## छैटौं कार्य : ती कार्यहरु जसको बदला रातिको नमाज जस्तै हुन्छ

अल्लाहको नजीक नमाजको स्थान सबभन्दा महान र ठुलो छ, र त्यस मध्ये अनिवार्य नमाजहरु बाहेक सबभन्दा विशेष र महान रातिको नमाज हो, त्यसको विशेषता यो हो कि त्यो मात्र पापलाई मेटाउदैन बरु पापबाट बचाउँछ, किन भने अबूओमामा अलबाहिली ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

عَلَيْكُمْ بِقِيَامِ اللَّيْلِ ، فَإِنَّهُ دَأْبُ الصَّالِحِينَ قَبْلَكُمْ ، وَهُوَ قُرْبَةٌ إِلَى رَبِّكُمْ ، وَمَكْفَرَةٌ لِلسَّيِّئَاتِ وَمَنْهَاةٌ لِلإِثْمِ» (رواه الترمذي 3549 وقال الألباني في صحيح الترغيب والترهيب : حسن لغيره 624)

तिमीहरु रातिमा नमाज पढने गर, किन भने त्यो सत्कर्मीहरुको तरिका हो , यस द्वारा अल्लाह सित निकटता प्राप्त हुन्छ, पाप मेटिन्छ, र पापबाट सुरक्षा प्राप्त हुन्छ । (तिर्मिजी ३५४९)
अहिले सम्म हाम्रो पुर्वजहरु संधै रातिको नमाज पढ्ने गर्थे, तर आजको समयमा अधिकतम व्यक्तिहरुको जीवनमा रात पनि दिन जस्तै भइसकेको छ, उनीहरुले अल्लाहलाई गुहारने समय बर्बाद गरि सकेका छन, बरु फज्रको नमाज पनि छाडिरहेका छन ।
अल्लाहले आफ्नो कृपाले आफ्नो सेवकहरुलाई यस्ता स साना कार्यहरुको जानकारी दिनु भएकोछ जसको पुरस्कार रातिको नमाज जस्तै छ, तसर्थ जसको रात्रिको नमाज छुट्यो अथवा पढ्न पाएन भने त्यसले यस्तो कार्यहरु छोडनु हुदैन, किन भने यस प्रकार कर्मको तराजू भारी हुन्छ, यसको अर्थ यो होइन कि रातिको नमाज छोडन पाइन्छ, हाम्रो बिगतका धर्मवृद्धहरुले पनि यस्तो बुझेका छैनन् बरु उनीहरुले त हरेक प्रकारको पुण्यमा मानिसहरुलाई प्रेरित गर्ने प्रयास गर्नु हुन्थे ।
यस्ता व्यक्तिहरु जुन् रातिमा उठेर नमाज पढ्न सक्दैनन् भने उनीहरुका लागि नबी ﷺ ले केहि यस्तै आसान र सजिलो कार्यहरु बताउनु भएकोछ, ताकि हामी पुण्य तिर प्रेरित होउँ र हाम्रो कर्ममा बृद्धि होस, अबू ओमामा अलबाहिली رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:
مَنْ هَالَهُ اللَّيْلُ أَنْ يُكَابِدَهُ، أَوْ بَخِلَ بِالْمَالِ أَنْ يُنْفِقَهُ، أَوْ جَبُنَ عَنِ الْعَدُوِّ أَنْ يُقَاتِلَهُ، فَلْيُكْثِرْ مِنْ سُبْحَانَ اللَّهِ وَبِحَمْدِهِ، فَإِنَّهَا أَحَبُّ إِلَى اللَّهِ مِنْ جَبَلِ ذَهَبٍ يُنْفِقُهُ فِي

سَبِيلِ اللَّهِ عَزَّ وَجَلَّ» (رواه الطبراني في الكبير 7795 وقال الألباني في صحيح الترغيب والترهيب: صحيح لغيره 1541)

जसलाई रातिमा जाग्नु सम्भव छैन, वा दान पुण्य गर्न सक्दैन, वा शत्रुसंग भिडन्त गर्न सक्दैन् भने त्यसले अधिक भन्दा अधिक **सुब्हानल्लाहि व बिहम्दिहि** भन्नु पर्छ, किन भने त्यो अल्लाहको नजिक सुन्को पहाड भन्दा अधिक प्रिय छ जुन् अल्लाहको बाटोमा खर्च हुनेछ। (तबरानी ७७९५)

यहाँ म केहि यसतो हदीसहरु बयान गर्नेछु जसको माध्यमले हाम्रो रसूल मुहम्मद ﷺ ले धेरै महान र गुणस्तरीय कार्यहरुको चर्चा गर्नु भएको छ ताकि हाम्रो पुण्यमा बृद्धि होस र हाम्रो कर्मको तराजू वजनशील होस, तसर्थ हामीले त्यसको अनुसरण गर्नु पर्छ, त्यस मध्ये केहि महत्वपुर्ण कार्यहरु यस प्रकार छन्।

## (१) इशा र फज्रको सामुहिक नमाज पढ्नु

उसमान बिन अफ्फान ﵁को हदिसमा छ कि रसूल ﷺले भन्नु भयो:

مَنْ صَلَّى الْعِشَاءَ فِى جَمَاعَةٍ كَانَ كَقِيَامِ نِصْفِ لَيْلَةٍ وَمَنْ صَلَّى الْعِشَاءَ وَالْفَجْرَ فِى جَمَاعَةٍ كَانَ كَقِيَامِ لَيْلَةٍ » (رواه ومسلم 656 وأبوداؤد واللفظ له 555

जसले इशाको नमाज सामुहिक रुपले पढ्यो भने त्यो आधि रात सम्म नमाज पढ्ने जतिको पुण्य प्राप्त गर्यो र यदि कसैले इशा र फज्र दुवै नमाज सामुहिक रुपले पढ्यो भने त्यो पुरै राति नमाज पढ्नेवाला जस्तै हुन्छ। (मस्लिम ६५६, अबू दाऊद ५५५)

तसर्थ अनिवार्य नमाजहरु सामुहिक रुपले मस्जिदमा पढ्ने प्रयास गर्नु पर्छ र कुनै पनि अवस्थामा त्यो नछुटोस् यसको पनि प्रयास गर्नु पर्छ, खास गरि इशा र फज्रको नमाज, किन भने

मोनाफिकहरुका लागि त्यो सब भन्दा गाह्रो नमाज हो, तर यदि उनीहरुलाई यो थाहा भइहालोस कि यसमा के फाइदा राखिएको छ भने त्यसमा उपस्थित हुनका लागि घिर्साएर पनि आउने प्रयास गर्नथाल्छन, र त्यसको फाइदा मध्ये एउटा यो पनि छ कि त्यस मध्ये हरेकको पुण्य आधि रात सम्म नमाज पढ्ने जस्तो छ ।

## (२) जुहर नमाज भन्दा पहिले चार रकात नमाज पढ्नु

अबू सालेह رحمه الله को मरफुअ र मुरसल वृत्तान्तमा छ कि रसूल ﷺ ले भन्नु भयो:

**أَرْبَعُ رَكْعاتٍ قَبْلَ الظُّهْرِ يَعْدِلْنَ بِصَلاةِ السَّحَرِ»** (رواه ابن أبي شيبة 5940 وحسنه الألباني في سلسلة الصحيحة 1431)

जुहर भन्दा पहिलाको चार रकात रातिको अन्तिम समयको नमाज जस्तो हुन्छ । (मुसन्नफ इब्न अबी शैबा ५९४०)

यसको विशेषता यो हो कि यसका लागि आकाशको ढोका खोलिन्छ, र त्यसको प्रमाणमा अबू ऐयूब अल अन्सारीको हदीस छ जसमा नबी ﷺ ले भन्नु हुन्छ:

**أَرْبَعٌ قَبْلَ الظُّهْرِ تُفْتَحُ لَهُنَّ أَبْوَابُ السَّمَاءِ »** (رواه أبوداؤد 3128 والترمذي في الشمائل، وقال الألباني في صحيح الترغيب والترهيب: حسن لغيره 585)

जुहर भन्दा पहिलाको चार रकातका लागि आकाशको ढोका खुलि हाल्छन् । (अबू दाऊद ५८५)

यसै कारण नबी ﷺ ले संधै चार रकात नमाज पढ्ने प्रयास गर्नुहुन्थ्यो, र कहिल्यै पनि छोडनु हुँदैन्थे बरु यदि कुनै कारणले त्यो छुटिहाल्थ्यो भने नमाज पछि त्यसलाई कजा गर्नुहुन्थ्यो, हजरत आइशा رضي الله عنها ले भनेकि छिन्:

كَانَ إِذَا لَمْ يُصَلِّ أَرْبَعًا قَبْلَ الظُّهْرِ ، صَلَّاهُنَّ بَعْدَهَا– وَ فِيْ رِوَاْيَةٍ لِلْبَيْهَقِيْ أَنَّهَاْ قَاْلَتْ: كَاْنَ إِذَاْ فَاْتَه الْأَرْبَعُ قَبْلَ الْظُهْرِ صَلَّاْهَاْ بَعْدَ الْظُهْرِ» (رواه الترمذي واللفظ له 426 والبيهقي ، وحسنه الألباني في صحيح الترمذي 350)

रसूल ﷺ जुहर भन्दा पहिला चार रकात नमाज पढ्न न पाएको बेला त्यसलाई जुहर पछि पढ्नुहुन्थे, (तिर्मिजी ३५०)

बैहकीको रेवायतमा छ कि उहाँले भनेकि छिन ( रसूल ﷺ द्वारा यदि जुहर भन्दा पहिलाको चार रकात छुटिहाल्थ्यो भने जुहर पछि त्यसलाई पढ्नु हुन्थ्यो ।

तसर्थ यदि त्यो चार रकात नमाज छुट्यो अथवा शिक्षकहरु जसता व्यक्तिहरुले व्यस्तताका कारण पढ्न पाएनन् भने काम समाप्त भए पछि घर फर्केर पढ्नुमा कुनै आपत्ति छैन ।

## (३) इमाम संग पुरा तरावीहको नमाज पढ्नु

अबूजर ؓ द्वारा वृत्तान्त छ, उहाँले भन्नु भयो:

صُمْنَا مَعَ رَسُولِ اللَّهِ صلى الله عليه وسلم رَمَضَانَ فَلَمْ يَقُمْ بِنَا شَيْئًا مِنَ الشَّهْرِ حَتَّى بَقِيَ سَبْعٌ فَقَامَ بِنَا حَتَّى ذَهَبَ ثُلُثُ اللَّيْلِ فَلَمَّا كَانَتِ السَّادِسَةُ لَمْ يَقُمْ بِنَا فَلَمَّا كَانَتِ الْخَامِسَةُ قَامَ بِنَا حَتَّى ذَهَبَ شَطْرُ اللَّيْلِ فَقُلْتُ يَا رَسُولَ اللَّهِ لَوْ نَفَّلْتَنَا قِيَامَ هَذِهِ اللَّيْلَةِ قَالَ فَقَالَ إِنَّ الرَّجُلَ إِذَا صَلَّى مَعَ الإِمَامِ حَتَّى يَنْصَرِفَ حُسِبَ لَهُ قِيَامُ لَيْلَةٍ » (رواه أبوداؤد واللفظ له 1375 والترمذي 806 والنسائي 1364 وصححه اللباني

हामीहरुले रसूल ﷺ संग रमजानको बर्त बसें, महिना भर उहाँले तरावीहको नमाज पढाउनु भएन तर जब मात्र सात दिन बाँकि थियो त उहाँले हामीहरु सँगलाई तेहाइ रात सम्म नमाज पढाउनु भयो, फेरि जब छ दिन बाँकि थियो त उहाँले नमाज पढाउनु

भएन, र जब पाँच दिन बाँकि भयो त आधि रात सम्म नमाज पढाउनु भयो, मैले सोधें कि हे अल्लाहको रसूल ! यदि हामी आजको पुरै राति नमाज पढ्थियौं भने कति राम्रो हुन्थ्यो ? त उहाँले भन्नु भयो यदि कसैले इमामसँग अन्त सम्म नमाज पढ्यो भने त्यसले पुरै राति नमाज पढ्ने जस्तो उल्लेख हुन्छ अर्थात त्यसलाई पुरै रात्रि नमाज पढनुको पुण्य प्राप्त हुन्छ । (अबू दाऊद १३७५ तिर्मिजी ८०६)

रमजानको महिनामा यस बारे हरेक मस्जिदका इमामहरु आफ्नो आफ्नो मस्जिदमा भन्दै गर्छन् , मानिसहरुलाई इमामसँग अन्त सम्म तरावीह पढ्नका लागि प्रेरित गरिरहेका हुन्छन् , तर पनि कति मानिसहरु अलछि भएर त्यसलाई छोडि दिन्छन् जो कि रमजानको उत्कृष्ट उपहार हो जस बारे नबी ﷺले भन्नु भएको छ

مَنْ قَامَ رَمَضَانَ إِيمَانًا وَاحْتِسَابًا غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ» (رواه والبخاري 37 ومسلم 759

जसले रमजानको महिनामा ईमानका साथ र पुण्यको आशामा तरावीहको नमाज पढ्यो भने त्यसको पछिलो सबै पापहरु माफ भइहाल्छन् । (बुखारी ३७ मुस्लिम ७५९)

“लैलतुल कद्र” अर्थात गौरवको रातिको पनि यही हाल हो, त्यसमा पढेको नमाज एक हजार महिना सम्म पढेको नमाज भन्दा अधिक उत्तम छ, अल्लाह तआलाले भन्नु भएको छः

لَيْلَةُ الْقَدْرِ خَيْرٌ مِنْ أَلْفِ شَهْرٍ [القدر:٣]

“लैलतुल कद्र” अर्थात कद्रको राति एक हजार महिना भन्दा उत्तम छ ।

तर यस्तो व्यक्तिहरु प्रति धेरै आश्चर्य हुन्छ जुन् यति ठुलो र महान रात्रि संग असावधान र बेवासता भइ बसीरहेका हुन्छन् ।

## (४) रातिमा सय आयत पढ्ने

तमीम अद्दारी ﵁ को हदिसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

مَنْ قَرَأَ بِمِئَةِ آيَةٍ ، فِي لَيْلَةٍ ، كُتِبَ لَهُ قُنُوتُ لَيْلَةٍ» (رواه الدارمي 3450 وصححه الألباني في صحيح الجامع 6468)

जुन सुकै व्यक्तिले रातिमा सय आयत पढ्छ भने त्यसले पुरै राति कुनूत गरेको हो भने उल्लेख हुन्छ अर्थात पुरै राति नफिल नमाजको पुण्य प्राप्त हुन्छ । (दारमी ३४५०)

सय आयत पढ्नु एकदमै सजिलो छ त्यसको लागि अधिक समय चाहिदैन बरु मात्र दस मिनट् चाहिन्छ, यदि समय कम छ भने सूरहः साफ्फातको शुरुको चार पाना वा सूरहः कलम र सूरहः अल्हाक्क पढेर पनि यो विशेषता प्राप्त गर्ने सम्भव छ ।

र यदि रातिमा पढ्न पाएन भने अलछि नमान्ने बरु फज्र र जुहर बीच पढ्ने, यदि अल्लाहले चाहनु भयो भने त्यसको पुरस्कार अवश्य प्राप्त हुन्छ, उमर बिन खत्ताब ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

مَنْ نَامَ عَنْ حِزْبِهِ أَوْ عَنْ شَيْءٍ مِنْهُ فَقَرَأَهُ فِيمَا بَيْنَ صَلاَةِ الْفَجْرِ وَصَلاَةِ الظُّهْرِ كُتِبَ لَهُ كَأَنَّمَا قَرَأَهُ مِنَ اللَّيْلِ (رواه مسلم واللفظ له 747 والترمذي 581 والنسائي 1790

जसले निन्द्राको कारण रातिमा नियमित रुपले पढ्दै आएको कुरआन पढेन अथवा जति पढ्ने गर्थ्यो त्यति पढ्न पाएन भने यदि फज्र र जुहरको बीचमा पढ्यो भने रातिमा पढ्ने जस्तै हुन्छ । (मुस्लिम ७४७ तिर्मिजी ५८१ नसई १७९०)

मुबारकपुरी رحمه الله ले भन्नु हुन्छन हदीसमा यस कुराको प्रमाण छ कि रातिको समयमा कुनै प्रार्थना खास गर्नु जायज छ, र यदि कुनै कारणले रातिमा छुट्यो भने त्यसलाई कजा गर्नु पनि जायज छ र यदि फज्र र जुहरको बीचको समयमा अदा गर्यो भने रातिमा अदा गर्ने जस्तै हुन्छ, मुस्लिम र तिर्मिजीमा हजरत आइशाको यो हदीस आएको छ कि नबी ﷺ निन्द्रा वा पिडाको कारणले यदि रातिमा तहज्जुदको नमाज पढ्न पाउथेनन् भने दिनमा बारह रकात नमाज पढ्नु हुन्थ्यो

(تحفة الأحوذي بشرح جامع الترمذي للمباركفوري) यस हदीसले तपाई भित्र नियमित रुपमा कुरआन पढ्ने इच्छा जगाउँछ, खास गरि रातिमा ।

के तपाईलाई थाहा छैन कि नबी ﷺ ले हामीहरुलाई प्रत्येक राति कम्तिमा दस आयत पढ्नको लागि लोभ्याउनु भएका छन्, ताकि हाम्रो गिन्ती लापर्वाहहरुमा नहोस, अब्दुल्लाह बिन अमर बिन अलआस رضي الله عنهما को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

مَنْ قَامَ بِعَشْرِ آيَاتٍ لَمْ يُكْتَبْ مِنَ الْغَافِلِينَ وَمَنْ قَامَ بِمِائَةِ آيَةٍ كُتِبَ مِنَ الْقَانِتِينَ وَمَنْ قَامَ بِأَلْفِ آيَةٍ كُتِبَ مِنَ الْمُقَنْطَرِينَ (رواه أبوداؤد 1398

जसले रातिको नमाजमा दस आयत पढ्छ भने त्यो लापर्वाहहरु मध्ये उल्लेख हुँदैन, र जसले एक सय आयत पढ्छ भने त्यो उपासकहरु मध्ये उल्लेख हुन्छ, र जसले एक हजार आयत पढि लिन्छ भने त्यो किन्तार बराबर पुरस्कार पाउने व्यक्तिहरु मध्ये उल्लेख हुन्छ । (अबू दाऊद १३९८)

त के हामी कुरआन पढ्ने प्रयास गर्छौं ? मात्र रमजानको महिनामा कुरआन समाप्त गरेर हामीले सन्तुष्ट हुनु पर्दैन बरु हामीले साल भरि संधै कुरआन पढ्नु पर्छ, यदि हामीले रात भर नमाज पढ्नको इनाम पाउनका लागि प्रत्येक दिन सय आयत पढ्छौं भने यो एउटा यस्तो राम्रो कुरो हुन्छ जस कारण संधै कुरआन पढ्ने हाम्रो बानी भइहाल्छ ।

## (५) रातिमा सुरहः बकरहको अन्तिम दुई आयत पढ्नु

अबू मसऊद ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

«مَنْ قَرَأَ بِالْآيَتَيْنِ مِنْ آخِرِ سُورَةِ الْبَقَرَةِ فِي لَيْلَةٍ كَفَتَاهُ» (رواه البخاري واللفظ له 5010 ومسلم 807

जुन सुकै व्यक्तिले रातिमा सुरहः बकरहको अन्तिम दुई आयत पढ्छ भने त्यो दुई आयत त्यसको लागि प्रयाप्त हुन्छ । (बुखारी ५०१० मुस्लिम ८०७)

इमाम नव्वी رحمه الله ले भन्नु भयो प्रयाप्त हुनको अर्थ कसैले यो भनेका छन कि रातिमा नमाज पढ्नु जस्तो हुन्छ, कसैले यो भनेका छन कि शैतानबाट बचाउँछ, त कसैले यो भनेका छन कि दुःखबाट बचाउँछ, र यो सबै अर्थ सम्भव छन्

(صحيح مسلم بشرح النووي )

इब्ने हजर رحمه الله ले पनि यस कुरा प्रति सहमति जनाउनु भएको छ र भन्नु भएको छ «अल्लहलाई नै राम्री थाहा छ तर म के भन्छु भने त्यसमा त्यो सबै अर्थको सम्भावना छ, पहिलो अर्थको पक्षमा त हदीसमा स्पष्ट लेखिएको छ कि जुन् सुकै व्यक्ति सूरहः बकरहको अन्तिम आयत पढ्छ भने त्यो राति भरी नमाज पढ्ने जस्तो उल्लेख हुन्छ»

(فتح الباري بشرح صحيح البخاري لإبن حجر العسقلاني )

यो दुई आयत पढ्नु एकदमै सजिलो छ, र अल्लाहको कृपाले धेरै मानिसहरुलाई यो कण्ठ पनि भएको हुन्छ तसर्थ एउटा मुस्लिमको लागि उचित यही हुन्छ कि प्रत्येक राति त्यो पढ्ने गरोस, तर सजिलो हुनको कारण मात्र त्यही पढ्ने र त्यस बाहेक अरु हरेक कार्य जसका ईनाम राति भरी नमाज पढ्ने जस्तो छ त्यसलाई छोडिदिने पनि उचित छैन, एउटा मोमिनको चाहना यहि हुन्छ कि अधिक भन्दा अधिक पुण्य जम्मा गर्ने प्रयास गरोस्, किन भने उसलाई यो पनि थाहा हुदैन कि कुन कार्य चाहिं स्वीकार हुन्छ र कुन कार्य स्वीकार हुदैन ।

अब्दुल्लाह बिन उमैर رحمه الله ले भन्नु भएको छ कि «अल्लाहको अनुशरणको विषयमा कमजोर र कायरहरु जस्तो थोरैमा सन्तोष नगर बरु लोभी र साहसी जस्तो प्रयास गर»

## (६) महान चरित्र

आइशा रजियल्लाहु अन्हाले भनेकि छिन कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु:

إِنَّ الْمُؤْمِنَ لَيُدْرِكُ بِحُسْنِ خُلُقِهِ دَرَجَاتِ قَائِمِ اللَّيْلِ صَائِمِ النَّهَارِ» (رواه أبوداؤد 4798

मोमिन आफ्नो महान चरित्र द्वारा राति भरी नमाज पढ्ने र दिन भरी रोजा राख्नेहरुको दर्जा प्राप्त गरिहाल्छ। अबू दाऊद ४७९८)

शमसुद्दीन अजिमाबादी رحمه الله ले भन्नु भएको छ «राम्रो चरित्रको व्यक्तिलाई यति ठुलो पुरस्कार यस कारण प्रदान भएको छ कि रोजा र नमाज पढ्ने व्यक्तिलाई त आफु भित्र नै संघर्ष गर्नु पर्छ जबकि राम्रो चरित्रको व्यक्तिलाई सबै संग संघर्ष गर्नु

पर्छ किन भने सबैको चरित्र र स्वभावमा फरक हुन्छ र यस कारण राम्रो चरित्रको व्यक्ति रोजा र नमाज पढ्नेहरुको दर्जा पाउँछ बरु सायद उनीहरु भन्दा पनि अधिक दर्जा पाउँछ»

(عون المعبود شرح سنن أبي داؤد لشمس الحق عظيم آبادي)

राम्रो चरित्रको अर्थ यो हो कि मानिसहरु संग उच्च व्यवहार गर्ने र उनीहरुलाई दु:ख र पिडा नदिने ।

कुनै मान्छेलाई ईमान बाहेक अरु कुनै राम्रो गुण दिइएको छ भने त्यो राम्रो चरित्र हो, नबी ﷺ ले अल्लाह सित राम्रो चरित्रको प्रार्थना गर्नुहुन्थ्यो, जाबिर बिन अब्दुल्लाह رضي الله عنه को हदीसमा छ कि नबी ﷺ जब नमाज शुरु गर्नु हुन्थ्यो त अल्लाहु अकबर भन्नु हुन्थ्यो र त्यस पछि यो भन्नु हुन्थ्यो :

إِنَّ صَلاَتِي وَنُسُكِي وَمَحْيَايَ وَمَمَاتِي لِلهِ رَبِّ الْعَالَمِينَ لاَ شَرِيكَ لَهُ وَبِذَلِكَ أُمِرْتُ وَأَنَا مِنَ الْمُسْلِمِينَ ، اللَّهُمَّ اهْدِنِي لأَحْسَنِ الأَعْمَالِ ، وَأَحْسَنِ الأَخْلاَقِ ، لاَ يَهْدِي لأَحْسَنِهَا إِلاَّ أَنْتَ ، وَقِنِي سَيِّئَ الأَعْمَالِ ، وَسَيِّئَ الأَخْلاَقِ ، لاَ يَقِي سَيِّئَهَا إِلاَّ أَنْتَ»

(رواه مسلم 771 والنسائي واللفظ له 897 وابوداؤد760

मेरो नमाज, र मेरो सबै उपासना , मेरो जीवन र मृत्यु निश्चित रुपले सबै अल्लाहकै लागि हुन् जो सम्पूर्ण ब्रहमाण्डको स्वामी हुन, कोही पनि उनको साझेदार छैन, र मलाई यही कुराको आदेश दिइएको छ र म आज्ञापालकहरु मध्ये पहिलो हुँ, हे अल्लाह ! मलाई राम्रो कर्म र राम्रो चरित्र तिर लगाइदिनु, तपाई बाहेक अरु कोहि त्यस तिर लगाउने वाला छैन, मलाई नराम्रो कर्म र नराम्रो चरित्रबाट बचाउनु, तपाईबाहेक अरु कोहि त्यसबाट बचाउने वाला छैन । (मुस्लिम ७७१ नसई ८९७)

रसूल ﷺ जहिले पनि आफुलाई ऐनामा हेर्थे त यस्तै गर्थे, इब्ने मसऊद رضي الله عنه ले भन्नु भएको छः

كَانَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ إِذَا نَظَرَ فِي الْمِرْآةِ، قَالَ اَللهُمَّ كَمَاْ حَسَّنْتَ خَلْقِيْ فَحَسِّنْ خُلُقِيْ» صحيح الجامع 1307)

रसूल ﷺ जहिले पनि आफुलाई ऐनामा हेर्नु हुन्थ्यो त भन्नु हुन्थ्यो "अल्लाहुम्म कमा हस्सन्त खलक़ी फहस्सिन खुलक़ी" हे अल्लाह! तपाईले जस्तो मलाई राम्रो शरीर प्रदान गर्नु भएको छ त्यस्तै मलाई राम्रो चरित्र पनि प्रदान गरिदिनुस् ।(सहीहुल जामिय १३०७)

उच्च आचरणको व्यक्ति प्रलोकमा रसूल ﷺ सित सबभन्दा नजिक र प्रिय हुन्छ, जाबिर رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

إِنَّ مِنْ أَحَبِّكُمْ إِلَيَّ وَأَقْرَبِكُمْ مِنِّى مَجْلِساً يَوْمَ الْقِيَامَةِ أَحَاسِنُكُمْ أَخْلاَقًا» (رواه الترمذي 2018 وصححه الألباني

प्रलोकमा म सँग अधिक नजिक र प्रिय त्यो हुन्छ जसको चरित्र राम्रो हुन्छ । तिर्मिजी २०१८)

अल्लाह तआलाले राम्रो चरित्रको व्यक्तिहरुलाई सम्मानित र पुरस्कृत गर्नको लागि स्वर्गको अग्लो ठाउँमा दरबार बनाउँछन, अबू ओमामा अल बाहिली رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

أَنَا زَعِيمٌ بِبَيْتٍ فِى رَبَضِ الْجَنَّةِ لِمَنْ تَرَكَ الْمِرَاءَ وَإِنْ كَانَ مُحِقًّا وَبِبَيْتٍ فِى وَسَطِ الْجَنَّةِ لِمَنْ تَرَكَ الْكَذِبَ وَإِنْ كَانَ مَازِحًا وَبِبَيْتٍ فِى أَعْلَى الْجَنَّةِ لِمَنْ حَسَّنَ خُلُقَهُ

(رواه أبوداؤد واللفظ له 4800 والبيهقي 20965 والطبراني في الكبير 7488

म स्वर्गको किनारमा एउटा घरको जिम्मेवारी स्वीकार गर्छु उसको लागि जो सच्चा भएपनि झगडा गर्दैन्, र स्वर्गको बीचमा एउटा घरको जिम्मेवारी स्वीकार गर्छु उसको लागि जो हाँसी गर्दा पनि झुटो कुरो भन्दैन्, र स्वर्गको अग्लो ठाउँमा एउटा घरको जिम्मेवारी स्वीकार गर्छु उसको लागि जो आफ्नो चरित्रलाई राम्रो पारेको छ । (अबू दाऊद ४८०० बैहकी २०९६५ तबरानी ७४८८)

त्यसतै यो पनि उचित छैन कि बाहिरको मानिसहरु संग राम्रो व्यवहार गर्ने र आफ्नो नजिकी नातेदारहरुलाई बिर्सिहाल्ने, बरु आफ्नो नातेदारहरु सँग पनि राम्रो व्यवहार गर्नुपर्छ बरु यसमा अरु धेरै ध्यान दिनु पर्छ, त्यस अन्तरगत आमा बुवा र परिवारको हरेक व्यक्ति आउँछन, कति व्यक्तिहरु बाहिर मानिसहरु सँग एकदमै मिलन्सार र खुला मनको हुन्छन तर आफ्नो परिवारहरु सँग एकदमै त्यसका उल्टो हुन्छन ।

## (७) विधवा र गरिबको सहायता गर्ने

अबू हुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भएको छ:

السَّاعِي عَلَى الْأَرْمَلَةِ وَالْمِسْكِينِ كَالْمُجَاهِدِ فِي سَبِيلِ اللَّهِ أَوْ الْقَائِمِ اللَّيْلِ الصَّائِمِ النَّهَارِ

(رواه البخاري واللفظ له 5353 ومسلم 2982

विधवा र गरिबको सहयोगी धर्म योद्धा जस्तो वा रातिमा नमाज पढ्ने र दिनमा रोजा व्रत बस्नेवाला जस्तो छ । (बुखारी ५३५३ मुस्लिम २९८२)

यति ठुलो पुरस्कारको प्राप्ति यस प्रकार पनि सम्भव छ कि यदि तपाईले कुनै गरिबलाई सहयोग गर्न चाहनु हुन्छ भने त्यसको कागजात समाज सेवा संसथामा दर्ता गराइदिनुस् ताकि

उनीहरुले त्यसको परिस्थिती माथि बिचार गरुन् र उसको अवश्यक्तालाई पुरा गरुन् ।
त्यस्तै कुनै विधवाको सेवा गरेर पनि यति ठुलो पुरस्कार पाउनु सम्भव छ, विधवा भनेको त्यो हो जसको श्रीमानको मृत्यु भइसकेको हो, तसर्थ त्यसको अवश्यक्ता पुरा गर्नु, कुनै गाह्रो काम छैन किन भने यदि तपाई आफ्नो नातेदारहरुमै खोजी गर्छौं भने कति यसता महिलाहरु फेला पर्छिन् जसको श्रीमान बितिसकेका छन् जस्ता कि फुफि, सानी आमा, हजुरआमा, तसर्थ उनीहरुको सेवा गर्नु , अवश्यक सामानहरु खरिद गरिदिनु र यस प्रकार तपाईले धर्म युद्धको पुरस्कार र राति भरी नमाज पढ्नको पुण्य प्राप्त गर्न सक्नु हुन्छ

## (८) शुकवारको  नितीशास्त्रहरु माथि ध्यान दिनु

हजरत औस बिन औस ﵁ ले भन्नु हुन्छन कि मैले रसूल ﷺ लाइ भन्दै सुनेकोछु:

مَنْ غَسَّلَ يَوْمَ الْجُمُعَةِ وَاغْتَسَلَ ثُمَّ بَكَّرَ وَابْتَكَرَ وَمَشَى وَلَمْ يَرْكَبْ وَدَنَا مِنَ الإِمَامِ فَاسْتَمَعَ وَلَمْ يَلْغُ كَانَ لَهُ بِكُلِّ خُطْوَةٍ عَمَلُ سَنَةٍ أَجْرُ صِيَامِهَا وَقِيَامِهَا

(رواه الترمذي 496 وأبوداؤد واللفظ له 345 والنسائي1381

जसले शुकवारको दिन स्नान गर्यो र छिटो मस्जिदमा गयो र मस्जिद जाँदा कुनै सवारी प्रयोग गरेन बरु हिंडदै गयो र इमामको नजिक भई बस्यो र मस्जिदमा कुनै व्यर्थ कुरा गरेन भने त्यसले हरेक कदमको बदलामा एकबर्षको पुण्य पाउँछ अर्थात सालभरीको रोजा र नमाजको पुण्य त्यसलाई प्राप्त हुन्छ । ( तिर्मिजी ४९६ अबू दाऊद ३४५ नसई १३८१)

तसर्थ यी सबै नियमका साथ शुक्रवारको दिन नमाजका लागि उठाइएको एक कदमको इनाम मात्र एक रीत वा एक सप्ताह वा एक महिनाको रातिको नमाज बराबर होइन बरु एक वर्षको बराबर हुन्छ, हेर्नुस् त यसको कति ठुलो पुरस्कार छ ।

यी नियमहरु यस प्रकार छन् कि शुक्रवारको दिन स्नान गर्ने, मस्जिद तिर छिटो हिंडने, र खुट्टामा हिंडदै जाने, अन्तिम पंक्तिमा नबस्ने बरु इमाम सित नजिक भएर बस्ने, इमामको सम्बोधन लाई ध्यान दिए र सुन्ने, र त्यस बीच कुनै मुर्खता पुर्वक व्यर्थको कुरा नगर्ने ।

हामीलाई थाहा हुनु पर्छ कि सम्बोधनको समयमा गरिएको कुनै पनि मुर्खता पुर्वक कार्य व्यर्थको कुरा हुन्छ, र जसले व्यर्थको कुरा गर्छ भने त्यसको जुमा अर्थात शुक्रवारको नमाज हुंदैन, र जसले ढुँगा कंकर संग खेल्छ भने त्यसले व्यर्थको कार्य गर्छ, र जसले आफ्नो साथीलाई अथवा आफ्नो छोरालाई चुप्प लाग भन्छ भने त्यसले व्यर्थको कुरा गर्छ, र जसले आफ्नो माला संग वा आफ्नो मोबाइलसंग खेल्छ भने त्यसले पनि व्यर्थको कुरा गर्छ ।

तसर्थ कुनै पनि अवस्थामा जुमाका नियमहरुको उलंघन गर्नु मिल्दैन ताकि यति ठुलो पुरस्कार र इनाम नछुटिहालोस् जसले गर्दा तपाईको कर्मको तराजूको वजन भारी हुनेछ र बार्षा बर्ष सम्म रातिभर नमाज पढ्नको इनाम प्राप्त हुन्छ ।

## (९) एक दिन र एक राति सीमा सुरक्षमा बस्नु

सलमान अल फारसी ﷛ ले भन्नु भएको छ कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु:

رِبَاطُ يَوْمٍ وَلَيْلَةٍ خَيْرٌ مِنْ صِيَامِ شَهْرٍ وَقِيَامِهِ وَإِنْ مَاتَ جَرَى عَلَيْهِ عَمَلُهُ الَّذِى كَانَ يَعْمَلُهُ وَأُجْرِىَ عَلَيْهِ رِزْقُهُ وَأَمِنَ الْفَتَّانَ » (رواه الإمام البخاري 2892 ومسلم واللفظ له 1913 والنسائي 3168)

एक दिन र एक रातिका लागि सीमा सुरक्षामा बस्नु एक महिनाको रोजा र एक महिनाको रात्रिको नमाज भन्दा अधिक उत्तम छ , यदि यस बीच त्यसको मृत्यु भइहाल्छ भने त्यसको कर्म र त्यसको जिवीका जारी रहने छ र त्यसले कबरको यातना बाट मुक्ति पाई हाल्छ । (बुखारी २८९२ मुस्लिम १९१३)

## (१०) रातिमा उठेर नमाज पढ्छु भने कुरा ठानेर सुत्नु

अबु दर्दा ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ أَتَى فِرَاشَهُ وَهُوَ يَنْوِي أَنْ يَقُومَ يُصَلِّي مِنْ اللَّيْلِ فَغَلَبَتْهُ عَيْنَاهُ حَتَّى أَصْبَحَ كُتِبَ لَهُ مَا نَوَى وَكَانَ نَوْمُهُ صَدَقَةً عَلَيْهِ مِنْ رَبِّهِ عَزَّ وَجَلَّ» (رواه النسائي 1787 وابن ماجة 1344 وحسنه الألباني في صحيح الجامع 5941)

जसले ओछ्यानमा आउने समय यो ठान्छ कि रातिमा उठेर म नमाज पढ्छु तर रातिमा उठ्न सकेन बरु बिहान सम्म सुति हाल्यो भने त्यसले जे ठानेको थियो त्यहि उल्लेख हुन्छ र त्यसको लागि निंद्रा चाहिं अल्लाहको कृपा र वर्दान हुन्छ । (नसई १७८७ इब्न माजा १३४४)

के तपाई लाई थाहा भयो कि मन्मा ठानेको कुराको महत्व के हुन्छ ? त्यसको हैसियत कर्म जस्तै हुन्छ, र यस प्रकार हामीलाई यो पनि थाहा हुन्छ कि जसले समयमा फज्रको नमाज पढ्नुको इरादा राख्दैन र कामको समयमा वा विद्यालयको समयमा अलार्म लगाउँछ भने त्यो कति ठुलो पाप गरिरहेको छ, किन भने

त्यो व्यक्ति यस प्रकार एउटा ठुलो पाप माथि अडान लिएको छ भने कुरा बुझिन्छ, तसर्थ यदि त्यहि अवस्थामा त्यसको मृत्यु भयो भने त्यसको अन्त नराम्रो हुन्छ, तर जसले फज्रमा उठ्ने इरादा राखेको हुन्छ र त्यसको लागि हरेक प्रकारको प्रयास गरेर पनि उठ्न सक्दैन भने त्यस माथि कुनै आपत्ति छैन किन भने निंद्राको अवस्थामा नियमको उलंघन हुँदैन बरु उलंघन त मात्र जागिएको अवस्थामा हुन्छ ।

## (११) जुन् कार्यहरुको पुण्य रात्रिमा नमाज पढ्नु जस्तो छ त्यसको ज्ञान अरुलाई पनि दिनु

किन भने जुन कार्यहरुको पुरस्कार रातिमा नमाज पढ्नु जस्तै छ त्यसको शिक्षा अरुलाई दिनु पनि एउटा भिन्नै कार्य हो जसको पुरस्कार रातिमा नमाज पढ्नु जस्तै छ, पुण्यको मार्ग बताउने व्यक्ति त्यस्तै हुन्छ जस्तो कि पुण्य गर्ने व्यक्ति, तसर्थ राम्रो कार्यको प्रचार प्रसार गर्ने व्यक्ति बन्नुस् र यी जानकारीहरुलाई प्रकाशित गर्नुस् किन भने जति व्यक्तिहरुलाई तपाई ले त्यसको शिक्षा दिनुहुन्छ र जति व्यक्तिहरु त्यस बमोजिम कार्य गर्छन् भने ती सबैको संख्या अनुसार तपाईले पनि पुण्य पाउनु हुन्छ ।

# सातौं कार्य : कुरआन पढ्नु र कण्ठ गर्नु

जुन कुराहरुले मोमिनको कर्मको तराजूलाई वजनशील बनाइन्छ त्यस मध्ये एउटा कुरआन याद गर्नु पनि हो, किन भने जसले कुरआन याद गर्छ भने संधै त्यसलाई पढ्छ र दोहर्याउँछ, हामी सबैलाई थाहा छ कि नबी ﷺ को साथीहरु मध्ये अब्दुल्लाह बिन

मसऊद ﷺ कुरआन पढ्नको बिषयमा सबभन्दा प्रसिद्ध हुनु हुन्थ्यो, र उहाँको प्रशंसा नबी ﷺ ले यस प्रकार गर्नु भएको छः

مَنْ أَحَبَّ أَنْ يَقْرَأَ الْقُرْآنَ غَضًّا كَمَا أُنْزِلَ فَلْيَقْرَأْهُ عَلَى قِرَاءَةِ ابْنِ أُمِّ عَبْدٍ» (رواه ابن ماجة 138 وابن حبان 7076 والحاكم 2894 وصححه الألباني

जुन सुकै व्यक्तिले चाहन्छ कि कुरआन त्यसतै पढोस् जस्तो कि अवतरित भएको छ भने उम्मे अबदको छोरा जस्तै पढोस । (इब्न माजा १३८ इब्न हिब्बान ७०७६ हाकीम २८९४)

यति महान सहाबी अर्थात साथीको बारेमा रसूल ﷺ ले भन्नु भएको छ कि प्रलोकमा जब उहाँको खुट्टाको वजन हुन्छ त त्यसको वजन उहुद पवर्त भन्दा अधिक भारी हुन्छ, फेरि तपाईको बिचारमा अन्य अंगहरुको वजन चाहिं कति होला ? यस्तो किन हुन्छ भने कुरा त मात्र अल्लाहलाई नै थाहा छ तर उहाँको विशेषता यही नै थियो कि उहाँले कुरआनलाई कण्ठ गरेका थिए र त्यसलाई संधै पढ्ने गर्थिए, यस प्रकार ईमानमा बृद्धि पनि हुन्छ र कर्मको तराजू पनि वजनशील हुन्छ, तसर्थ जसले अल्लाहको किताब कण्ठ गर्छ त्यो अल्लाह वाला र उनको खास भक्तहरुमा सामिल भइहाल्छ ।

जर बिन होबैश ﷺ को हदीसमा छः

أَنَّ عَبْدَ اللهِ بْنِ مَسْعُوْدٍ كَانَ يَحْتَزُّ لِرَسُوْلِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَ سَلَّمَ سِوَاكاً مِنْ آرَاكٍ وَكَانَ فِيْ سَاقَيْهِ دِقَّةٌ فَضَحِكَ الْقَوْمُ فَقَالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَ سَلَّمَ : مَا يُضْحِكُكُمْ؟ مِنْ دِقَّةِ سَاقَيْهِ؟ وَالَّذِيْ نَفْسِيْ بِيَدِهِ إِنَّهُمَا أَثْقَلُ فِيْ الْمِيْزَانِ مِنْ أُحُدٍ رواه ابن حبان واللفظ له 7069 والحاكم 5385 والبخاري في الأدب المفرد 237 وصححه الألباني

अब्दुल्लाह बिन मसऊद ﷺ ले रसूल ﷺ को लागि अराकको दतिवन टिपदै थिए, उहाँको खुट्टा पातलो थियो, त्यो हेरेर साथीहरुले हाँसन थाले, त नबी ﷺ ले सोध्नु भयो, तिमीहरु किन हाँसदै छौं ? उनको पात्लो खुट्टाको कारण ? अल्लाहको कसम त्यो दुवै खुट्टा कर्मको तराजूमा उहुद पहाड भन्दा अधिक भारी छन् । (इब्न हिब्बान ७०६९ हाकिम ५३८५ अलअदबुल मुफ्रद २३७)

हजरत इब्ने मसऊद ﷺ ले कुरआन साह्रै मन पराउँथे, कुरआन पढ्नमा यति व्यस्त हुन्थे कि नफिल रोजा बस्ने समय पनि पाउनुहुन्थेन, तर बिचार गर्नुस कि आज हामीहरु कुन कार्यहरुमा व्यस्त छौं ?

हाफिज इब्ने रजब رحمه الله ले भन्नु हुन्छन कि इब्ने मसऊद ﷺ ले रोजा धेरै राख्दैन्नथे र भन्थे कि रोजा चाहिं मलाई कुरआन पढ्नमा बाध्यता पुर्याउँछ, र मलाई कुरआन पढ्नु साह्रै मन पर्छ, सुफियान सौरी र अरु विद्वानहरुले भन्नु भएका छन कि नफिल रोजा भन्दा अधिक उत्तम कुरआन पढनु छ ।

(لطائف المعارف فيما لمواسم العام من الوظائف للحافظ ابن رجب)

के तपाइलाई थाहा छैन कि प्रलोकमा कुरआन एउटा ठुलो सिफारिकर्ता हुन्छ ? या कुरआन तपाईको पक्षमा हुन्छ वा बिपक्षमा, या तपाईको हितमा सिफारिस गर्नेछ वा बिरोधमा, तसर्थ यसलाई यहाँ आफ्नो साथी बनाउने प्रयास गर्नुस्, किन भने प्रलोकमा काम आउने साथी त्यही हो,

बुरैदा अल असलमी ﷺ को हदीसमा छ कि रसूल ﷺले भन्नु भयो:

يَجِيءُ الْقُرآنُ يَوْمَ الْقِيَامَةِ كَالرَّجُلِ الشَّاحِبِ يَقُوْلُ لِصَاحِبِه هَلْ تَعْرِفُنِيْ أَنَاْ الَّذِيْ كُنْتُ أُسْهِرُ لَيْلَكَ وَأُظْمِيءُ هَوَاْجِرَكَ وَإِنَّ كُلَّ تَاْجِرٍ مِنْ وَرَاْءِ تِجَاْرَتِه وَأَنَاْ لَكَ الْيَوْمَ مِنْ وَرَاْءِ كُلِّ تَاْجِرٍ فَيُعْطَى الْمُلْكُ بِيَمِيْنِه وَالْخُلْدُ بِشِمَالِه وَيُوْضَعُ عَلى رَأسِه تَاْجُ الْوَقَاْرِ وَيُكْسى وَالِدَاْهُ حُلَّتَاْنِ لَاْ يُقَوَّمُ لَهُمَا الدُّنْيا وَمَاْ فِيْهَا فَيَقُوْلَاْنِ يَاْ رَبِّ أَنّى لَنَاْ هذَا فَيُقَاْلُ لَهُمَا بِتَعْلِيْمِ وَلَدِكُمَا الْقُرْآنَ وَإِنَّ صَاْحِبَ الْقُرْآنِ يُقَاْلُ لَه يَوْمَ الْقِيَاْمَةِ أقْرَأْ وَأَرْقَ فِيْ الدَّرَجَاْتِ وَرَتِّلْ كَمَاْ كُنْتَ تُرَتِّلُ فِيْ الدُّنْيَا فَإِنَّ مَنْزِلَكَ عِنْدَ آخِرِ آيَةٍ مَعَكَ» (رواه ابن ماجة 3781 والدارمي 3391 والطبراني في الأوسط واللفظ له 5764

प्रलोकमा कुरआन एउटा कमजोर व्यक्तिको रुपमा आउँछ र आफ्नो साथीसँग सोध्छ के तिमीले मलाई चिन्छौ ? म त्यही हु जसको लागि तिमी रातिमा जागने गर्थिऐ, र दिनमा ब्रत बस्ने गर्थिए, हरेक व्यापारी आफ्नो आफ्नो व्यापारको माध्यमले फाइदा उठाउँछन तर आज म तिमीलाई हरेक व्यापारी भन्दा अधिक फाइदा पुर्याउँछु, र यस प्रकार त्यसले आफ्नो दायाँ हातमा पुरस्कार र बायाँ हातमा संधै बस्ने प्रमाण पाउँछ र त्यसको टाउकोमा श्रद्धा र आदरको मुकुट लगाइन्छ, र त्यसको आमा बुवालाई दुइटा यस्तो पोशाक प्रदान गरिन्छ जसको मूल्य संसारको कुनै वस्तुले हुन सक्दैन, तब त्यसको आमा बुवाले सोध्ने छन हे मेरो पालनकर्ता ! यो किन हामीलाई प्रदान गरेको? त जवाफ दिइन्छ कि आफ्नो सन्तानलाई कुरआनको तालीम दिनको कारण, र कुरआन पढ्ने व्यक्तिलाई प्रलोकमा आदेश हुन्छ कि कुरआन पढ्दै जाउ र सिँढी चढ्दै जाउ, र संसारमा जस्तो बिस्तारै बिस्तारै पढने गर्थिए त्यस्तै पढ, र तिम्रो स्थान त्यहाँ

हुन्छ जहाँ तिम्रो अन्तिम आयत समाप्त हुन्छ । (इब्न माजा ३७८१ दारमी ३३९१ तबरानी ५७६४)

## आठौं कार्य : सदका अर्थात दान

अल्लाहको नजिक आफ्नो कर्महरुलाई बिकासित गर्ने स्रोतहरु मध्ये एउटा ठुलो स्रोत दान पनि हो किन भने अल्लाहले त्यसलाई आफ्नो असली अवस्थामा छोडदैनन् बरु त्यसमा वृद्धि गरि राख्दछन र यस प्रकार कर्मको तराजूलाई यसले साह्रै वजनशील बनाउँछ, अल्लाह तआलाले भन्नु भयो:

**يَمْحَقُ اللهُ الرِّبَا وَيُرْبِي الصَّدَقَاتِ وَاللهُ لا يُحِبُّ كُلَّ كَفَّارٍ أَثِيمٍ** [البقرة:٢٧٦]

अल्लाहले ब्याजलाई खतम गर्दछन र दानमा बृद्धि गर्दछन र अल्लाहले कुनै कृतधन् र पापीलाई प्रेम गर्दैनन् (अलबकरा २७६)

अबू हुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ تَصَدَّقَ بِعَدْلِ تَمْرَةٍ مِنْ كَسْبٍ طَيِّبٍ وَلَا يَقْبَلُ اللَّهُ إِلَّا الطَّيِّبَ وَإِنَّ اللَّهَ يَتَقَبَّلُهَا بِيَمِينِهِ ثُمَّ يُرَبِّيهَا لِصَاحِبِهِ كَمَا يُرَبِّي أَحَدُكُمْ فَلُوَّهُ حَتَّى تَكُونَ مِثْلَ الْجَبَلِ»

(رواه البخاري واللفظ له1410 ومسلم 1014

जसले आफ्नो हलाल कमाईबाट एउटा खजुरको दान गर्छ किन भने अल्लाहको नजिक मात्र हलाल कमाई स्वीकार हुन्छ, त अल्लाहले त्यसलाई आफ्नो दायाँ हातमा लिन्छन् र त्यसलाई यसरि बिकासित गर्छन जस्तो कि कोहि घोडाको बच्चाको पालन पोषन गर्छ यहाँ सम्म कि बिकास भएर त्यो पहाड जस्तो भइहाल्छ । (बुखारी १४१० मुस्लिम १०१४)

र त्यसै कारण एक रियाल पनि दान गर्नुमा कन्जुसी गर्नु हुदैन किन भने अल्लाह तआलाले त्यसलाई बिकासित गर्छन र प्रलोकमा त्यो मात्र एक रियाल हुँदैन, केहि मानिसहरु सित जब दान गर्ने प्रस्ताव पेश हुन्छ र त्यो आफु संग थोरै मात्रामा दान गर्ने क्षमता पाउँछ त त्यति कम मात्रामा दान गर्ने प्रति हिचकिचाउनु हुन्छ र लाज मान्नु हुन्छ र दानबाट पछाडि भइहाल्छ, जब कि तिनीहरुलाई यस कुराको जानकारी हुँदैन कि जे पनि दान गरिन्छ अल्लाहको नजिक त्यसमा बृद्धि हुन्छ र अल्लाह तआलाले त्यसलाई कति गुना अधिक बनाउँछन, यहाँ सम्म कि खजुर बराबरको दान पहाड जस्तो ठुलो भइहाल्छ ।

र यसै कारण मृत्युको समय कन्जुसहरुको एउटै आशा हुन्छ कि त्यसको मृत्यु अझै ढिलो भइहालोस ताकि दान पुण्य गर्न पुन मौका पाओस, सायद त्यसलाई यो महसुस भइहाल्छ कि दान पुण्य कति ठुलो कार्य हो र त्यसतो नगर्ने व्यक्तिहरुका लागि कति ठुलो सजाय र यातना छ, अल्लाह तआलाले भन्नु भएको छः

وَأَنْفِقُوا مِنْ مَا رَزَقْنَاكُمْ مِنْ قَبْلِ أَنْ يَأْتِيَ أَحَدَكُمُ الْمَوْتُ فَيَقُولَ رَبِّ لَوْلَا أَخَّرْتَنِي إِلَى أَجَلٍ قَرِيبٍ فَأَصَّدَّقَ وَأَكُنْ مِنَ الصَّالِحِينَ[المنافقون:١٠]

हामीले तिमीलाई जे पनि प्रदान गरेका छौं त्यसबाट खर्च गर यस भन्दा अगाडि कि तिमी मध्ये कसैको मृत्युको समय आइहालोस, र त्यसबेला भन्न थालोस कि हे मेरो पालनकर्ता ! अरु समय किन दिएनौं? म दान गर्थे र सदाचारी मानिसहरुमा सम्मिलित भइहाल्थें (अलमुनाफिकून १०)

तसर्थ अधिक भन्दा अधिक दान गर्ने गर किन भने तपाईको असल पुंजी त्यही हो जुन तपाईले दान गरिसकेका छौ, र जे तपाईले छाडने छौं त्यो त अरुको लागि हुन्छ, हसन अल बसरी رحمه الله ले भन्नु हुन्छन कि «प्रलोक पछुतोको समय हुन्छ, र त्यो समय सब भन्दा ठुलो पछुतो यो हुन्छ कि मानिसले चाहिं आफ्नो धन सम्पत्ति अरुको तराजूमा हेर्छ, के तपाईहरुलाई थाहा छ कि त्यो कसरी हुन्छ ? त्यो यसरी हुन्छ कि अल्लाहले कसैलाई धेरै धन सम्पत्ति प्रदान गर्नु भयो र त्यसलाई अल्लाहको बाटोमा खर्च गर्ने आदेश दिनु भयो तर त्यसले खर्च गरेन्, अन्तमा त्यसको उत्तराधिकारिहरुले त्यसको मालिक भए यस प्रकार त्यो आफ्नो धनलाई अरुको तराजूमा हेर्नेछ, बिचार गर्नुस् कति ठुलो गलती हुन्छ केहि भन्नु पनि मिल्दैन र त्यतिबेला तौबा अर्थात पश्चाताप पनि स्वीकार हुँदैन

(حلية الأولياء وطبقات الأصفياء لأبي نعيم)

शुद्ध मन्ले दान गर्ने गर, ताकि शुद्धताको कारण तपाईको इनाम र पुरस्कारमा बृद्धि होस, र कसैको मुखले धन्यवाद सुन्ने प्रतिक्षा नगर, औन बिन अब्दुल्लाह رحمه الله ले भन्नु भएको छ कि «यदि तपाईले कुनै गरिबलाई केहि दिनु भयो र त्यसले तपाईको लागि दुआ गर्यो र भन्नु भन्यो कि अल्लाह तपाईलाई उन्नति प्रदान गरुन्, त तपाई पनि त्यसको लागि दुआ गर्नुस र भन्नुस कि अल्लाह तपाईलाई पनि उन्नति र प्रगति प्रदान गरुन्, ताकि तपाईको दान शुद्ध रहोस»

(حلية الأولياء وطبقات الأصفياء لأبي نعيم)

## सबभन्दा उत्तम दान

सबभन्दा राम्रो दानको पुरस्कार यस कुरा माथि निरभर हुन्छ कि दान गर्ने व्यक्तिको अवस्था चाहिं कस्तो छ ? र गरिएको दान द्वारा कति लाभ भइ रहेको छ ? दान गर्ने व्यक्तिको अवस्थाको अर्थ यो हो कि यदि रोग भन्दा पहिले अथवा मृत्युको समय भन्दा पहिले स्वस्थ अवस्थामा आफ्नो अवश्यक्ताको लागि राखिएको धन बाहेक अरु धनमा दान गरेको हुन्छ भने त्यसको पुरस्कार अधिक हुन्छ अथवा यस्तो व्यक्तिले दान गरेको होस जुन् संग धेरै धनसम्पत्ति त छैन तर त्यसको बावजूद त्यसले आफ्नो क्षमता अनुसार दान गरेको छ ।

(१) अबूहुरैरह ﷺ को हदीसमा छ उहाँले भन्नु भयो:

جَاءَ رَجُلٌ إِلَى النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ يَا رَسُولَ اللَّهِ أَيُّ الصَّدَقَةِ أَعْظَمُ أَجْرًا قَالَ أَنْ تَصَدَّقَ وَأَنْتَ صَحِيحٌ شَحِيحٌ تَخْشَى الْفَقْرَ وَتَأْمُلُ الْغِنَى وَلَا تُمْهِلُ حَتَّى إِذَا بَلَغَتْ الْحُلْقُومَ قُلْتَ لِفُلَانٍ كَذَا وَلِفُلَانٍ كَذَا وَقَدْ كَانَ لِفُلَانٍ»

(رواه البخاري واللفظ له 1419 ومسلم 1032 وأبوداؤد 2865 والنسائي 3611

एक व्यक्तिले नबी ﷺ को नजिक आएर सोध्नु भयो कि हे अल्लाहको रसूल ! दान मध्ये कुन दान यस्तो छ जसको पुण्य ठुलो हुन्छ ? त नबी ﷺ ले भन्नु भयो कि यस्तो अवस्थामा दान गर जब कि तिमी स्वस्थ हुन्छौं, धनको लालच राखेका हुन्छौं, जुन अवस्थामा तिमीले धनी हुन चाहन्छौं र गरिब हुनबाट डर मानिरहेका हुन्छौं, र यति ढिलो नगर कि जब मर्ने समय हुन्छ भने तिमी भन्न थालछौ कि फलानोलाई यति दिनुस् फलानोलाई

यति, जब कि त्यस धनको मालिक नै कोहि अरु भइसकेका छन (बुखारी १४१९ मुस्लिम १०३२)

र यसै कारण मैमून बिन महरान رحمه الله ले भन्थे कि «आफ्नो जीवनमा एक दिरहम दान गर्नु मलाई यस कुरा भन्दा अधिक प्रिय छ कि मेरो मृत्यु पछि मेरो तर्फबाट सय दिरहम दान गरियोस ।

(حلية الأولياء وطبقات الأصفياء لبي نعيم)

(२) अबूहुरैरह ﷺ कै हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

خَيْرُ الصَّدَقَةِ مَا كَانَ عَنْ ظَهْرِ غِنًى وَابْدَأْ بِمَنْ تَعُولُ» (رواه البخاري 1426 ومسلم 1034

सबभन्दा राम्रो दान यो हो कि दान गरिसके पछि पनि मान्छे धनी रहोस, र सबभन्दा पहिला त्यस माथि दान गर जसको रेखदेख तिमी आफै गरिरहेकाछौं (बुखारी १४२६ मुस्लिम १०३४)

हजरत अबूहुरैरह ﷺ को हदीसमा यो पनि छ कि रसूल ﷺ ले भन्नु भयो:

سَبَقَ دِرْهَمٌ مِائَةَ أَلْفِ دِرْهَمٍ قَالَ وَكَيْفَ؟ قَالَ كَانَ لِرَجُلٍ دِرْهَمَانِ تَصَدَّقَ بِأَحَدِهِمَا وَانْطَلَقَ رَجُلٌ إِلَى عُرْضِ مَالِهِ فَأَخَذَ مِنْهُ مِائَةَ أَلْفِ دِرْهَمٍ فَتَصَدَّقَ بِهَا»رواه النسائي 2527

एक दिरहम एक लाख दिरहम भन्दा अधिक भयो, कसैले सोध्नु भयो कि त्यो कसरी भयो? त उहाँले भन्नु भयो कि एउटा व्यक्ति दुई दिरहमको मालिक थियो र त्यसबाट एक दिरहम दान गर्यो जब कि अर्को व्यक्ति धेरै धन समपत्तिको मालिक थियो र त्यसबाट एक लाख दिरहम दान गर्यो (नसई २५२७)

तर यदि लाभको हैसियतले कुरा गरौं भने दानको महत्व समय समयमा भिन्न हुन्छ, मानिसहरुको अवश्यक्ता जति ठुलो हुन्छ पुण्य पनि त्यति नै ठुलो हुन्छ ।

जुन बेला मानिसहरुलाई पानीको आवश्यक्ता थियो त्यस बेलामा जसले पनि रसूल ﷺ सित सब भन्दा उत्तम दान बारे सोध्नु भयो त उहाँले भन्नु भयो कि सब भन्दा राम्रो दान पानी खुवाउनु छ, र जुन समयमा धर्मयोद्धाहरुको लागि आर्थिक सहयोगको अवश्यक्ता भयो त रसूल ﷺ ले भन्नु भयो कि सब भन्दा राम्रो दान अल्लाहको बाटोमा खर्च गर्नु हो ।

तसर्थ एउटा बुद्धिमान मुस्लिमलाई यो थाहा हुनु पर्छ कि गरिबहरुलाई कुन कुराको खाँचो छ र त्यस अनुसार दान पुण्य गर्नु पर्छ ताकि त्यसको पुरस्कार ठुलो होस र कर्मको तराजू पनि वजनशील होस् ।

## नवौ कार्य : यस्ता कार्यहरु जसको पुण्य गरिब माथि दान गर्ने जस्तै छ

केही यस्ता कार्यहरु पनि छन् जसको पुरस्कार गरिबहरु माथि दान गर्ने जस्तै छ, र त्यस मध्ये केही खास कार्यहरु यस प्रकार छन् :

### १ - उधार दिने

अब्दुल्लाह बिन मसऊद رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

«مَا مِنْ مُسْلِمٍ يُقْرِضُ مُسْلِمًا قَرْضًا مَرَّتَيْنِ إِلَّا كَانَ كَصَدَقَتِهَا مَرَّةً» (رواه ابن ماجة واللفظ له 2430 والبيهقي في شعبه 3561 وصححه الألباني

जुन सुकै मुस्लिमले कुनै मुस्लिमलाई दुइचोटि उधार दिनु हुन्छ भने त्यो एक चोटि दान गर्ने जस्तै हुन्छ (इब्न माजा २४३० बैहकी ३५६१)

र उहाँकै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّ السَّلَفَ يَجْرِي مَجْرَى شَطْرِ الصَّدَقَةِ» (صحيح الجامع 1640)

उधार दानको आधा रुप हो। (सहीहुल जामिय १६४०)

र इब्ने मसऊद رضي الله عنه संधै भन्ने गर्थे:

لأَنْ أُقْرِضَ مَرَّتَيْنِ أَحَبُّ إِلَيَّ مِنْ أَنْ أَتَصَدَّقَ مَرَّةً» (رواه البيهقي في شعبه 3560)

मेरो नजिक एक पटक दान गर्नु भन्दा अधिक प्रिय दुइ पटक उधार दिनु छ। (बैहकी ३५६०)

## २ - लाचार व्यक्तिलाई कर्जा चुक्ता गर्ने समय दिने

बुरैदा अल असलमीرضي الله عنهको हदीसमा छ कि रसूल ﷺले भन्नु भयो:

مَنْ أَنْظَرَ مُعْسِراً فَلَهُ بِكُلِّ يَوْمٍ مِثْلُهُ صَدَقَةٌ قَبْلَ أَنْ يَحِلَّ الدَّيْنُ فَإِذَا حَلَّ الدَّيْنُ فَأَنْظَرَهُ فَلَهُ بِكُلِّ يَوْمٍ مِثْلاَهُ صَدَقَةٌ» (رواه ابن ماجة 2418 والحاكم 2225 والبيهقي 10758

जुन् सुकै वयक्तिले कुनै लाचारलाई उधार चुक्ता गर्ने समय दियो भने प्रत्यक दिन त्यति दान गरिएको बराबर त्यसलाई पुण्य प्राप्त हुन्छ यदि अझै चुक्ता गर्ने समय आएको छैने तर यदि उधार चुक्ता गर्ने समय भइसकेको छ र त्यसको बावजूद पनि अझै समय दिन्छ भने प्रत्येक दिन दुइगुना दान गरिएको त्यसलाई पुण्य प्राप्त हुन्छ। (इब्न माजा २४१८ हाकिम २२२५)

# दशौं कार्य : घर परिवार माथि खर्च गर्नु र कन्जुसयाइ नगर्नु

याद राख्नुस् गरिब लाचारहरु माथि खर्च गर्नु भन्दा अधिक उत्तम आफ्नो घर परिवार माथि खर्च गर्नु हो, किन भने परिवार माथि खर्च गर्नु अनिवार्य छ जबकि गरिब माथि खर्च गर्नु अनिवार्य छैन बरु मात्र एउटा पुण्यको कार्य हो ।

अबूहुरैरह ﷺ को हदीसमा छ कि रसुल ﷺ ले भन्नु भयो:

دِينَارٌ أَنْفَقْتَهُ فِى سَبِيلِ اللَّهِ وَدِينَارٌ أَنْفَقْتَهُ فِى رَقَبَةٍ وَدِينَارٌ تَصَدَّقْتَ بِهِ عَلَى مِسْكِينٍ وَدِينَارٌ أَنْفَقْتَهُ عَلَى أَهْلِكَ أَعْظَمُهَا أَجْرًا الَّذِى أَنْفَقْتَهُ عَلَى أَهْلِكَ » (رواه مسلم واللفظ له 995 والبيهقي 15475)

तिमीले अल्लाहको बाटोमा खर्च गरेको एक दिनार, र दासको मुक्तिको लागि खर्च गरेको एक दिनार, र गरिब माथि दान गरेको एक दिनार, र आफ्नो परिवार माथि खर्च गरेको एक दिनार, यी सबै मध्ये ठुलो पुण्य त्यसको हो जुन् तिमीले आफ्नो परिवार माथि खर्च गरेका छौ । (मुस्लिम ९९५ बैहकी १५४७५)

धेरै मानिसहरु यस्ता छन् जो आफ्नो घर परिवारमा त धेरै कन्जुसयाइ गर्ने गर्छ तर गरिब लाचारहरुलाई धेरै सहायता गर्छन् ,आफ्नो बिचारमा उनीहरुले यस प्रकार धेरै पुण्य कमाइ रहेका छन, तर यस कारण उनीहरु अनेकौ घरेलु र परिवारिक समस्याको सामुना गर्नु पर्छ , यस्तो व्यक्तिहरु घर परिवारमा प्रिय हुँदैनन् बरु कहिले काही त परिवारको व्यक्तिहरुले यस्तो आशा व्यक्त गर्न थाल्छन कि यदि त्यसको मृत्यु भइदियो भने कति राम्रो हुन्छ

अब्दुल्लाह बिन अमर बिन अल आस ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

كَفَى بِالْمَرْءِ إِثْمًا أَنْ يُضَيِّعَ مَنْ يَقُوتُ » (رواه مسلم 996 وأبوداؤد واللفظ له 1692

त्यो व्यक्ति दुष्कर्मी हुन्छ जसले आफ्नो परिवारलाई बरबाद गर्छ । (मुस्लिम ९९६ अबू दाऊद १६९२)

जसलाई यस कुराको अनुभव छ कि परिवार माथि खर्च गर्नुमा कति ठुलो पुण्य पाइन्छ र अल्लाहको नजिक त्यो कति ठुलो पुण्यको कार्य हो भने त्यसको परिवारिक जीवनमा खुशी नै खुशी हुन्छ, माया हुन्छ र एक अर्कालाई सहयोग प्राप्त हुन्छ, किन भने त्यसलाई यस कुराको विशवास हुन्छ कि उसले जति पुण्य गरिरहेको छ त्यो सबै कर्मको तराजूमा दान उल्लेख भइरहेको छ, बरु सबैभन्दा राम्रो दान उल्लेख भइरहेको छ, अबू मसऊद उकबा बिन अमर बिन सालबाको हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِذَا أَنْفَقَ الرَّجُلُ عَلَى أَهْلِهِ يَحْتَسِبُهَا فَهُوَ لَهُ صَدَقَةٌ (رواه البخاري واللفظ له55 ومسلم 1002

यदि कुनै व्यक्तिले पुण्यको आशामा आफ्नो परिवार माथि खर्च गर्छ भने त्यो दान उल्लेख हुन्छ (बुखारी ५५ मुस्लिम १००२)

के तपाई त्यसतो गर्न चाहनु हुँदैनौ जसतो हजरत इरबाज बिन सारियाﷺले गर्नु भयो, उहाँले जब रसूलﷺलाई यो भन्दै सुन्नु भयो:

إِنَّ الرَّجُلَ إِذَا سَقَى امْرَأَتَهُ مِنْ الْمَاءِ أُجِرَ» (رواه الطبراني في الكبير646 وحسنه الألباني

यदि कुनै व्यक्तिले आफ्नो स्वासनीलाई पानी खुवाउँछ भने त्यसको लागि पनि पुण्य पाउँछ, हजरत इरबाजले भन्नु हुन्छन कि त्यस पछि म

आएर आफ्नो स्वासनीलाई पानी खुवाएँ र रसूल ﷺ को हदीस पनि सुनाएँ। (तबरानी ६४६)

## एघारौं कार्य : लैलतुल कद्र अर्थात गौरवको रात्रिमा क्याम गर्नु

कद्रको रातिमा जाग्नु र नमाज पढ्नु हजार महिना भन्दा अधिक उत्तम छ, अल्लाह तआलाले भन्नु भयो:

لَيْلَةُ الْقَدْرِ خَيْرٌ مِنْ أَلْفِ شَهْرٍ[القدر:٣]

कद्रको राति एक हजार महिना भन्दा उत्तम छ।

बिचार गर्नुस् कि अल्लाह तआलाले आफ्नो ग्रन्थमा कसरी त्यसको पुरस्कारको चर्चा गर्नु भयो, र त्यति मात्र होइन बरु त्यसलाई एउटा सानो सूरहमा ब्यान गर्नु भयो ताकि ठुलो, सानो हरेक व्यक्तिले त्यसलाई कन्ठ गरुन् र आफ्नो जीवनमा लागु गरुन्।

## बाह्रौं कार्य : बजारको दुआ

उमर बिन खत्ताब ﷺको हदीसमा छ कि रसूल ﷺले भन्नु भयो:

مَنْ قَالَ حِينَ يَدْخُلُ السُّوقَ لَا إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ يُحْيِي وَيُمِيتُ وَهُوَ حَيٌّ لَا يَمُوتُ بِيَدِهِ الْخَيْرُ كُلُّهُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ كَتَبَ اللَّهُ لَهُ أَلْفَ أَلْفِ حَسَنَةٍ وَمَحَا عَنْهُ أَلْفَ أَلْفِ سَيِّئَةٍ وَبَنَى لَهُ بَيْتًا فِي الْجَنَّةِ»

(رواه الترمذي 3429 وابن ماجة واللفظ له 2235

जुन व्यक्तिले बजारमा जाँदा यो दुआ पढ्छ कि: **“लाइलाह इल्लल्लाहु वहदहु लाशरीकलहु लहुल मुल्कु वलहुल हम्दु युहयी**

**वयुमीतु वहुव हैय्युन लायमुतु बियदिहील खैरु कुल्लुहु वहुव अला कुल्लि शैय्यीन कदीर"** अर्थात अल्लाह बाहेक कोहि पुज्य छैन, ऊ एकलै छन र कोहि उहाँको साझेदार छैन, राज्य उहाँकै लागि छ र प्रशंसा उहाँकै छ, जीवन र मृत्यु उहाँकै हातमा छ, उनी जिउँदो छन र कहिल्यै मर्ने छैनन्, हरेक प्रकारको विशेषता उहाँको हातमा छ, र उहाँलाई हरेक कुराको क्षमता छ"

भने अल्लाहले त्यसलाई दस लाख पुण्य प्रदान गर्नु हुन्छ र दस लाख पापहरु मफ गरिदिनु हुन्छ, र त्यसको लागि स्वर्गमा एउटा घर बनाइदिनु हुन्छ। (तिर्मिजी ३४२९ इब्न माजा २२३५)

बिचार गर्नुस कि यदि दस लाख पुण्य तपाईको एउटा पल्लामा हुन्छ र तपाईको अर्को पल्ला बाट दस लाख पाप मेटिन्छ भने तपाईको कर्मको तराजू कति वजनी हुन्छ।

तसर्थ जब कुनै राम्रो मानिसको बारेमा यस्तो खबर प्राप्त हुन्छ कि उहाँले मात्र यही दुआ पढ्नको लागि बजार जानु हुन्थे र यस बाहेक अरु कुनै उद्देश्य हुन्थेन बरु मात्र यही दुआ पढ्ेर फर्कि हाल्थे कि शायद यसकारण कर्मको तराजू वजनशील भइहाल्छ भने त्यसमा हामीले छक्क हुनु पर्दैन, मुम्मद बिन वासेअ رحمه الله भन्नु हुन्छ कि «जब म मक्का आएँ र त्यहाँ भाई सालिम बिन अब्दुल्लाह सित मेरो भेँट घाँट भयो, त उहाँले यो हदीस सुनाउनु भयो कि नबी ﷺ ले भन्नु हुन्छ (जुन सुकै व्यक्ति बाजारमा जाँदा ...) मुहम्मद बिन वासेअ भन्नु हुन्छन कि त्यस पछि म खुरासान आएर कुतैबा बिन मुस्लिम सित भेटे, र उहाँलाई भने कि म तिम्रो लागि एउटा उपहार ल्याएको छु , र साथै त्यो हदीस सुनाउनु भयो, त त्यो दिन देखि कुतैबा बिन मुस्लिमको

बानी भइसकेको थियो कि आफ्नो सवारीमा बसेर बजार पुग्दथिए र दुआ पढेर फर्कि हाल्थीए»

## तेह्रौं कार्य : अल्लाहको स्मरण गर्नु

अल्लाहको स्मरण चाहे जुन सुकै प्रकारको होस कर्मको तराजूलाई भारी बनाउँछ, र धेरै हदीसमा स्मरण र तस्बीहका यस्ता मन्त्रहरु ब्यान गरिएका छन् जुन् तराजूमा वजनशील हुन्छन्, मुहम्मद ﷺ ले हामी माथि दया गर्नु भएको छ र हामीलाई आसान र सजिलो मन्त्रहरु बताउनु भएको छ ताकि हामी त्यसलाई समातेर संधै पढ्ने गरौं, आफ्नो पुण्यमा बृद्धि गरौं र कर्मको तराजूलाई भारी बनाऔं र प्रलोकको संकटलाई हलका गरौं, त्यस मध्ये :

(१) अबूहुरैरह رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

كَلِمَتَانِ خَفِيفَتَانِ عَلَى اللِّسَانِ ثَقِيلَتَانِ فِي الْمِيزَانِ حَبِيبَتَانِ إِلَى الرَّحْمَنِ سُبْحَانَ اللَّهِ وَبِحَمْدِهِ سُبْحَانَ اللَّهِ الْعَظِيمِ» (رواه البخاري 6406 ومسلم 2694

दुइवटा शब्द यस्ता छन् जुन् उच्चारणमा हलुको छन् , तराजूमा भारी छन्, र अल्लाहको नजिक प्रिय छन्, र त्यो हुन् **सुब्हानल्लाहि व बेहम्दिही, सुब्हानल्लाहिल अजीम**, अर्थात पवित्र छन अल्लाह र प्रशंसा उनिकै लागि छ , अल्लाह पवित्र र महान हुनु हुन्छ । ( बुखारी ६४०६ मुस्लिम २६९४)

यो दुई शब्दको ज्ञान राख्ने व्यक्तिहरु त धेरै छन् तर त्यसलाई पढेर आफ्नो कर्मको तराजूलाई वजनशील बनाउने व्यक्तिहरु थोरै छन् ।

(२) अबूमालिक अल अशअरी ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

الطُّهُورُ شَطْرُ الإِيمَانِ وَالْحَمْدُ لِلَّهِ تَمْلأُ الْمِيزَانَ. وَسُبْحَانَ اللَّهِ وَالْحَمْدُ لِلَّهِ تَمْلآنِ – أَوْ تَمْلأُ – مَا بَيْنَ السَّمَوَاتِ وَالأَرْضِ » (رواه مسلم واللفظ له 223 والترمذي 3517

पवित्रता आधा ईमान हो, र **“अल हम्दु लिल्लाह”** शब्द तराजूलाई भरिदिन्छ, र **“सुब्हानल्लाह”** अनि **“अल हम्दु लिल्लाह”** शब्द आकाश र धरतिको बीचको सम्पूर्ण ठाउँलाई भरिदिन्छ। (मुस्लिम २२३ तिर्मिजी ३५१७)

(३) अबूहुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ قَالَ حِينَ يُصْبِحُ وَحِينَ يُمْسِى سُبْحَانَ اللَّهِ وَبِحَمْدِهِ مِائَةَ مَرَّةٍ. لَمْ يَأْتِ أَحَدٌ يَوْمَ الْقِيَامَةِ بِأَفْضَلَ مِمَّا جَاءَ بِهِ إِلاَّ أَحَدٌ قَالَ مِثْلَ مَا قَالَ أَوْ زَادَ عَلَيْهِ » (رواه مسلم واللفظ له 2692 والترمذي 3469 وأبوداؤد 5091

जसले बिहान र साँझ को समय १०० चोटि **“सुब्हानल्लाहि व बेहम्दिही** भन्छ भने प्रलोकमा त्यस भन्दा राम्रो कार्य अरु कोहि पनि ल्याउने छैन तर मात्र ऊ व्यक्ति जसले यस्तै भन्छ वा यस भन्दा अधिक भन्छ। (मुस्लिम २६९२ तिर्मिजी ३४६९ अबू दाऊद ५०९१)

(४) अबू ओमामा अल बाहिली ﷺको हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ قَالَ فِي دُبُرِ صَلاةِ الْغَدَاةِ: لا إِلَهَ إِلا اللَّهُ، وَحْدَهُ لا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ، وَلَهُ الْحَمْدُ، يُحْيِي وَيُمِيتُ بِيَدِهِ الْخَيْرُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ مِئَةَ مَرَّةٍ قَبْلَ أَنْ يَثْنِيَ

رِجْلَيْهِ، كَانَ يَوْمَئِذٍ مِنْ أَفْضَلَ أَهْلِ الأَرْضِ عَمَلاً إلا مَنْ قَالَ مِثْلَ مَا قَالَ أَوْ زَادَ عَلَى مَا قَالَ» (رواه صحيح الترغيب والترهيب 476)

जुन सुकै व्यक्तिले फज्र नमाज पछि आफ्नो दुवै खुट्टा मोडिने भन्दा पहिला सय १०० चोटि **"लाइलाह इल्लल्लाहु वह्दहु ला शरीकलहु लहुलमुल्कु वलहुल्हम्दु युह्यी व युमीतु बियदिहिलखैर वहुव अला कुल्लि शैइनकदीर** भन्यो भने त्यो व्यक्ति दिन भरका लागि धरतीको सब भन्दा महान सुकर्मी हुन्छ तर मात्र ऊ व्यक्ति जसले यस्तै भन्छ वा यस भन्दा अधिक भन्छ । (सही तरगीब व तरहीब ४७६)

(५) अब्दुल्लाह बिन अमर बिन अल आस ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ قَالَ فِي يَوْمٍ مِائَتَيْ مَرَّةٍ(مِائَةً إِذَا أَصْبَحَ وَ مِائَةً إِذَا أَمْسَى) لَا إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ لَمْ يَسْبِقْهُ أَحَدٌ كَانَ قَبْلَهُ وَلَمْ يُدْرِكْهُ أَحَدٌ كَانَ بَعْدَهُ إِلَّا مَنْ عَمِلَ بِأَفْضَلَ مِنْ عَمَلِهِ» رواه الطبراني وصححه الألباني في السلسلة الصحيحة 2762)

जसले दिन्मा दुई सय चोटि अर्थात सय चोटि बिहान र सय चोटि साँझ **"लाइलाह इल्लल्लाहु वह्दहु लाशरीकलहु लहुलमुल्कु वलहुलहम्दु वहुव अला कुल्लि शैइनकदीर** भन्यो भने पहिलाको कुनै व्यक्ति त्यस भन्दा अगाडि हुन सक्दैन र पछिको कुनै व्यक्ति त्यहाँ सम्म पुग्न सक्दैन तर मात्र त्यो व्यक्ति जो त्यस भन्दा पनि अधिक स्मरण गर्छ । (तबरानी, सहीहा २७६२)

(६) र सौबान ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

بَخٍ بَخٍ لِخَمْسٍ مَا أَثْقَلَهُنَّ فِي الْمِيزَانِ، لا إِلَهَ إِلا اللَّهُ، وَسُبْحَانَ اللَّهِ، وَالْحَمْدُ للَّه، وَاللَّهُ أَكْبَرُ، وَالْوَلَدُ الصَّالِحُ يُتَوَفَّى لِلْمَرْءِ الْمُسْلِمِ فَيَحْتَسِبُهُ» (رواه النسائي في السنن الكبرى 9995والحاكم 1885 وصححه الألباني

पाँचवटा कुराहरु अचम्मको कुरा छन् किन भने कर्मको तराजूमा त्यो धेरै वजनी हुन्छन, **“लाइलाह इल्लल्लाह, सुब्हानल्लाह, अलहम्दु लिल्लाह, अल्लाहु अकबर”** र एउटा यस्तो मुस्लिम जसको भलो छोराको यदि मृत्यु भईहाल्छ भने त्यो अल्लाह सित पुण्यको कामना गर्दै धैर्य राख्दछ। (सुननुल कुबरा ९९९५ हाकिम १८८५)

(७) र अब्दुल्लाह बिन अमर बिन अल आस ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّ نَبِيَّ اللَّهِ نُوحًا صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ لَمَّا حَضَرَتْهُ الْوَفَاةُ قَالَ لِابْنِهِ إِنِّي قَاصٌّ عَلَيْكَ الْوَصِيَّةَ آمُرُكَ بِاثْنَتَيْنِ وَأَنْهَاكَ عَنْ اثْنَتَيْنِ آمُرُكَ بِلَا إِلَهَ إِلَّا اللَّهُ فَإِنَّ السَّمَوَاتِ السَّبْعَ وَالْأَرْضِينَ السَّبْعَ لَوْ وُضِعَتْ فِي كِفَّةٍ وَوُضِعَتْ لَا إِلَهَ إِلَّا اللَّهُ فِي كِفَّةٍ رَجَحَتْ بِهِنَّ لَا إِلَهَ إِلَّا اللَّهُ »(رواه النسائي في السنن الكبرى، والحاكم، وصححه الألباني في السلسلة الصحيحة)

अल्लाहको नबी नूह (उहाँ माथि शान्ति होस) को जब मृत्युको समय भयो त उहाँले आफ्नो छोरालाई भन्नु भयो कि म तिमीलाई वसियत गर्दछु, दुइ कुराको आदेश दिइरहेको छु र दुइ कुराहरु बाट रोकिरहेको छु “लाइलाह इल्लल्लाह” को आदेश दिदैछु किन भने सातौं आकाश र सातौं धरती यदि एउटा पल्लामा राखिन्छ र लाइलाह इल्लल्लाह अर्को पल्लामा राखिन्छ भने लाइलाह इल्लल्लाहको वजन अधिक भइहाल्छ। (सुननुल कुबरा, हाकिम)

(८) र जोवैरिया رضي الله عنها को हदीसमा छ:

أَنَّ النَّبِىَّ صلى الله عليه وسلم خَرَجَ مِنْ عِنْدِهَا بُكْرَةً حِينَ صَلَّى الصُّبْحَ وَهِىَ فِى مَسْجِدِهَا ثُمَّ رَجَعَ بَعْدَ أَنْ أَضْحَى وَهِىَ جَالِسَةٌ فَقَالَ « مَا زِلْتِ عَلَى الْحَالِ الَّتِى فَارَقْتُكِ عَلَيْهَا ». قَالَتْ نَعَمْ. قَالَ النَّبِىُّ -صلى الله عليه وسلم- « لَقَدْ قُلْتُ بَعْدَكِ أَرْبَعَ كَلِمَاتٍ ثَلاَثَ مَرَّاتٍ لَوْ وُزِنَتْ بِمَا قُلْتِ مُنْذُ الْيَوْمِ لَوَزَنَتْهُنَّ سُبْحَانَ اللَّهِ وَبِحَمْدِهِ عَدَدَ خَلْقِهِ وَرِضَا نَفْسِهِ وَزِنَةَ عَرْشِهِ وَمِدَادَ كَلِمَاتِهِ » (رواه مسلم واللفظ له2726 والترمذي 3555 وأبوداؤد 1503 والنسائي 1352

नबी ﷺ बिहान फज्र नमाज पछि हजरत जोवैरियाको घरबाट निस्कनु भयो जुन समय हजरत जोवैरिया आफ्नो मस्जिदमा बसेकि थिइन् फेरि सूर्य उदय भएको केहि समय पछि फर्किनु भयो र हजरत जोवैरिया अझै आफ्नो ठाउँमा बसेकि थिइन त नबी ﷺ ले सोध्नु भयो के तिमी त्यो समय देखि अहिले सम्म यहीं बसेकि हौ ? त जवाफमा हजरत जोवैरियाले भनिन् हो म यस्तै बसेकि छु त नबी ﷺ ले भन्नु भयो कि यहाँबाट निस्के पछि मैले तीन चोटि चार यस्तो शब्द भनेको छु कि यदि वजन भयो भने तिमीले भनेको सबै शब्द भन्दा वजनी भईहाल्छ र त्यो शब्द, **"सुब्हानल्लाहि वबिहम्दिही, अदद खल्किही, वरिजा नफ्सिही, वजिनत अरशिही, वमिदाद कलिमातिही** हुन् ।
(मुस्लिम २७२६ तिर्मिजी ३५५५ अबू दाऊद १५०३ नसई १३५२)
र अबूहुरैरह رضي الله عنه को हदीसमा छ:

كَانَ رَسُولُ اللَّهِ صلى الله عليه وسلم يَسِيرُ فِى طَرِيقِ مَكَّةَ فَمَرَّ عَلَى جَبَلٍ يُقَالُ لَهُ جُمْدَانُ فَقَالَ « سِيرُوا هَذَا جُمْدَانُ سَبَقَ الْمُفَرِّدُونَ ». قَالُوا وَمَا الْمُفَرِّدُونَ يَا رَسُولَ اللَّهِ قَالَ « الذَّاكِرُونَ اللَّهَ كَثِيرًا وَالذَّاكِرَاتُ » (رواه مسلم 223)

नबी ﷺ मक्का शहरको बाटोमा हिंडदै थिये कि एउटा पहाडको नजिक पुगे जसलाई जुम्दान भनिन्छ त नबी ﷺ ले भन्नु भयो हिंडदै गर यो जुम्दान नामक पहाड हो , मुफर्रिदहरु धेरै अगाडि बढि सकेछन्, साथीहरुले सोध्नु भयो हे अल्लाहको रसूल मुफर्रिद भनेको को हुन् ? त उहाँले जवाफ दिनु भयो अल्लाहको धेरै स्मरण गर्नेवाला पुरुष र महिलाहरु । (मुस्लिम २२३)

(१०) हजरत उम्मे हानीको हदीसमा छ उहाँले भनेकि छिन:

مَرَّ بِي ذَاتَ يَوْمٍ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقُلْتُ يَا رَسُولَ اللَّهِ إِنِّي قَدْ كَبِرْتُ وَضَعُفْتُ أَوْ كَمَا قَالَتْ فَمُرْنِي بِعَمَلٍ أَعْمَلُهُ وَأَنَا جَالِسَةٌ قَالَ سَبِّحِي اللَّهَ مِائَةَ تَسْبِيحَةٍ فَإِنَّهَا تَعْدِلُ لَكِ مِائَةَ رَقَبَةٍ تُعْتِقِينَهَا مِنْ وَلَدِ إِسْمَاعِيلَ وَاحْمَدِي اللَّهَ مِائَةَ تَحْمِيدَةٍ تَعْدِلُ لَكِ مِائَةَ فَرَسٍ مُسْرَجَةٍ مُلْجَمَةٍ تَحْمِلِينَ عَلَيْهَا فِي سَبِيلِ اللَّهِ وَكَبِّرِي اللَّهَ مِائَةَ تَكْبِيرَةٍ فَإِنَّهَا تَعْدِلُ لَكِ مِائَةَ بَدَنَةٍ مُقَلَّدَةٍ مُتَقَبَّلَةٍ وَهَلِّلِي اللَّهَ مِائَةَ تَهْلِيلَةٍ قَالَ ابْنُ خَلَفٍ أَحْسِبُهُ قَالَ تَمْلَأُ مَا بَيْنَ السَّمَاءِ وَالْأَرْضِ وَلَا يُرْفَعُ يَوْمَئِذٍ لِأَحَدٍ عَمَلٌ أَفْضَلَ مِمَّا يُرْفَعُ لَكِ إِلَّا أَنْ يَأْتِيَ بِمِثْلِ مَا أَتَيْتِ بِهِ» (رواه ابن ماجة 3810 والحاكم 1893 والطبراني في الكبير 1008 وحسنه الألباني

एक दिन नबी ﷺ मेरो नजिकबाट जाँदै थिये त मैले भनें, हे अल्लाहको रसूल म कमजोर र बुढि भईसकेको छु तसर्थ मलाई कुनै यस्तो कार्य बताइ दिनुस जुन् म बस्दा बस्दै गर्न पाउँ, त उहाँले भन्नु भयो सय चोटि “सुब्हानल्लाह” भन यसबाट तिम्रो लागि इस्माईल अलैहिस्सलामको सन्तान बाट सयवटा दास मुक्त गर्ने बराबरको पुण्य प्राप्त हुन्छ र सय चोटि “अलहम्दु लिल्लाह” भन यो तिम्रो लागि जिहाद अर्थात धर्म युद्धमा सयवटा घोडा

दान गर्ने जस्तो हुन्छ र सय चोटि “अल्लाहु अकबर” भन यो तिम्रो लागि यस्तो सय ऊँट जस्तो हुन्छ जो अल्लाहको नजिक स्वीकार भइसकेका हुन्छन् र सय चोटि “लाइलाह इल्लल्लाह” भन यो धरती र आकाश सबै ठाउँलाई भरिदिन्छ र त्यो दिन कुनै व्यक्तिको कर्म तिम्रो कर्म भन्दा महान हुँदैन तर मात्र त्यो व्यक्ति जसले ती जस्तै कर्म गर्छ । (इब्न माजा ३८१० हाकिम १८९३ तबरानी १००८

र यसै कारणले हजरत हसन बसरी رحمه الله हदीस बयान गर्न वा अन्य कुनै कार्यमा व्यस्त नभएको बेला संधै अल्लाहको तसबीह बयान गर्ने गर्थे र यो शब्द भन्थे «सुब्हानल्लाहिल अजीम» ।

# चौधौं कार्य : यस्तो कार्यहरु जसबारे कुरआनमा यो घोषित भएको छ कि त्यसको पुण्य ठुलो र महान हुन्छ

अल्लाह तआलाले कुरआनमा आफ्नो भक्तहरुलाई जुन सदाचारी र सत्कर्मी छन प्रलोकमा ठुलो पुरस्कारको वचन दिनु भएको छ अल्लाहको भनाइ छः

وَعَدَ اللهُ الَّذِينَ آمَنُوا وَعَمِلُوا الصَّالِحَاتِ لَهُمْ مَغْفِرَةٌ وَأَجْرٌ عَظِيمٌ [المائدة:٩]

अल्लाह तआलाले ईमान ल्याउने र असल कर्म गर्ने व्यक्तिहरुलाई मुक्ति र ठुलो पुरस्कारको वचन दिनु भएको छ (अलमाएदा ९

र अर्को ठाउँमा भन्नु भएको छः

إِنَّ هَذَا الْقُرْآنَ يَهْدِي لِلَّتِي هِيَ أَقْوَمُ وَيُبَشِّرُ الْمُؤْمِنِينَ الَّذِينَ يَعْمَلُونَ الصَّالِحَاتِ أَنَّ لَهُمْ أَجْرًا كَبِيرًا [الإسراء:٩]

नि:सन्देह यस कुरआनले त्यो बाटो देखाउँछ जुन् सबभन्दा सोझो छ र सत्कर्म गर्ने मोमिनहरुलाई यो शुभसन्देश दिन्छ कि तिनीहरुको निम्ति ठुलो पुरस्कार छ । (अलइस्रा ९)

अबूहुरैरह ﷺ ले भन्नु भएको छ कि अल्लाहले एउटा पुण्यलाई बीस लाखमा परिवर्तन गर्नु हुन्छ र यो आयत पढ्नु भयो:

إِنَّ اللهَ لَا يَظْلِمُ مِثْقَالَ ذَرَّةٍ وَإِنْ تَكُ حَسَنَةً يُضَاعِفْهَا وَيُؤْتِ مِنْ لَدُنْهُ أَجْرًا عَظِيمًا[النساء:٤٠]

यसमा कुनै शंका छैन कि अल्लाहले अलिकति पनि अन्याय गर्दैन र यदि पुण्यको काम गरिएको छ भने त्यसलाई दुई गुनामा परिवर्तन गर्छन र आफ्नो तर्फबाट ठुलो पुरस्कार प्रदान गर्छन । (अन्निसा ४०)

फेरि भन्नु भयो कि जब अल्लाहले ठुलो पुरस्कार भन्नु हुन्छन भने त्यसको मुल्याँकन चाहिं को गर्न सक्छ ?

सैयद कुतुब رحمه الله ले यस आयतको तपसिलमा लेख्नु भएको छ:

وَمَنْ أَوْفَى بِمَا عَاهَدَ عَلَيْهُ اللهَ فَسَيُؤْتِيهِ أَجْرًا عَظِيمًا

जसले त्यस प्रतिज्ञालाई पुरा गर्यो जुन उसले अल्लाह सित गरेको छ भने उसलाई अल्लाहले ठुलो प्रतिफल प्रदान गर्नेछ । (अलफतह १०)

उहाँले भन्नु भयो कि ठुलो प्रतिफलको यो आम घोषणा हो यसमा नत कुनै तपसिल बयान गरिएको छ नत कुनै अन्त र सीमा बन्दी गरिएको छ बरु अल्लाह तआलाले भन्नु भएको छ कि त्यो ठुलो प्रतिफल हो अर्थात अल्लाहको हिसाबले र कर्मको तराजूको हैसियत अनुसार ठुलो हुन्छ, जसको तपसिल मनुष्यको बुद्धीमा आउने छैन । (في ظلال القرآن لسيد قطب)

अल्लाहले यस्ता कार्यहरु मध्ये केहि कार्यहरु आफ्नो किताब कुरआनमा पनि उल्लेख गर्नु भएको छ र जुन कार्यहरुको प्रतिफल त्यति ठुलो हुन्छ भने त्यसको पालन हुनु पर्छ किन भने कर्मको तराजूमा त्यसको वजन निकै भारी हुन्छ र ती कार्यहरु मध्ये केहि यस प्रकार छन् :

## (१) अल्लाह, अल्लाहको किताब र प्रलोक प्रति ईमान

अल्लाह तआलाले भन्नु भयो:

لَكِنِ الرَّاسِخُونَ فِي العِلْمِ مِنْهُمْ وَالْمُؤْمِنُونَ يُؤْمِنُونَ بِمَا أُنْزِلَ إِلَيْكَ وَمَا أُنْزِلَ مِنْ قَبْلِكَ وَالْمُقِيمِينَ الصَّلَاةَ وَالْمُؤْتُونَ الزَّكَاةَ وَالْمُؤْمِنُونَ بِاللهِ وَاليَوْمِ الآَخِرِ أُولَئِكَ سَنُؤْتِيهِمْ أَجْرًا عَظِيمًا ﴾ [النساء: ١٦٢]

तिनीहरु मध्ये जुन् महान ज्ञानी छन् र जुन् मोमिन छन् तिनीहरुले यस किताब माथि जुन तपाई माथि उतारियो र जुन किताब तपाई भन्दा पहिला अवतरित भयो सबै माथि आस्था राख्दछन् र नमाज पढ्दछन् र जकात (दान) दिने गर्दछन् र अल्लाह र प्रतिफलको दिन माथि आस्था राख्दछन् तिनीहरुलाई हामीले ठुलो पुरस्कार प्रदान गर्ने छौं । (अन्निसा १६२)

कर्मको तराजूमा मान्छेको वजन शरीरमा भएको मान्स र चर्बी अनुसार हुँदैन बरु हृदयमा भएको ईमान अनुसार हुन्छ , हृदयमा अल्लाह र प्रलोक प्रति जति ईमान हुन्छ र मुहम्मद ﷺ को सन्देश प्रति जति ईमान हुन्छ त्यो कर्मको तराजूमा त्यति नै वजनशील हुन्छ र यसै कारण यस्तो पनि हुन्छ कि हलुको व्यक्ति तराजूमा भारी भइहाल्छ र मोटो व्यक्ति हलुको भइहाल्छ किन भने

पहिलाको हृदयमा अल्लाह प्रति विशवास मजबुतिका साथ स्थापित हुन्छ र दोश्रोको हृदयमा अल्लाह प्रति विशवास नै हुँदैन । अबूहुरैरह ﵁ को हदिसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّهُ لَيَأْتِي الرَّجُلُ الْعَظِيمُ السَّمِينُ يَوْمَ الْقِيَامَةِ لَا يَزِنُ عِنْدَ اللَّهِ جَنَاحَ بَعُوضَةٍ اقْرَءُوا فَلَا نُقِيمُ لَهُمْ يَوْمَ الْقِيَامَةِ وَزْنًا (رواه البخاري 4729 ومسلم 2785

महाप्रलय (कयामत)को दिन एउटा ठुलो र मोटो व्यक्ति आउँछ तर अल्लाहको नजीक त्यसको वजन एउटा लामखुट्टे को पंखेटा बराबर पनि हुँदैन, र भन्नु भयो कि अल्लाहको किताब पढ जसमा लेखिएको छ कि प्रलोकमा हामी तिनीहरुको कुनै वजन कायम गर्ने छैनौं । ( बुखारी ४७२९ मुस्लिम २७८५)

त्यस्तै इब्ने मसऊदको त्यो कथा जसमा उहाँको पातलो खुट्टाको वर्णन भएको छ त्यस द्वारा पनि यहि प्रमाणित हुन्छ कि कर्मको तराजूमा ईमानको वजन निकै भारी हुन्छ ।

नबी ﷺ पछि सम्पूर्ण मुस्लिम समुदायमा अबूबक्र ﵁ लाई प्रधान्ता प्राप्त छ, यसमा मात्र एउटै रहस्य नीतिह छ र त्यो हो उहाँको बलियो र मजबूत ईमान र अलिकति पनि शंका र सन्देह बिना नबी ﷺ ले दिएको हरेक खबरलाई स्वीकार गर्ने खुबी, इसरा र मेराजको घटना पछि नबी ﷺ ले उहाँको नाम सिद्दीक राख्नु भयो किन भने उहाँले यति ठुलो घटनालाई नबी ﷺ को मुखबाट सुन्ने भन्दा पहिले नै स्वीकार गर्नु भयो ।

## (२) दान गर्ने , राम्रो कर्मको आदेश दिने र समाज सुधार को प्रयास गर्ने

अल्लाह तआलाले भन्नु भएको छः

لَا خَيْرَ فِي كَثِيرٍ مِنْ نَجْوَاهُمْ إِلَّا مَنْ أَمَرَ بِصَدَقَةٍ أَوْ مَعْرُوفٍ أَوْ إِصْلَاحٍ بَيْنَ النَّاسِ وَمَنْ يَفْعَلْ ذَلِكَ ابْتِغَاءَ مَرْضَاةِ اللهِ فَسَوْفَ نُؤْتِيهِ أَجْرًا عَظِيمًا [النساء:١١٤]

तिनीहरुको धेरैजसो गोप्य छलफलमा कुनै भलाई छैन । तर हो, त्यस मानिसको जसले दान अथवा पुण्य र आपसमा मेलमिलापको कुरा गर्दछ र जसले अल्लाहको प्रसन्नताको लागि यो काम गर्नेछ त्यस्लाई हामी ठुलो पुरस्कार प्रदान गर्नेछौं । (अन्निसा ११४)

दानको विशेषता र प्रधान्ता बारे आठौं कार्यमा उल्लेख भइसकेको छ ।

बाकी राम्रो कर्मको आदेश बारे कुरा गरौं त त्यसमा पुण्यको हरेक कार्य समावेश हुन्छ, डा. अब्दुल अजीज अलमसऊदले भन्नु हुन्छ कि «पुण्य भनेको यसतो हरेक कार्य हो जसको आदेश मुहम्मद ﷺ ले दिनुभएको छ, चाहे आस्थाको कुरा होस वा उहाँले आफ्नो मुखबाट केहि भन्नु भएका छन, वा उहाँले आफै केहि गरेका छन, वा उहाँले कुनै कार्य हुँदा हेरेको छन तर त्यस माथि कुनै प्रकारको टिप्पणी गर्नु भएका छैनन् र त्यो सबै कार्य अनिवार्य होस, वा मन्दुब होस अर्थात नगर्नु भन्दा गर्नु राम्रो होस, वा जायज होस»

र जुहरी رحمه الله ले भन्नु भयो «अधिक भन्दा अधिक यस्तो कार्य गर्ने गर जसलाई आगो लाग्ने छैन, त कसैले सोध्नु भयो

कि कुन् कार्य चाहिं यस्तो छन् जसलाई आगो पोल्दैन? त उहाँले भन्नु भयो, पुण्यको कार्य (حلية الأولياء وطبقات الأصفياء 371/3)

बाकी समाज सेवा र मनुष्यहरु बिच सम्झौता र मेलमिलाप गराइदिनु बारे रसूल ﷺ ले भन्नु भयो कि त्यो नफिल रोजा, नमाज, र दान भन्दा पनि ठुलो कार्य हो, अबूदर्दा رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

أَلَا أَدُلُّكُمْ بِأَفْضَلَ مِنْ دَرَجَةِ الصَّلَاةِ وَالصِّيَامِ وَالصَّدَقَةِ قَالُوا بَلَى قَالَ إِصْلَاحُ ذَاتِ الْبَيْنِ وَفَسَادُ ذَاتِ الْبَيْنِ هِيَ الْحَالِقَةُ» (رواه أبوداؤد 4919

के म तिमीहरुलाई कुनै यस्तो कार्यको ज्ञान नदिउँ जुन् रोजा, नमाज, र दान भन्दा पनि अधिक राम्रो छ, त सबैले भने कि हो, अवश्य दिनुस, त उहाँले भन्नु भयो कि त्यो आपसी सुधार हो, किन भने आपसी बिगाड नै हालेका हो, अर्थात आपसी बिगाड यस्तो कुरो हो जसले गर्दा धर्म भ्रष्ट हुन्छ। (अबू दाऊद ४९१९)

हजरत अबू ऐयूब رضي الله عنه ले भन्नु हुन्छन कि रसूल ﷺ ले मलाई बताउनु भयो:

يَا أَبَا أَيُّوبَ ، أَلا أَدُلُّكَ عَلَى صَدَقَةٍ يُحِبُّهَا اللَّهُ وَرَسُولُهُ ؟ تُصْلِحُ بَيْنَ النَّاسِ إِذَا تَبَاغَضُوا ، وتَفَاسَدُوا» (رواه الطبراني في الكبير 3922

हे अबू ऐयूब ! के म तिमीलाई दानको यस्तो किसिमको ज्ञान नदिउँ जुन् अल्लाह र रसूललाई प्रिय छ ? मानिसहरु बीच यदि भेद भाव र बिगाड भइहाल्छ भने उनीहरु बीच सुधार र मेलमिलमप गराइ हाल। (तबरानी ३९२२)

र हजरत अनस رضي الله عنه को हदिसमा छ कि रसूल ﷺ ले हजरत अबू ऐयूबलाई भन्नु भयो:

أَلَا أَدُلُّكَ عَلى تِجَارَةٍ؟ قَالَ: بَلى ، قَالَ : صِلْ بَيْنَ النَّاسِ إِذَا تَفَاسَدُوْا وَ قَرِّبْ بَيْنَهُمْ إِذَا تَبَاعَدُوْا» (رواه البزار وقال الألباني في صحيح الترغيب والترهيب : حسن لغيره 2818

के म तिमीलाई एउटा व्यापार नबताइ दिउँ, त अबू ऐयूबले भन्नु भयो कि हो, अवश्य बताइदिनुहोस्, त रसूल ﷺ ले भन्नु भयो कि मानिसहरु बीच सुधार गर यदि उनीहरु बीच बिगाड भइहाल्छ र उनीहरुलाई नजिक गर यदि उनीहरु टाँढा भइहालेका छन । (बज्जार, सही तरगीब व तरहीब २८१८)

अब्दुल्लाह बिन अमर ﷺ को हदिसमा छ कि रसुल ﷺ ले भन्नु भयो:

أَفْضَلُ الصَّدَقَةِ إِصْلاحُ ذاتِ البَيْنِ» (رواه الطبراني والبزار وقال الألباني في صحيح الترغيب والترهيب: صحيح لغيره2817)

सबभन्दा उत्तम दान आपसी सुधारको कार्य हो ।

## (३) अल्लाहलाई दिएको वचन पुरा गर्ने

अल्लाह तआलाले भन्नु भयो:

إِنَّ الَّذِينَ يُبَايِعُونَكَ إِنَّمَا يُبَايِعُونَ اللهَ يَدُ اللهِ فَوْقَ أَيْدِيهِمْ فَمَنْ نَكَثَ فَإِنَّمَا يَنْكُثُ عَلَى نَفْسِهِ وَمَنْ أَوْفَى بِمَا عَاهَدَ عَلَيْهُ اللهَ فَسَيُؤْتِيهِ أَجْرًا عَظِيمًا ﴾ [الفتح:١٠]

जो-जो तपाई सित बैअत (आज्ञापालनको प्रतिज्ञा) गर्दछन् उनीहरु नि:सन्देह अल्लाहसित बैअत गर्दछन् , अल्लाहको हात उनीहरुको हातमाथि छ, तर जसले वचन भङ्ग गर्यो त वचन भङ्गको नोक्सानी उसैलाई नै छ , र जसले त्यस प्रतिज्ञालाई पुरा गर्यो जुन उसले अल्लाहसित गरेको छ त उसलाई अल्लाहले शिघ्र नै ठुलो प्रतिफल प्रदान गर्नेछ । (अल फतह १०)

यस आयतमा अल्लाह ले प्रशंसा गरेका छन् र यो खबर दिएका छन् कि अल्लाह तआला शिघ्र नै रसूल ﷺ को साथीहरुलाई ठुलो प्रतिफल प्रदान गर्नेछन किन भने उनीहरुले रसूल ﷺ को सहायता प्रति बैअते रिजवान्मा आज्ञापालनको प्रतिज्ञा लिएका थिए, इस्लामी नियम अनुसार कुनै पनि शब्दमा असल अर्थको महत्व हुन्छ र जुन् कारणले त्यो भनिएको छ त्यसको महत्व हुँदैन, यस नियम अनुसार यस्तो हरेक व्यक्तिलाई शुभसुचना दिइएको छ जसले अल्लाहसित गरेको आज्ञापालनको प्रतिज्ञालाई पुरा गर्छन र अल्लाहको कृपाले शिघ्र नै उनीहरुलाई ठुलो प्रतिफल प्राप्त हुन्छ ।

तसर्थ एउटा मुस्लिमले अल्लाहसित गरेको प्रतिज्ञालाई सम्मान दिनु पर्छ र त्यसलाई पुरा गर्नु पर्छ , त्यस्तै मानिसहरुसित गरेको प्रतिज्ञालाई पनि पुरा गर्नु पर्छ , किन भने अल्लाहसित गरेको प्रतिज्ञा मध्ये यो पनि छ कि मानिसहरुसित गरेको प्रतिज्ञालाई पनि पुरा गर्नु, र कयामतमा हरेक प्रतिज्ञा बारे सोधपुछ हुनेछ , अल्लाह तआलाले भन्नु भयो : وَأَوْفُوا بِالعَهْدِ إِنَّ العَهْدَ كَانَ مَسْئُولًا

प्रतिज्ञालाई पुरा गर किन भने प्रतिज्ञाको बारेमा अवश्य सोधपुछ हुनेछ । (अलइस्रा ३४)

## (४) परोक्षमा अल्लाहसित डर मान्ने

अल्लाह तआलाले भन्नु भएको छः

إِنَّ الَّذِينَ يَخْشَوْنَ رَبَّهُمْ بِالغَيْبِ لَهُمْ مَغْفِرَةٌ وَأَجْرٌ كَبِيرٌ (الملك:١٢)

नि:सन्देह जुन् मानिसहरु परोक्षमा आफ्नो पालनकर्तासित डरने गर्दछन् उनीहरुको निम्ति क्षमा र ठुलो पुरस्कार छ । (अलमुल्क १२)

रसूल ﷺ संधै परोक्षमा अल्लाहसित डर प्राप्तिको लागि प्रार्थना गर्ने गर्थे,

प्रिय पाठक! अल्लाह तआला कहिले आफ्नो भक्तहरुको परिक्षा लिन्छन , त्यसको लागि पापको हरेक मौका दिने गर्छन र यो हेर्नु हुन्छन कि के मेरो भक्त एकान्तमा म सित डराउँ छ ? तसर्थ कहिल्यै पनि यस्तो नसोच्नु कि म एकलो छु र कसैले पनि मलाई हेरिरहेको छैन, बरु अल्लाहलाई ध्यानमा राख्नु र ऊसित डर मान्ने गर्नु ।

रसूल ﷺ को साथीहरु एहरामको अवस्थामा होदैयिबा भन्ने ठाउँमा थिए, आसपास र टेन्टको चारै तिर वन्को पशु पन्छीहरु पनि थिए, तर अल्लाहको डर र पुण्यको आशाले उनीहरु मध्ये कसैले पनि शिकार गरेनन्, अल्लाह तआलाले भन्नु भयो:

يَا أَيُّهَا الَّذِينَ آَمَنُوا لَيَبْلُوَنَّكُمُ اللهُ بِشَيْءٍ مِنَ الصَّيْدِ تَنَالُهُ أَيْدِيكُمْ وَرِمَاحُكُمْ لِيَعْلَمَ اللهُ مَنْ يَخَافُهُ بِالغَيْبِ فَمَنِ اعْتَدَى بَعْدَ ذَلِكَ فَلَهُ عَذَابٌ أَلِيمٌ [المائدة:٩٤]

हे मोमिनहरु ! अल्लाह तिम्रो परिक्षा सामान्य अवस्थामा शिकारबाट लिनेछ जुन्कि तिमीले हातले वा भालाले (अस्त्र) गर्दछौं, (अर्थात एहरामको अवस्थामा शिकारको निषेधबाट) जसबाट अल्लाहले थाहा पाओस कि अदृश्य रुपमा उस सँग को डराउँछ, तसर्थ जसले त्यस पछि सीमा उल्लंघन गर्नेछ त्यसको निम्ति कष्ट दायक सजाय छ । (अलमाएदा ९४)

बिचार गर्नुस् कि यदि तपाई मानिसहरुबाट, आफ्नो घर परिवारबाट टाँढा भएर एकान्तमा कुनै पापको मौका पाउँछौं भने के तपाईले त्यो पाप गर्छौं ? अथवा तपाईले त्यो पाप गर्दैनौं ? बरु त्यसको

बदलामा जुन् पुण्य राखिएको छ त्यसको कामना गर्छौं ? यदि यस्तो छ भने परोक्षमा अल्लाहसित डर मान्नु भनेको यही हो ।

## (५) अल्लाहको आज्ञा पालन, सच्चाइ, संयम, धैर्य, विनयता, ब्रत, गुप्ताँगको सुरक्षा, र अधिक भन्दा अधिक अल्लाहको स्मरण ।

अल्लाह तआलाले भन्नु भयो:

إِنَّ الْمُسْلِمِينَ وَالْمُسْلِمَاتِ وَالْمُؤْمِنِينَ وَالْمُؤْمِنَاتِ وَالْقَانِتِينَ وَالْقَانِتَاتِ وَالصَّادِقِينَ وَالصَّادِقَاتِ وَالصَّابِرِينَ وَالصَّابِرَاتِ وَالْخَاشِعِينَ وَالْخَاشِعَاتِ وَالْمُتَصَدِّقِينَ وَالْمُتَصَدِّقَاتِ وَالصَّائِمِينَ وَالصَّائِمَاتِ وَالْحَافِظِينَ فُرُوجَهُمْ وَالْحَافِظَاتِ وَالذَّاكِرِينَ اللهَ كَثِيرًا وَالذَّاكِرَاتِ أَعَدَّ اللهُ لَهُمْ مَغْفِرَةً وَأَجْرًا عَظِيمًا [الأحزاب:٣٥]

नि:सन्देह मुस्लिम पुरुषहरु र मुस्लिम स्त्रीहरु, ईमानवाला पुरुषहरु र ईमानवाली स्त्रीहरु, निष्ठापुर्वक आज्ञापालन गर्ने पुरुषहरु र निष्ठावान स्त्रीहरु, सत्यवादी पुरुषहरु र सत्यवादी स्त्रीहरु, धैर्यवान पुरुषहरु र धैर्य गर्ने स्त्रीहरु, विनम्रता देखाउने पुरुषहरु र विनम्रता देखाउने स्त्रीहरु, दान दिने पुरुषहरु र दान दिने स्त्रीहरु, व्रत बस्ने पुरुषहरु र व्रत बस्ने स्त्रीहरु, आफ्ना गुप्ताङ्गहरुको रक्षा गर्ने पुरुषहरु र आफ्ना गुप्ताङ्गहरुका रक्षा गर्ने स्त्रीहरु, र अल्लाहलाई धेरै स्मरण गर्ने पुरुषहरु र स्मरण गर्ने स्त्रीहरु, यिनीहरुका निम्ति अल्लाहले क्षमा र ठुलो प्रतिफल तयार गर्नु भएको छ । (अल अहजाब ३५)

## (६) रातिको नमाज (तहज्जुद)

अबु सईद अल खुदरी र अबूहुरैरह رضي الله عنهما को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنِ اسْتَيْقَظَ مِنَ اللَّيْلِ وَأَيْقَظَ امْرَأَتَهُ فَصَلَّيَا رَكْعَتَيْنِ جَمِيعًا كُتِبَا مِنَ الذَّاكِرِينَ اللَّهَ كَثِيرًا وَالذَّاكِرَاتِ ». (رواه أبوداؤد 1451 وابن ماجة 1335 والبيهقي 4420

जुन व्यक्तिले रातिमा जागेर आफ्नो पत्नीलाई जगाउँछ र दुबैजनाले दुई रकात नमाज पढ्छन भने उनीहरु अल्लाहलाई धेरै स्मरण गर्ने पुरुष र स्त्रीहरु मध्ये उल्लेख हुन्छन् । (अबू दाऊद १४५१ इब्न माजा १३३५ बैहकी ४४२०)

र पछिल्लो आयतमा यो कुरा उल्लेख भइसकेको छ कि अल्लाहलाई धेरै स्मरण गर्ने व्यक्तिहरुले ठुलो प्रतिफल पाउनेछन ।

## (७) रसूल ﷺ को समीप आफ्नो आवाज मन्द राख्नु

अल्लाह तआलाले भन्नु भयो:

**إِنَّ الَّذِينَ يَغُضُّونَ أَصْوَاتَهُمْ عِنْدَ رَسُولِ اللهِ أُولَئِكَ الَّذِينَ امْتَحَنَ اللهُ قُلُوبَهُمْ لِلتَّقْوَى لَهُمْ مَغْفِرَةٌ وَأَجْرٌ عَظِيمٌ** [الحجرات:٣]

जुन् मानिसहरु रसूल ﷺ को हजुरमा आफ्नो आवाज मन्द राख्दछन् यी नै ती मानिसहरु हुन् जसका हृदयलाई अल्लाहले संयमको निम्ति जाँची लिएका छन, उनको लागि मुक्ति छ र ठुलो प्रतिफल छ । (अलहुजरात ३)

इमाम कुरतुबी رحمه الله ले आफ्नो तफसीरमा इब्नुल अरबीको भनाइ नकल गर्नु भएको छ कि नबी ﷺ को सम्मान र प्रतिष्ठा मृत्यु पछि पनि त्यति नै छ जति जीवनमा थियो, मृत्यु पछि पनि उहाँको शब्दलाई त्यहि दर्जा प्राप्त छ जुन् दर्जा स्वयं उहाँको मुखले निस्कने समयमा प्राप्त थियो, तसर्थ उहाँको हदीस पढ्ने समय उपस्थित हरेक व्यक्तिलाई त्यो सुन्नु र आफ्नो आवाज मन्दा राख्नु जरुरी छ जस्तो कि उहाँको बैठकमा र उहाँले भनेको समयमा जरुरी थियो, अल्लाह तआलाले यस कुराको

खुलासा गर्नु भएको छ कि रसूल ﷺ को सम्मान र प्रतिष्ठा संधैको लागि छ , अल्लाह तआलाले भन्नु भयो:

وَإِذَا قُرِئَ الْقُرْآنُ فَاسْتَمِعُوا لَهُ وَأَنْصِتُوا لَعَلَّكُمْ تُرْحَمُونَ [الأعراف:٢٠٤]

जब कुरआन पढिन्छ त त्यतिखेर ध्यान दिएर सुन, र चुप लागेर बस, ताकि तिमी माथि दया गरियोस । (अलआअराफ २०४)

र नबी ﷺ को भनाई पनि वही (वाणी) अर्थात अल्लाहको तर्फबाट अवतरित भएको कुरा नै हो, त्यसमा पनि त्यसतै नै फायदाहरु छन् । (الجامع لأحكام القرآن للقرطبي)

## (१०) जिहाद (धर्म युद्ध)

जिहाद शरीरले पनि हुन्छ सम्पतिले पनि हुन्छ मुखले पनि हुन्छ ।

### क - शारीरिक जिहाद

अल्लाह तआलाले भन्नु भयो:

فَلْيُقَاتِلْ فِي سَبِيلِ اللهِ الَّذِينَ يَشْرُونَ الحَيَاةَ الدُّنْيَا بِالآَخِرَةِ وَمَنْ يُقَاتِلْ فِي سَبِيلِ اللهِ فَيُقْتَلْ أَوْ يَغْلِبْ فَسَوْفَ نُؤْتِيهِ أَجْرًا عَظِيمًا [النساء:٧٤]

जसले संसारिक जीवनलाई प्रलोकको जीवनको लागि बेचेका छन् तिनीहरुलाई आवश्यक छ कि अल्लाहको मार्गमा युद्ध गरुन र जो मानिस अल्लाहको मार्गमा युद्ध गर्दै शहीद हुन्छ वा विजयी हुन्छन निश्चय नै हामीले उसलाई बहुमूल्य पुरस्कार प्रदान गर्ने छौं । (अन्निसा ७४)

हजरत अबूहुरैरह رضي الله عنه को हदीसमा छ:

أَنَّ رَجُلاً جَاءَ إِلَى رَسُولِ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ دُلَّنِي عَلَى عَمَلٍ يَعْدِلُ الْجِهَادَ قَالَ لَا أَجِدُهُ قَالَ هَلْ تَسْتَطِيعُ إِذَا خَرَجَ الْمُجَاهِدُ أَنْ تَدْخُلَ مَسْجِدَكَ فَتَقُومَ وَلَا تَفْتُرَ وَتَصُومَ وَلَا تُفْطِرَ قَالَ وَمَنْ يَسْتَطِيعُ ذَلِكَ» (رواه البخاري واللفظ له 2785 ومسلم 1878

एक व्यक्तिले रसूल ﷺ कहाँ आएर सोध्नु भयो कि मलाई कुनै यस्तो कार्यको सल्लाह दिनुस जुन् जिहादको बराबर होस, त रसूल ﷺ ले भन्नु भयो कि यस्तो कुनै कार्य छैन, त्यस पछि भन्नु भयो कि मुजाहिद अर्थात योद्धा जब जिहादको लागि निस्किहाल्छ, के तिमी त्यो समय देखि मस्जिदमा गएर संधैको लागि उभिन सक्छौं र संधैको लागि बर्त बस्न सक्छौं? त त्यो व्यक्तिले भन्नु भयो कि को छ जो यस्तो गर्न सक्छ, अर्थात कोहि पनि यस्तो गर्न सक्दैन । (बुखारी २७८५ मुस्लिम १८७८)

र समुद्रको जिहाद धरतीको जिहाद भन्दा पुण्यमा दस गुणा अधिक उत्तम छ, अब्दुल्लाह बिन अमर बिन अल आस رضي الله عنه ले भन्नु हुन्छ कि नबी ﷺ ले भन्नु भयो:

غَزْوَةٌ فِي الْبَحْرِ ، خَيرٌ مِنْ عَشْرِ غَزَوَاتٍ فِي الْبَرِّ ، وَمَنْ أَجَازَ الْبَحْرَ ، فَكَأَنَّمَا أَجَازَ الأَوْدِيَة كُلَّهَا وَالْمَائِدُ فِيهِ كَالْمُتَشَحِّطِ فِي دَمِهِ» (رواه ابن ماجة 2777 والحاكم 2634 وصححه الألباني في صحيح الجامع 4154)

समुद्रको जिहाद धरतीको जिहाद भन्दा दस गुणा अधिक राम्रो छ र जसले समुद्र पार गर्छ भने त्यो यस्तै हो जस्तै कि सबै खोलाहरु पार गरेको छ, र समुद्रमा बिहोश भएको व्यक्ति यस्तै छ जस्तो कि रगतमा लतपत भएको व्यक्ति । (इब्न माजा २७७७ हाकिम २६३४)

र सीमा सुरक्षामा पाइएको मृत्यु यस्तो कार्य हो जसको पुण्यलाई अल्लाहले कयामत सम्म बढाउँछन र बिकासित गर्नेछन्  हजरत सलमान رضي الله عنه ले भन्नु हुन्छन कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छुः

رِبَاطُ يَوْمٍ وَلَيْلَةٍ خَيْرٌ مِنْ صِيَامِ شَهْرٍ وَقِيَامِهِ وَإِنْ مَاتَ جَرَى عَلَيْهِ عَمَلُهُ الَّذِى كَانَ يَعْمَلُهُ وَأُجْرِىَ عَلَيْهِ رِزْقُهُ وَأَمِنَ الْفَتَّانَ » (رواه الإمام البخاري 2892 ومسلم واللفظ له 1913

एक दिन र एक रातिका लागि सीमा सुरक्षामा बसेको कार्य एक महिनाको रोजा र एक महनिाको रातिको नमाज भन्दा अधिक सर्वश्रेष्ठ छ यदि यसै बीच त्यसको मृत्यु भइहाल्यो भने त्यसले गर्ने कार्यहरु र त्यसको जिवीका संधै जारी रहनेछ र त्यसले कबरको यातनाबाट मुक्ति पाउनेछ। (बुखारी २८९२ मुस्लिम १९१३)

हजरत फुजाला बिन ओबैद ﵁ को हदीसमा छ कि नबी ﷺ ले भन्नु भयो:

كُلُّ مَيِّتٍ يُخْتَمُ عَلَى عَمَلِهِ إِلَّا الَّذِي مَاتَ مُرَابِطًا فِي سَبِيلِ اللَّهِ فَإِنَّهُ يُنَمَّى لَه عَمَلُهُ إِلَى يَوْمِ الْقِيَامَةِ وَيَأْمَنُ مِنْ فِتْنَةَ الْقَبْرِ وسمعتُ رَسُولَ الله صَلّى اللهُ عَلَيْهِ وَسَلّمَ يَقُوْلُ اَلْمُجَاهِدُ مَنْ جَاهَدَ نَفْسَه» (رواه الترمذي 1621 وأبوداؤد 2500

हरेक मृतकको कर्मको सिलसिला समाप्त भइहाल्छ तर मात्र सीमा सुरक्षामा मरेको व्यक्ति, किन भने कयामत सम्म उसको कर्ममा बृद्धि हुँदैजान्छ र कबरको यातनाबाट मुक्ति पाउँछ ,र मैले रसूल ﷺ लाई भन्दै सुनेको छु कि मुजाहिद त्यो हो जसले आफ्नै आत्माको नराम्रो सोच विचार संग जिहाद गर्दछ । (तिर्मिजी १६२१ अबू दाऊद २५००

## ख - सम्पति द्वारा जिहाद

अल्लाह तआलाले भन्नु भयो:

آَمِنُوا بِاللهِ وَرَسُولِهِ وَأَنْفِقُوا مِمَّا جَعَلَكُمْ مُسْتَخْلَفِينَ فِيهِ فَالَّذِينَ آَمَنُوا مِنْكُمْ وَأَنْفَقُوا لَهُمْ أَجْرٌ كَبِيرٌ [الحديد:٧]

अल्लाह र उसको रसूलमाथि ईमान ल्याउ र जुन् माल सम्पतिमा उसले तिमीहरुलाई उत्तरधिकारी बनाएको छ त्यस मध्ये खर्च गर, त तिमीहरु मध्ये जसले ईमान ल्याए र खर्च (दान) गर्छन उनीहरुको निम्ति ठुलो प्रतिफल छ। (अल हदीद ७)

र जसले अल्लाहको मार्गमा खर्च गर्छ भने त्यसको पुण्य सात सय गुणा अधिक हुन्छ , खुरैम बिन फातिक ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ أَنْفَقَ نَفَقَةً ، فِي سَبِيلِ اللهِ ، كُتِبَتْ لَهُ بِسَبْعِمِئَةِ ضِعْفٍ (رواه الترمذي 1625 والنسائي 3186

जुन् सुकै व्यक्तिले अल्लाहको मार्गमा कुनै पनि वस्तु खर्च गर्नु हुन्छ भने त्यसको लागि सात सय गुणा पुण्य उल्लेख हुन्छ । (तिर्मिजी १६२५ नसई ३१८६)

जैद बिन खालिद ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ جَهَّزَ غَازِيًا فِي سَبِيلِ اللَّهِ فَقَدْ غَزَا وَمَنْ خَلَفَ غَازِيًا فِي سَبِيلِ اللَّهِ فِي اهلِه بِخَيْرٍ فَقَدْ غَزَا» (رواه البخاري 2843 ومسلم 1895

जसले मुजाहिदलाई जिहाद गर्ने सामाग्री त्यार पार्यो भने वास्तविकमा त्यो पनि जिहाद गर्यो र जसले मुजाहिदको परिवारलाई रेखदेख गर्यो भने त्यो पनि मुजाहिद नै हुन्छ । (बुखारी २८४३ मुस्लिम १८९५)

उहाँकै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ جَهَّزَ غَازِيًا فِي سَبِيلِ اللَّهِ كَانَ لَهُ مِثْلُ أَجْرِه مِنْ غَيْرِ أَنْ يَنْقُصَ مِنْ أَجْرِ الْغَازِي شَيْئًا» (رواه ابن ماجة 2759 والدارمي 2419 والبيهقي وصححه الألباني

जसले मुजाहिदर्लाइ जिहाद गर्ने सामाग्री त्यार पार्यो भने त्यसले मुजाहिद जस्तै पुण्य पाउँछ र यस कारण मुजाहिदको पुण्यमा पनि कुनै प्रकारको कमी हुनेछैन । (इब्न माजा २७५९ दारमी २४१९ बैहकी)

## ग - मौखिक जेहाद

हजरत कअब बिन मालिक ﵁ ले भन्नु हुन्छन कि मैले रसूल ﷺ सगँ सोधे कि हे अल्लाहको रसूल ! अल्लाह तआलाले कवितामा प्रभावकारिको निकै गुण राख्नु भएको छ त उहाँले भन्नु भयो:

إِنَّ الْمُؤْمِنَ يُجَاهِدُ بِسَيْفِهِ وَلِسَانِهِ وَالَّذِي نَفْسِي بِيَدِهِ لَكَأَنَّمَا تَرْمُونَهُمْ بِهِ نَضْحُ النَّبْلِ» (رواه البيهقي 20897 وصححه الألباني

मोमिन तर्वारले पनि जिहाद गर्छ र जिभ्रोले पनि जिहाद गर्छ र अल्लाहको कसम जब तिमीहरु कविता पढेर मुखले युद्ध गर्छौ भने उनीहरुलाई यस्तो महसुस हुन्छ कि जस्तो तीर लागेको छ । (बैहकी २०८९७)

अनस बिन मालिक ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

جَاهِدُوا الْمُشْرِكِينَ بِأَمْوَالِكُمْ وَأَنْفُسِكُمْ وَأَلْسِنَتِكُمْ » (رواه أبوداؤد 2504 والنسائي 3096 والدارمي 3096

मुशिरकहरुसित जिहाद गर आफ्नो धनले, ज्यानले, र मुखले । (अबू दाऊद २५०४नसई ३०९६ दारमी ३०९६

# पन्ध्रौ कार्य : सहनशीलता (धैर्य)

अल्लाह तआलाले संसारको यो नियम बनाउनु भएको छ कि यहाँ कसैलाई सँधै खुशी प्राप्त हुँदैन, र यो वचन पनि दिनु भएको छ कि जो पनि अल्लाहको लागि संसारको दुख: र संकटलाई झेल्दछ भने

त्यसलाई अत्यन्त महान र ठुलो प्रतिफल प्राप्त हुन्छ , अल्लाह तआलाले भन्नु भएको छः

قُلْ يَا عِبَادِ الَّذِينَ آمَنُوا اتَّقُوا رَبَّكُمْ لِلَّذِينَ أَحْسَنُوا فِي هَذِهِ الدُّنْيَا حَسَنَةٌ وَأَرْضُ اللهِ وَاسِعَةٌ إِنَّمَا يُوَفَّى الصَّابِرُونَ أَجْرَهُمْ بِغَيْرِ حِسَابٍ [الزُّمر:١٠]

भनिदिनुस हे ईमानवाला सेवकहरु ! आफ्नो पालनकर्ता सित डर मान्ने गर, जसले संसारमा सत्कर्म गरेर देखाए उनीहरुको निम्ति राम्रो प्रतिफल छ र अल्लाहको धरती फराकिलो छ, र धैर्यवानहरुकै निम्ति पुरा पुरा अनगिन्त पुरस्कार दिइन्छ ।
सहन भनेको कहिले अल्लाहको अनुसरणमा गर्नु पर्छ त कहिले पापलाई त्यागमा, र कहिले भाग्यमा उल्लेख दुखः र कष्टलाई झेल्नुमा पनि सहन गर्नु पर्छ ।

**क - अल्लाहको अनुशरणमा सहन्**

अल्लाहको अनुशरणमा गर्नु पर्ने सहनले मनुष्यको कर्मको तराजू भारी हुन्छ , जस्तो कि बर्त बस्दा भुखको पिडालाई सहन गर्ने, किन भने सहनशीलताको अनेकौं प्रकारहरु मध्ये बर्त चाहिं एउटा महान प्रकार हो, त्यसमा अल्लाहको अनुसरण प्रति सहन गर्नु पर्छ र पापलाई त्यागने प्रति पनि सहन् गर्नु पर्छ ,यही कारण छ कि रसूल ﷺ ले रमजानको महिनालाई सहनशीलताको महिना भन्नु भएको छ , अबूहुरैरह رضي الله عنه ले भन्नु हुन्छ कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छुः

شَهْرِ الصَّبْرِ وَصَوْمُ ثَلَاثَةِ أَيَّامٍ مِنْ كُلِّ شَهْرٍ صَوْمُ الدَّهْرِ» (رواه ابوداؤد 2428 وصححه اللباني

सहनको महिनाको बर्त र हरेक महिनामा तीन दिनको बर्त चाहिं संधैको लागि बर्त बस्ने जस्तै छ । (अबू दाऊद २४२८)
अल्लाहको अनुसरणमा गर्नु पर्ने सहन्को प्रतिफल परिस्थिती अनुसार हरेक समयमा बेगलै हुन्छ, यदि संकटको समय छ ,

धर्म अपरिचित भइसकेको छ र समर्थकहरु थोरै छन भने यस्तो परिस्थितीमा त्यसको प्रतिफल पचास शहीद जति हुन्छ, अब्दुल्लाह बिन मसऊद ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّ مِنْ وَرَائِكُمْ زَمَانَ صَبْرٍ، لِلْمُتَمَسِّكِ فِيهِ أَجْرُ خَمْسِينَ شَهِيدًا» (رواه الطبراني في الكبير10394 وصححه الألباني في صحيح الجامع 2234)

सहनशीलताको समय पछि आउने छ , र त्यस समयमा धर्मलाई समाति राखेको व्यक्तिहरुलाई पचास शहीदको प्रतिफल प्राप्त हुन्छ । तबरानी १०३९४

## ख - पापलाई त्याग्नुमा सहन्

पापलाई त्याग्नुमा जुन् प्रकारको सहनशीलताले काम लिनु पर्छ त्यो पनि कर्मको तराजूलाई वजनशील बनाउँछ, जस्तो कि अवैध समबन्धबाट आफुलाई सुरक्षित राख्नु किन भने अल्लाह तआलाले यस्ता व्यक्तिहरुको लागि ठुलो प्रतिफलको घोषणा गर्नु भएको छ , अल्लाह तआलाले भन्नु भएको छ:

وَالْحَافِظِينَ فُرُوجَهُمْ وَالْحَافِظَاتِ وَالذَّاكِرِينَ اللَّهَ كَثِيرًا وَالذَّاكِرَاتِ أَعَدَّ اللَّهُ لَهُمْ مَغْفِرَةً وَأَجْرًا عَظِيمًا [الأحزاب:٣٥]

आफ्ना गुप्ताङ्गहरको रक्षा गर्ने पुरुषहरु र रक्षा गर्ने स्त्रीहरु, र अल्लाहलाई धेरै स्मरण गर्ने पुरुषहरु र स्मरण गर्ने स्त्रीहरुका निम्ति अल्लाहले क्षमा र ठुलो प्रतिफल तयार गर्नु भएको छ । (अल अहजाब ३५)

सहल बिन सअद अल साअदी ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ تَوَكَّلَ لِي مَا بَيْنَ رِجْلَيْهِ وَمَا بَيْنَ لَحْيَيْهِ تَوَكَّلْتُ لَهُ بِالْجَنَّةِ» (رواه البخاري واللفظ له 6807 والحاكم 8058 والبيهقي 16448)

जसले मलाई आफ्नो गुप्ताङ्ग र आफ्नो जिभ्रोको सुरक्षा बारे ग्यारन्टी दिन्छ भने म त्यसलाई स्वर्गको ग्यारन्टी दिन्छु । (बुखारी ६८०७ हाकिम ८०५८ बैहकी १६४४८)

## ग - भाग्यमा उल्लेख दुखः र पिडा प्रति सहन्

भाग्यमा लेखिएको दुखः प्रति सहन् गर्नाले पनि कर्मको तराजू निकै वजनशील हुन्छ, जस्तोकि एउटा मुस्लिम आफ्नो छोराको मृत्यु माथि सहन् गर्छ, सौबान ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

بَخٍ بَخٍ لِخَمْسٍ مَا أَثْقَلَهُنَّ فِي الْمِيزَانِ، لا إِلَهَ إِلا اللَّهُ، وَسُبْحَانَ اللَّهِ، وَالْحَمْدُ لِلّه، وَاللَّهُ أَكْبَرُ، وَالْوَلَدُ الصَّالِحُ يُتَوَفَّى لِلْمَرْءِ الْمُسْلِمِ فَيَحْتَسِبُهُ» (رواه النسائي في السنن الكبرى 9995 والحاكم 1885 وصححه الألباني في صحيح الترغيب والترهيب 2009)

पाँचवटा कुराहरु अचम्मका कुरा हुन् किन भने कर्मको तराजूमा त्यो धेरै भारी हुन्छन, "लाइलाह इल्लल्लाह" "सुब्हानल्लाह" "अलहम्दु लिल्लाह" "अल्लाहु अकबर" र त्यो मुस्लिम जसको राम्रो छोराको यदि मृत्यु भईहाल्छ भने त्यो अल्लाह सित पुण्यको कामना गर्दै सहन गर्दछ । (सुननुल कुबरा लिन नसई ९९९५ हाकिम १८८५)

जस्तै कि कुनै पीडित व्यक्ति आफू माथि भइरहेको अत्याचारलाई सहन गर्छ , हजरत जाबिर ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

يَوَدُّ أَهْلُ الْعَافِيَةِ يَوْمَ الْقِيَامَةِ حِينَ يُعْطَى أَهْلُ الْبَلَاءِ الثَّوَابَ لَوْ أَنَّ جُلُودَهُمْ كَانَتْ قُرِضَتْ فِي الدُّنْيَا بِالْمَقَارِيضِ» وَفِي رِوَايَةٍ أَنَّه قَالَ «لَيَوَدَّنَّ أَهْلُ الْعَافِيَةِ يَوْمَ الْقِيَامَةِ

أَنَّ جُلُودَهُمْ قُرِضَتْ بِالْمَقَارِيضِ مِمَّا يَرَوْنَ مِنْ ثَوابِ أَهْلِ الْبَلاَءِ» (رواه الترمذي2402 وحسنه الألباني في صحيح الجامع 5484)

संसारमा सुखः चैनको जीवन बिताएको व्यक्तिहरु जब महाप्रलयको दिन पीडित व्यक्तिहरुले पाइरहेको उपहारलाई हेर्नेछन भने यो कामना गर्दछन कि काश संसारमा उनीहरुको छालालाई कैंचीले काटि दिएको हुन्थिए। (तिर्मिजी २४०२)

मोमिनको सहनशक्ति र काफिरको सहनशक्तिमा फर्क चाहिं मात्र यति नै हो कि मोमिन आफ्नो सहनशीलताको निम्ति अल्लाहसित प्रतिफलको आशा राख्दछ ,

नबी ﷺ को छोरि हजरत जैनबले जब रसूल ﷺ लाई आफ्नो एउटा छोराको मृत्युको खबर दिइन त रसूल ﷺ ले हजरत जैनबलाई सहनशीलताको र राम्रो प्रतिफलको आशा राख्नको सल्लाह दिनु भयो, ओसामा बिन जैद رضي الله عنه ले भन्नु हुन्छन कि हामी नबी ﷺ कहाँ उपस्थित थियैं त उहाँकी एउटि छोरीले कसैलाई पठाएर रसूल ﷺ लाई उपस्थित हुने आग्रह गरिन् र खबर दिइन कि उहाँको एउटा छोरा अन्तिम समयमा पुगिसकेका छन , त रसूल ﷺ ले भन्नु भयोः

ارْجِعْ إِلَيْهَا فَأَخْبِرْهَا أَنَّ لِلَّهِ مَا أَخَذَ وَلَهُ مَا أَعْطَى وَكُلُّ شَيْءٍ عِنْدَهُ بِأَجَلٍ مُسَمًّى فَمُرْهَا فَلْتَصْبِرْ وَلْتَحْتَسِبْ» (رواه البخاري 1284 ومسلم واللفظ له 923

फर्केर जाउ र यो भनिदेउ कि जे अल्लाह लिइ सक्यो त्यो अल्लाहकै थियो र जे पनि प्राप्त भएको छ त्यो अल्लाहकै हो, र हरेक वस्तुको एक खास समय तोकिएको छ, त्यस कारण उहाँलाई

धैर्य र सहनशीलता बनाइ राख्ने र राम्रो प्रतिफलको आशा राख्ने आदेश गर । (बुखारी १२८४ मुस्लिम ९२३)

जसले प्रतिफलको आशा राख्ने छैन त्यसलाई नबी ﷺ ले चेतावनी दिनु भएको छ , र भन्नु भएको छः

لاَ أَجْرَ لِمَنْ لاَ حِسْبَةَ لَهُ» (صحيح الجامع 7164)

जसले प्रतिफलको आशा नै राख्ने छैन त्यसले कुनै प्रकारको प्रतिफल पाउने छैन ।

अर्थात जसको उद्देश्य अल्लाहको अनुशरण र अल्लाहसित नजिक हुनु छैन भने त्यसले कुनै प्रकारको प्रतिफल पनि पाउने छैन, तसर्थ बिचार गर्नुस कि एउटा सहनशील व्यक्ति जसले पुण्यको आशा राख्दछ त्यस बीच र यस्तो व्यक्तिको बीच जसलाई कुनै प्रकारको बिकल्प नै छैन कति अन्तर छ ।

## सोह्रौं कार्य : यस्तो सत्कर्महरु जसको प्रतिफल जिहाद (धर्म युद्ध) जस्तै छ

हामीले भनिसकेका छौं कि जिहाद कर्मको तराजूलाई भारी बनाउँछ, तर यस बाहेक अरु पनि यस्तो कार्यहरु छन् जसको पुण्य जिहाद जस्तै छ, यो चाहिं अल्लाहको कृपा हो, र त्यस मध्ये तेरहवटा कार्यहरुलाई म यहाँ बयान गर्ने छु, इब्ने हजर رحمه الله ले भन्नु हुन्छन कि «मुजाहिदको दर्जा अरु व्यक्तिहरुले पनि शुद्ध मन् द्वारा अथवा जिहाद जस्तो महान कर्महरु द्वारा प्राप्त गर्न सक्छन, किन भने रसूल ﷺ ले सबैलाई फिरदौस प्राप्तिका आदेश दिनु भएको छ, जबकि उहाँले आफै भन्नु भएको छ कि फिरदौस मुजाहिदहरुको लागि तयार गरिएको छ

(فتح الباري بشرح صحيح البخاري لابن حجر العسقلاني)

## (१) विधवा र गरिबको सेवा

अबूहुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

السَّاعِي عَلَى الْأَرْمَلَةِ وَالْمِسْكِينِ كَالْمُجَاهِدِ فِي سَبِيلِ اللَّهِ أَوْ الْقَائِمِ اللَّيْلِ الصَّائِمِ النَّهَارِ» (رواه البخاري واللفظ له 5353 ومسلم 2982

विधवा र गरिबको सेवक मुजाहिद वा रातिमा नमाज पढ्नेवाला तथा दिनमा ब्रत बस्नेवालाहरु जस्तो छ । (बुखारी ५३५३ मुस्लिम २९८२)

र यो चाहिं एकदमै सजिलो कार्य छ, किन भने कुनै विधवा तपाईको माइज्यू होलान, त कुनै तपाईको सानीआमा, वा कुनै विधवा तपाईको हजुरआमा होलान, तसर्थ अलिकति कामका लागि पाइएको यति ठुलो प्रतिफल छोड्नु हुदैन ।

## (२) जिलहिज्जा महिनाको १० दिनमा गरिएको पुण्य कार्यहरु

हजरत इब्ने अब्बास ﷺको हदीसमा छ कि रसूलﷺ ले भन्नु भयो:

مَا مِنْ أَيَّامٍ الْعَمَلُ الصَّالِحُ فِيهَا أَحَبُّ إِلَى اللَّهِ مِنْ هَذِهِ الأَيَّامِ الْعَشْرِ» قَالُوا يَا رَسُولَ اللَّهِ وَلاَ الْجِهَادُ فِى سَبِيلِ اللَّهِ قَالَ « وَلاَ الْجِهَادُ فِى سَبِيلِ اللَّهِ إِلاَّ رَجُلٌ خَرَجَ بِنَفْسِهِ وَمَالِهِ فَلَمْ يَرْجِعْ مِنْ ذَلِكَ بِشَىْءٍ » (رواه البخاري 2843ومسلم 1895

यी दश दिनमा गरिएको राम्रो (पुण्य) कार्यहरु अल्लाहलाई जति मन पर्छ अरु अन्य दिनको पुण्यकार्य त्यती मन पर्दैन त साथीहरुले सोध्नु भयो हे अल्लाहको रसूल ! के अल्लाहको मार्गमा युद्ध पनि त्यस भन्दा अधिक प्रिय छैन त रसूल ﷺ ले भन्नु भयो कि जिहाद पनि छैन, तर मात्र यस्तो व्यक्ति जसले आफ्नो माल र

ज्यानको साथ धर्मयुद्धमा गयो तर त्यस मध्ये केहि पनि फर्केन, अर्थात शहीद भयो। (बुखारी २८४३ मुस्लिम १८९५)

बैहकीमा हदीसको शब्द यस प्रकार छन् कि रसूलﷺले भन्नु भयो:

مَا مِنْ عَمَلٍ أَزْكَى عِنْدَ اللَّهِ عَزَّ وَجَلَّ وَلَا أَعْظَمَ أَجْرًا مِنْ خَيْرٍ تَعْمَلُهُ فِي عَشْرِ الْأَضْحَى قِيلَ وَلَا الْجِهَادُ فِي سَبِيلِ اللَّهِ قَالَ وَلَا الْجِهَادُ فِي سَبِيلِ اللَّهِ إِلَّا رَجُلٌ خَرَجَ بِنَفْسِهِ وَمَالِهِ فَلَمْ يَرْجِعْ مِنْ ذَلِكَ بِشَيْءٍ» (رواه الدارمي 1815)

अल्लाहको नजिक बकराईदको दस दिनमा तपाईले जुन पुण्यकार्यहरु गर्छौ त्यस भन्दा अधिक राम्रो र ठुलो प्रतिफल पाउने अरु कुनै दिनमा कुनै कार्य छैन, त साथीहरुले सोध्नु भयो, हे अल्लाहको रसूल ! के अल्लाहको मार्गमा जिहाद पनि त्यस भन्दा अधिक राम्रो छैन ? त रसूल ﷺ ले भन्नु भयो कि जिहाद पनि छैन, तर मात्र यस्तो व्यक्ति जसले आफ्नो माल र ज्यानको साथ निस्कयो र त्यस मध्ये केहि पनि फर्केर आएन अर्थात त्यो शहीद भयो। (दारमी १८१५)

## (३) नमाजमा ढिलो नगर्ने बरु त्यसलाई आफ्नो समयमा अथवा शुरु समयमा पढ्ने

अब्दुल्लाह बिन मसऊदرضي الله عنه ले भन्नु हुन्छन:

سَأَلْتُ النَّبِي صلى الله عليه وسلم أَيُّ العَمَلِ أَحَبُّ إِلَى اللَّهِ عَزَّ وَجَلَّ قَالَ «الصَّلَاةُ عَلَى وَقْتِهَا». قُلْتُ ثُمَّ أَيٌّ قَالَ «ثُمَّ بِرُّ الْوَالِدَيْنِ». قُلْتُ ثُمَّ أَيٌّ قَالَ «ثُمَّ الْجِهَادُ فِي سَبِيلِ اللَّهِ» (رواه االبخاري 527 ومسلم 85

मैले रसूल ﷺ सित सोधे कि अल्लाहको नजिक कुन कार्य चाहिं सबभन्दा अधिक प्रिय छ? त उहाँले जवाफ दिनु भयो कि निर्धारित समयमा नमाज पढ्नु, फेरि मैले सोधे कि त्यस पछि?

त उहाँले भन्नु भयो कि त्यस पछि आफ्नो आमा बुवा सँग राम्रो व्यवहार गर्नु, र फेरि मैले सोधे कि त्यस पछि? त उहाँले भन्नु भयो कि त्यस पछि अल्लाहको मार्गमा जिहाद गर्नु । (बुखारी ५२७ मुस्लिम ८५)

त बिचार गर्नुस कि नबी ﷺ ले कसरी नमाज र आमा बुवा सँग राम्रो व्यवहारलाई जिहाद माथि प्राथमिक्ता दिनु भएको छ, र यस प्रकार त्यो दुवै कार्यहरु कति महान र ठुलो हुन्छन ।

कर्मको तराजूमा नमाजको प्रतिफल अझै अधिक हुन्छ यदि त्यो समुह सँग मस्जिदमा पढिएको छ, अबूहुरैरह رضي الله عنه को हदिसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

صَلاَةٌ مَعَ الإِمَامِ أَفْضَلُ مِنْ خَمْسٍ وَعِشْرِينَ صَلاَةً يُصَلِّيهَا وَحْدَهُ » (رواه البخاري 477 ومسلم 649)

इमाम सँग पढेको एक नमाज एकलो पढेको पचीस नमाज भन्दा अधिक उत्तम छ । (बुखारी ४७७ मुस्लिम ६४९)

इमाम जोहरी رحمه الله ले एउटा यस्तो व्यक्तिको पछाडि नमाज पढ्नु हुन्थे जसलाई राम्रोसंग कुरआन पनि पढ्न आउँदैथिएन, तर इमाम जोहरी رحمه الله ले भन्नु हुन्थे कि यदि सामुहिक नमाजको विशेषता नहुन्थ्यो भने म कहिल्यै त्यसको पछाडि नमाज नपढथे ।

त्यस्तै जति संख्यामा मान्छेहरु उपस्थित हुन्छन् त्यति नै सामुहिक नमाजको पुण्य पनि बढदै जान्छ ,

र नमाजमा जति मान्छेहरु उपस्थित हुन्छन त्यति नै राम्रो हुन्छ र त्यसको पुण्य त्यति नै बढी हुन्छ ।

त्यस्तै नमाज यदि मक्का र मदिनाको हरम अर्थात पवित्र क्षेत्रमा पढिएको छ भने त्यसको पुण्य अझै बढी हुन्छ , मक्काको पवित्र मस्जिदमा एक नमाजको पुण्य एक लाख नमाज जति हुन्छ , र मदीनाको पवित्र मस्जिदमा एक नमाजको पुण्य एक हजार नमाज जति हुन्छ , हजरत जाबिर ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

صَلَاةٌ فِي مَسْجِدِي أَفْضَلُ مِنْ أَلْفِ صَلَاةٍ فِيمَا سِوَاهُ إِلَّا الْمَسْجِدَ الْحَرَامَ وَصَلَاةٌ فِي الْمَسْجِدِ الْحَرَامِ أَفْضَلُ مِنْ مِائَةِ أَلْفِ صَلَاةٍ فِيمَا سِوَاهُ » (رواه البخاري 1190 ومسلم 1394

मेरो मस्जिदमा एक नमाज अरु मस्जिदको एक हजार नमाज भन्दा अधिक उत्तम छ तर मात्र मस्जिदे हरामको नमाज, किन भने मस्जिदे हराममा एक नमाज अरु मस्जिदको एक लाख नमाज भन्दा अधिक उत्तम छ । (बुखारी ११९० मुस्लिम १३९४)

## (४) एक नमाज पछि अर्को नमाजको प्रतिक्षा गर्ने

अनस बिन मालिक﵁ को हदीसमा छ कि रसूलﷺ ले भन्नु भयो:

أَلاَ أَدُلُّكُمْ عَلَى مَا يَمْحُو اللَّهُ بِهِ الْخَطَايَا وَيَرْفَعُ بِهِ الدَّرَجَاتِ ». قَالُوا بَلَى يَا رَسُولَ اللَّهِ. قَالَ « إِسْبَاغُ الْوُضُوءِ عَلَى الْمَكَارِهِ وَكَثْرَةُ الْخُطَا إِلَى الْمَسَاجِدِ وَانْتِظَارُ الصَّلاَةِ بَعْدَ الصَّلاَةِ فَذَلِكُمُ الرِّبَاطُ فَذَلِكُمُ الرِّبَاطُ فَذَلِكُمُ الرِّبَاطُ » (رواه مسلم 251 والنسائي 143

के म तिमीहरुलाई यस्तो कुराको खबर नदिउँ जसले गर्दा अल्लाह तआलाले पापहरु लाई मेटाइदिन्छन् र दर्जा उच्च गरि दिन्छन ? सबैले भन्नु भयो हो अवश्य बताउनु हे अल्लाहको रसूल, त रसूल ﷺ ले भन्नु भयो, अप्ठयारो र दुख (जाडो र

बिरामी) को बेलामा पनि पुरा पुरा वुजु गर्नु, मस्जिद तिर अधिक हिड्नु, र एक नमाज पछि अर्को नमाजको प्रतिक्षा गर्नु, यही सीमा सुरक्षा हो, यही सीमा सुरक्षा हो, यही सीमा सुरक्षा हो । (मुस्लिम २५१ नसई १४३)

एक नमाज पछि अर्को नमाजको प्रतिक्षा गर्नको लागि सबभन्दा सजिलो समय जसमा कुनै कष्ट छैन त्यो मगरिब र इशा नमाजको बीचको समय हो ।

## (५) आमा बुवा सँग राम्रो व्यवहार गर्नु

अब्दुल्लाह बिन अमर ﷺ को हदीसमा छः

جَاءَ رَجُلٌ إِلَى النَّبِىِّ –صلى الله عليه وسلم– يَسْتَأْذِنُهُ فِى الْجِهَادِ فَقَالَ « أَحَىٌّ وَالِدَاكَ ». قَالَ نَعَمْ. قَالَ « فَفِيهِمَا فَجَاهِدْ » (رواه البخاري 3004 ومسلم 2549

नबी ﷺ को हजुरमा आएर एक व्यक्तिले जिहादको अनुमति माग्नु भयो, त नबी ﷺ ले सोध्नु भयो, के तिम्रो माता पिता जिवीत छन, त उहाँले भन्नु भयो कि हो, त नबी ﷺ ले भन्नु भयो कि उनीहरुको सेवामा जिहाद गर अर्थात उनीहरुको सेवा गर । (बुखारी ३००४ मुस्लिम २५४९)

कसैले इब्ने अब्बास ﷺ को सेवामा उपस्थित भएर भन्नु भयोः

إِنِّيْ خَطَبْتُ امْرَأَةً فَأَبَتْ أَنْ تَنْكِحَنِيْ ، وَخَطَبَهَا غَيْرِيْ فَأَحَبَّتْ أَنْ تَنْكِحَه ، فَغِرْتُ عَلَيْهَا فَقَتَلْتُهَا ، فَهَلْ لِيْ مِنْ تَوْبَةٍ؟ قَالَ: أُمُّكَ حَيَّةٌ؟ قَالَ: لَا ، قَالَ: تُبْ إِلى اللّهِ عَزَّوَجَلَّ وَتَقَرَّبْ إِلَيْهِ مَا اسْتَطَعْتَ ، قَالَ عَطَاءُ بْنُ يَسَارٍ: فَذَهَبْتُ فَسَأَلْتُ ابْنَ عَبَّاسٍ: لِمَ سَأَلْتَه عَنْ حَيَاةِ

أُمِّهِ؟ فَقَالَ: إِنِّي لَا أَعْلَمُ عَمَلاً أَقْرَبَ إِلى اللّهِ عَزَّوَجَلَّ مِنْ بِرِّ الْوَالِدَةِ» (رواه البخاري في الأدب المفرد 4 وصححه الألباني في صحيح الأدب المفرد4 )

एउटि महिला सँग मैले विवाहको प्रस्ताव राखें तर उ तयार भएनिन् फेरि एउटा अर्को व्यक्तिले त्यही प्रस्ताव राख्यो र यस बेला उहाँ तुरन्त तयार हुने भइन् , त्यस कारण मैले रिसाएर महिलाको हत्या गरिदिए, त के मेरो यो पाप क्षमा हुन सक्छ ? इब्ने अब्बासले सोध्नु भयो, के तिम्रो आमा जिवीत छिन्? उसले भन्यो, छैन, इब्ने अब्बासले भन्नु भयो, तौबा (पशचाताप) गर, र सकभर अल्लाहको निकटता प्राप्त गर । (अलअदबुल मुफरद ४)

अता बिन यसार رحمه الله ले भन्नु हुन्छन कि म गएर इब्ने अब्बासलाई सोधें कि तपाईले त्यसको आमाको जीवन बारे किन सोध्नु भयो? त उहाँले भन्नु भयो कि मेरो ज्ञानमा अल्लाहको नजीक आमाको सेवा भन्दा अधिक प्रिय अरु कुनै कार्य छैन ।

आमा बुवा सँग राम्रो व्यवहार मध्ये यो पनि हो कि उनीहरुको मृत्यु पछि उनीहरुको साथीहरु सँग राम्रो व्यवहार गर्ने, अब्दुल्लाह बिन दिनार رحمه الله ले हजरत अब्दुल्लाह बिन उमर ﵁ को एउटा कथा नकल गरेका छन कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु:

إِنَّ أَبَرَّ الْبِرِّ صِلَةُ الْوَلَدِ أَهْلَ وُدِّ أَبِيهِ » (رواه مسلم 2552 وأبوداؤد 5143

सबभन्दा महान पुण्य यो हो कि छोरा आफ्नो पिताको प्रिय साथीहरु सँग नाता कायम राखोस । (मुस्लिम २५५२ अबू दाऊद ५१४३)

अबु बुर्दा ﵁ ले भन्नु हुन्छन कि जब म मदीना आएं त अब्दुल्ला बिन उमर ﵁ ले मलाई भेट्न आउनु भयो, र भन्नु भयो, के

तपाईलाई थाहा छ कि म किन आएको छु ? मैले भने, थाहा छैन, त उहाँले भन्नु भयो कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु:

مَنْ أَحَبَّ أَنْ يَصِلَ أَبَاهُ فِي قَبْرِهِ فَلْيَصِلْ إِخْوَانَ أَبِيهِ مِنْ بَعْدِهِ» (رواه ابن حبان 432

जसले मरे पछि पनि आफ्नो पिता सँग नाता राख्न चाहन्छ भने त्यसले पिताको भाइहरु सँग नाता राख्नु पर्छ। (इब्न हिब्बान ४३२) र त्यस पछि अब्दुल्लाह बिन उमर ﵁ ले भन्नु भयो कि मेरो पिता उमर र तपाइको पिता बीच प्रेम र भाइचारा थियो, तसर्थ मैले बिचार गरेकि त्यसलाई कायम राख्नु पर्छ।

यस प्रकार हामीले आफ्नो माता पिताको नातेदारहरु सँग र प्रिय साथीहरु सँग राम्रो व्यवहार राख्ने प्रयास गर्नु पर्छ, किन भने यो पुण्यको यस्तो कार्य हो जुन् अल्लाहले धेरै मन् पराउँछन।

## (६) दान वोसुली गर्ने

राफे बिन खदीज ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

الْعَامِلُ عَلَى الصَّدَقَةِ بِالْحَقِّ كَالْغَازِى فِى سَبِيلِ اللَّهِ حَتَّى يَرْجِعَ إِلَى بَيْتِهِ » (رواه أبوداؤد 2936 والحاكم 1474 وابن خزيمة 2334 وصححه الألباني

न्यायपुर्वक दान संकलन गर्ने व्यक्ति त्यस्तै छ जस्तो कि अल्लाहको मार्गमा जिहाद गरि रहेको व्यक्ति यहाँ सम्म कि घर फर्किहालोस। (अबू दाऊद २९३६ हाकिम १४७४ इब्न खुजैमा २३३४)

## (७) आफ्नो लागि, सन्तानहरुको लागि, र आमा बुवाको लागि परिश्रम गरि कमाउने

कअब बिन उजरह ﵁ ले भन्नु भएको छ कि एक व्यक्तिले रसूल ﷺ को नजिकबाट जानु भयो त उहाँको साथीहरुलाई

त्यसको सुस्वस्थ बलियो शरीर र सक्रियता साह्रै मन् पर्यो र उनीहरुले भने कि हे अल्लाहको रसूल यदि त्यो यस्तो स्वस्थ शरीर जिहादको लागि पालेको हुन्थ्यो भने कति राम्रो हुन्थ्यो, त रसूल ﷺ ले भन्नु भयो:

إِنْ كَانَ خَرَجَ يَسْعَى عَلَى وَلَدِهِ صِغَارًا فَهُوَ فِي سَبِيلِ اللَّهِ، وَإِنْ كَانَ خَرَجَ يَسْعَى عَلَى أَبَوَيْنِ شَيْخَيْنِ كَبِيرَيْنِ فَهُوَ فِي سَبِيلِ اللَّهِ، وَإِنْ كَانَ يَسْعَى عَلَى نَفْسِهِ يُعِفُّهَا فَهُوَ فِي سَبِيلِ اللَّهِ، وَإِنْ كَانَ خَرَجَ رِيَاءً وَمُفَاخَرَةً فَهُوَ فِي سَبِيلِ الشَّيْطَانِ» (رواه الطبراني في الكبير282 والبيهقي17602 وصححه السيوطي ووافقه الألباني

इदि त्यसले आफ्नो स साना बच्चाहरुका लागि कमाउन गएको छ भने त्यो जिहादमा छ र यदि आफ्नो बुढो आमा बुवाको लागि कमाउन गएको छ भने त्यो जिहादमा छ र यदि आफु लागि कमाउन गएको छ भने त्यो पनि जिहादमा छ र यदि देखावा र ठाँटबाँटको लागि कमाउन गएको छ भने त्यो शैतानको मार्गमा छ। (तबरानी २८२ बैहकी १७६०२)

तसर्थ काम र जागीरमा जाँदा, हाम्रो मन् पुर्ण रुपले सफा र सच्चा हुनु पर्छ र यस प्रकार त्यही काम अल्लाहको भक्ति पनि हुन्छ र त्यसप्रति पुण्य पनि प्राप्त हुन्छ।

## (८) ज्ञान प्राप्त गर्नु

अनस बिन मालिक رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ خَرَجَ فِي طَلَبِ العِلْمِ كَانَ فِي سَبِيلِ اللهِ حَتَّى يَرْجِعَ » ( رواه الترمذي 2647 وقال الألباني في صحيح الترغيب والترهيب: حسن لغيره 88 )

जुन् सुकै व्यक्ति ज्ञान प्राप्त गर्नको लागि निस्कन्छ भने त्यो फर्किने बेलासम्म अल्लाहको मार्गमा हुन्छ । (तिर्मिजी २६४७)
र हुजैफा बिन यमानﷺको हदीसमा छ कि रसूलﷺ ले भन्नु भयो:
فَضْلُ الْعِلْمِ أَحَبُّ إِلَيَّ مِنْ فَضْلِ العِبَادَةِ ، وَخَيْرُ دِينِكُمْ الوَرَعُ» (رواه الحاكم 314
मेरो नजिक भक्ति भन्दा अधिक शिक्षा र ज्ञानको महत्व छ, र धर्ममा सबभन्दा राम्रो कुरो अल्लाहको डर हो । (हाकिम ३१४)

## (९) हज्ज र उमरा

उम्मे मअ्कल رضي الله عنها को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:
إِنَّ الْحَجَّ وَالْعُمْرَةَ مِنْ سَبِيلِ اللَّهِ وَإِنَّ عُمْرَةً فِي رَمَضَانَ تَعْدِلُ حَجَّةً» رواه ابن خزيمة 3075 والحاكم 1774 وصححه الألباني

हज्ज र उमरा अल्लाहको मार्गमा गरिएको कार्यहरु मध्ये हुन्, र रमजानमा गरिएको उमरा हज्जको बराबर हुन्छ । (इब्न खुजैमा ३०७५ हाकिम १७७४)
शिफा رضي الله عنها ले भन्नु भएकि छिन कि एक व्यक्तिले रसूल ﷺ को सेवामा उपस्थित भएर सोध्नु भयो कि म अल्लाहको मार्गमा जिहाद गर्न चाहन्छु त रसूल ﷺ ले भन्नु भयो:
هَلُمَّ إِلَى جِهَادٍ لاَ شَوْكَةَ فِيهِ الحَجُّ» (رواه الطبراني في الكبير 792 وصححه الألباني في صحيح الجامع 2611)

यस्तो जिहादमा लाग जसमा शक्तिको प्रयोग गर्नु पर्दैन अर्थात हज्ज गर । (तबरानी ७९२)

र हजरत हुसैन बिन अली ﷺ को हदीसमा छ कि कसैले रसूल ﷺ सित सोध्नु भयो कि म कमजोर छु त रसूल ﷺ ले भन्नु भयो, यस्तो जिहाद गर जसमा शक्तिको प्रयोग गर्नु पर्दैन अर्थात हज्ज गर ।

हामीले बल प्रयोग गर्ने जिहाद त गरेका छैनौं तसर्थ कम्तिमा बिना बलको यस्ता जिहाद गर्ने प्रयास गर्नु पर्छ र त्यसलाई राम्रोसित गर्नु पर्छ ताकि हाम्रो हज्ज, हज्जे मबरुर होस र स्वीकार होस ।

## (१०) संकट र परिक्षाको समयमा रसूल ﷺ को सुन्नतलाई समाति राख्नु

अब्दुल्लाह बिन मसऊद ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّ مِنْ وَرَائِكُمْ زَمَانَ صَبْرٍ، لِلْمُتَمَسِّكِ فِيهِ أَجْرُ خَمْسِينَ شَهِيدًا» (رواه الطبراني في الكبير10394 وصححه الألباني في صحيح الجامع 2234)

पछि सहनशीलताको समय आउनेछ, र त्यस्तो समयमा धर्मलाई समाति राखेको व्यक्तिहरुलाई पचास शहीदको पुण्य प्राप्त हुन्छ । (तबरानी १०३९४)

## (११) हरेक नमाज पछि सुब्हानल्लाह, अलहम्दु लिल्लाह, र अल्लाहु अकबर भन्नु

नबी ﷺ ले गरिब व्यक्तिहरुलाई केहि यस्तो मन्त्रहरु सिखाउनु भएको छ जसलाई यदि हरेक नमाज पछि पढनु हुन्छ भने मुजाहिद (धर्म योद्धा) र दान पुण्य गर्नेवाला धनी व्यक्तिहरु भन्दा अगाडि बढ्न सक्नु हुन्छ, अबूहुरैरह ﷺ ले भन्नु हुन्छन कि गरिब व्यक्तिहरुले नबी ﷺ कहाँ उपस्थित भएर गुनासो पोखे कि

हरेक प्रकारको पुरस्कार र वर्दान त धनी व्यक्तिहरुको भाग्यमा गएको छ, उनीहरु पनि त्यस्तै नमाज पढ्छन जस्तै हामीले पढछौं र उनीहरुले पनि त्यस्तै ब्रत बस्छन जस्तै हामीहरु ब्रत बस्छौं तर उनीहरु सँग पैसा र सम्पति छ, धन र पैसा द्वारा उनीहरु हज्ज गर्छन, उमरा गर्छन , जिहाद गर्छन, र दान पनि गर्छन, त रसूल ﷺ ले भन्नु भयो:

أَلَا أُحَدِّثُكُمْ إِنْ أَخَذْتُمْ أَدْرَكْتُمْ مَنْ سَبَقَكُمْ وَلَمْ يُدْرِكْكُمْ أَحَدٌ بَعْدَكُمْ وَكُنْتُمْ خَيْرَ مَنْ أَنْتُمْ بَيْنَ ظَهْرَانَيْهِ إِلَّا مَنْ عَمِلَ مِثْلَهُ تُسَبِّحُونَ وَتَحْمَدُونَ وَتُكَبِّرُونَ خَلْفَ كُلِّ صَلَاةٍ ثَلَاثًا وَثَلَاثِينَ»

म तिमीहरुलाई यस्तो कुरा सिखाउँछु कि यदि तिमीहरुले त्यसको पालन गर्छौं भने अगाडि गएको व्यक्तिहरुलाई पाईहाल्छौ र पछाडिको कुनै पनि व्यक्ति तिमीहरुलाई पाउन सक्दैन, अनि तिमीहरु आफ्नो वरिपरिको मानिसहरु मध्ये सबभन्दा महान मानिस भइहाल्छौ, हरेक नमाज पछि ३३ पटक "सुब्हानल्लाह, अल्हमदु लिल्लाह, र अल्लाहु अकबर" भन्ने गर, हजरत अबूहुरैरह ﵁ ले भन्नु हुन्छन कि हामीहरु बिच विवाद भयो, र कोहि व्यक्तिहरुले भने कि ३३ चोटि सुब्हानल्लाह भन्ने, ३३ चोटि अल्हमदु लिल्लाह भन्ने, र ३४ चोटि अल्लाहु अकबर भन्ने, त्यस पछि म रसूल ﷺ काहाँ उपस्थित भएर सोधे , त उहाँले भन्नु भयो:

تَقُولُ سُبْحَانَ اللَّهِ وَالْحَمْدُ لِلَّهِ وَاللَّهُ أَكْبَرُ حَتَّى يَكُونَ مِنْهُنَّ كُلِّهِنَّ ثَلَاثًا وَثَلَاثِينَ»

(رواه البخاري واللفظ له 843 ومسلم 595

"सुब्हानल्लाह, अल्हमदु लिल्लाह, र अल्लाहु अकबर" मध्ये हरेक शब्द ३३ चोटि भन्ने । (बुखारी ८४३ मुस्लिम ५९५)

तसर्थ यदि हामीले आफ्नो खाली समयमा यस प्रकारको सजिलो तरिकाले अल्लाहको स्मरण गर्छौं भने कति राम्रो हुन्छ, बरु हाम्रो प्रतिक्षाको समय पनि स्वयं एउटा भक्ति भइहाल्छ ।

## (१२) १०० चोटि अल्हमदु लिल्लाह भन्ने

हजरत उम्मे हानीको हदीसमा छ:

مَرَّ بِي ذَاتَ يَوْمٍ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقُلْتُ يَا رَسُولَ اللَّهِ إِنِّي قَدْ كَبِرْتُ وَضَعُفْتُ أَوْ كَمَا قَالَتْ فَمُرْنِي بِعَمَلٍ أَعْمَلُهُ وَأَنَا جَالِسَةٌ قَالَ سَبِّحِي اللَّهَ مِائَةَ تَسْبِيحَةٍ فَإِنَّهَا تَعْدِلُ لَكِ مِائَةَ رَقَبَةٍ تُعْتِقِينَهَا مِنْ وَلَدِ إِسْمَاعِيلَ وَاحْمَدِي اللَّهَ مِائَةَ تَحْمِيدَةٍ تَعْدِلُ لَكِ مِائَةَ فَرَسٍ مُسْرَجَةٍ مُلْجَمَةٍ تَحْمِلِينَ عَلَيْهَا فِي سَبِيلِ اللَّهِ وَكَبِّرِي اللَّهَ مِائَةَ تَكْبِيرَةٍ فَإِنَّهَا تَعْدِلُ لَكِ مِائَةَ بَدَنَةٍ مُقَلَّدَةٍ مُتَقَبَّلَةٍ وَهَلِّلِي اللَّهَ مِائَةَ تَهْلِيلَةٍ قَالَ ابْنُ خَلَفٍ أَحْسِبُهُ قَالَ تَمْلَأُ مَا بَيْنَ السَّمَاءِ وَالْأَرْضِ وَلَا يُرْفَعُ يَوْمَئِذٍ لِأَحَدٍ عَمَلٌ أَفْضَلَ مِمَّا يُرْفَعُ لَكِ إِلَّا أَنْ يَأْتِيَ بِمِثْلِ مَا أَتَيْتِ بِهِ»

(رواه ابن ماجة 3810 والحاكم 1893 وحسنه الألباني

एक दिन नबी ﷺ मेरो नजिकबाट जाँदै थिये त मैले भने, हे अल्लाहको रसूल म कमजोर र बुढि भईसकेकि छु तसर्थ मलाई कुनै यस्तो कार्यको ज्ञान दिनुस जुन् म बस्दा बस्दै गर्न पाउँ त उहाँले भन्नु भयो, सय चोटि “सुब्हानल्लाह ”भन्नु यो तिम्रो लागि इस्माईल अलैहिस्सलामको सन्तान बाट सयवटा दास मुक्त गर्ने जस्तो हुन्छ र सय चोटि “अलहम्दु लिल्लाह” भन्नु यो तिम्रो लागि जिहाद अर्थात धर्म युद्धमा सयवटा घोडा दान गर्ने जस्तो हुन्छ र सय चोटि “अल्लाहु अकबर” भन्नु यो तिम्रो लागि यस्तो सय ऊँट जस्तो हुन्छ जुन् अल्लाहको नजिक स्वीकार भइसकेको हुन्छन र सय चोटि “लाइलाह इल्लल्लाह” भन्नु यो धरती र आकाशको सम्पूर्ण ठाउँलाई भरिदिन्छ र त्यस दिनमा कुनै व्यक्तिको कर्म तिम्रो कर्म भन्दा अधिक उत्तम हुन सक्दैन तर

मात्र त्यो व्यक्ति जसले तिमी जस्तै कर्म गरेको हुन्छ । (इब्न माजा ३८१० हाकिम १८९३)

## (१४) अल्लाहको मार्गमा शहीद हुने प्रार्थना गर्ने

सहल बिन हनीफ ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ سَأَلَ اللَّهَ الشَّهَادَةَ بِصِدْقٍ بَلَّغَهُ اللَّهُ مَنَازِلَ الشُّهَدَاءِ وَإِنْ مَاتَ عَلَى فِرَاشِهِ » (رواه مسلم 1909 وأبوداؤد 1520

जुन् व्यक्तिले सच्चा मन्ले अल्लाहसित शहादत (बीरगति) को प्राथना गर्छ भने अल्लाहले त्यसलाई शहीदको दर्जा प्रदान गर्नेछ चाहे त्यसको मृत्यु आफ्नो ओछ्यानमा नै किन नहोस । (मुस्लिम १९०९ अबू दाऊद १५२०)

तसर्थ काम चाहिं गाह्रो छैन, बरु मात्र सच्चा मन्ले गर्नु पर्छ, सफलता प्राप्त होस वा नहोस, अनस बिन मालिक ﷺ ले भन्नु हुन्छ कि रसूल ﷺ जब तबुकको युद्धबाट फर्केर आउनु भयो, त मदीनाको नजिक आएर भन्नु भयो:

إِنَّ بِالْمَدِينَةِ أَقْوَامًا مَا سِرْتُمْ مَسِيرًا وَلَا قَطَعْتُمْ وَادِيًا إِلَّا كَانُوا مَعَكُمْ قَالُوا يَا رَسُولَ اللَّهِ وَهُمْ بِالْمَدِينَةِ قَالَ وَهُمْ بِالْمَدِينَةِ حَبَسَهُمُ الْعُذْرُ» رواه البخاري واللفظ له 4423 ومسلم 1911

मदीनामा यस्तो व्यक्तिहरु पनि छन् जुन् हरेक ठाउँमा तिमीहरुको साथ साथ थिये, त साथीहरुले भने, हे अल्लाहको रसूल उनीहरु मदीनामा भएर पनि हामीहरु सँग कसरी उपस्थित थिये ? रसूल ﷺ ले भन्नु भयो कि हो, उनीहरु मदीनामा भएर पनि तिमीहरु सँग उपस्थित थिये किन भने कि मात्र बाध्यताले उनीहरुलाई रोकि राखेको थियो । (बुखारी ४४२३ मुस्लिम १९११)

## यस्ता दुख र संकटहरु जसमा शहीदको दर्जा प्राप्त हुन्छ

प्रिय दाजु भाइहरु ! अल्लाहको आफ्नो भक्तहरु माथि कृपा छ कि उँहाले संकट र रोगको कारण मानिसहरुको पाप मेटाइ दिन्छन् र दर्जा बढाई दिन्छन् यदि मानिसहरुले त्यसलाई सहन् गर्छन भने, बरु कुनै कुनै संकटमा त शहीदको दर्जा राख्नु भएको छ , तर यसको अर्थ यो होइन कि एउटा मोमिन त्यसको आशा गरोस, बरु संधै अल्लाहसँग स्वास्थको प्रार्थना गर्नु पर्छ, र त्यसतो संकटहरु मध्ये केहि खास खास संकटहरु जसबारे सही हदीसमा उल्लेख छ त्यो यस प्रकार छन् :

### १ - महामारी (प्लेग) मा भएको मृत्यु

जाबिर बिन अब्दुल्लाहﷺको हदीसमा छ कि रसूलﷺले भन्नु भयो:

«الْفَارُّ مِنَ الطَّاعُونِ كَالفَارِّ مِنَ الزَّحْفِ وَمَنْ صَبَرَ فِيهِ كَانَ لَهُ أَجْرُ شَهِيدٍ» (رواه الإمام أحمد 207/17 صححه الألباني في صحيح الجامع 4277 )

महामारिबाट भागेको व्यक्ति यस्तै छ जस्तो कि युद्धबाट भागेको व्यक्ति, र महामारी सहन गरेको व्यक्तिले शहीद जस्तो पुण्य पाउँछ। (मुस्नद अहमद २०७/१७)

### २ - धन सम्पतिको सुरक्षा गर्दा भएको मृत्यु

अब्दुल्लाह बिन अमर बिन अल आसﷺको हदीसमा छ कि रसूलﷺले भन्नु भयो:

«مَنْ قُتِلَ دُونَ مَالِهِ فَهُوَ شَهِيدٌ» (رواه البخاري 2480 ومسلم 141

जसले आफ्नो सम्पतिको सुरक्षामा मृत्यु पाउँछ त्यो शहीद उल्लेख हुन्छ। (बुखारी २४८० मुस्लिम १४१)

र अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ أُرِيدَ مَالُهُ بِغَيْرِ حَقٍّ فَقَاتَلَ فَقُتِلَ فَهُوَ شَهِيدٌ » (رواه أبوداؤد 4771 والنسائي 4088 وصححه الألباني في صحيح الجامع 6011 )

बिना अधिकारको यदि कसैको धन कसैले लिने प्रयास गर्छ र त्यसको लागि धनी व्यक्ति युद्ध गर्छ र युद्धमा त्यसको मृत्यु भइहाल्छ भने त्यो शहीद घोषित हुन्छ । (अबू दाऊद ४७७१ नसई ४०८८)

## ३ - आफ्नो ज्यान, धर्म, र परिवारको सुरक्षामा भएको मृत्यु

सईद बिन जैद ﵁ ले भन्नु हुन्छन कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु:

مَنْ قُتِلَ دُونَ مَالِهِ فَهُوَ شَهِيدٌ ، وَمَنْ قُتِلَ دُونَ دَمِهِ فَهُوَ شَهِيدٌ، وَمَنْ قُتِلَ دُونَ دِينِهِ فَهُوَ شَهِيدٌ، وَمَنْ قُتِلَ دُونَ أَهْلِهِ فَهُوَ شَهِيدٌ» (رواه أبوداؤد 4772 والنسائي 4101

आफ्नो धनको सुरक्षामा जसको हत्या भयो त्यो शहीद हो, र आफ्नो ज्यानको सुरक्षामा जसको हत्या भयो त्यो शहीद हो, र आफ्नो धर्मको सुरक्षामा जसको हत्या भयो त्यो पनि शहीद हो, र आफ्नो परिवारको सुरक्षामा जसको हत्या भयो त्यो पनि शहीद हो । (अबू दाऊद ४७७२ नसई ४१०१)

## ४ - फोक्सो सुनिने (pleurisy) रोगमा भएको मृत्यु

उक्बा बिन आमिर﵁को हदीसमा छ कि रसूलﷺ ले भन्नु भयो:

المَيِّتُ مِنْ ذَاتِ الْجَنْبِ شَهِيدٌ» (رواه الطبراني في الكبير881 وصححه الألباني

फोक्सो सुनिने रोगमा मरेको व्यक्ति शहीद हुन्छ । (तबरानी ८८१)

## ५ - समुद्रमा बिहोश हुने वा डुबेर मर्ने

उम्मे हराम ﵂ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

الْمَائِدُ فِى الْبَحْرِ الَّذِى يُصِيبُهُ الْقَىْءُ لَهُ أَجْرُ شَهِيدٍ وَالْغَرِقُ لَهُ أَجْرُ شَهِيدَيْنِ » (رواه أبوداؤد 4772 والبيهقي 8451 وصححه الألباني في صحيح الجامع 6642)

समुद्रमा बिहोश भएको व्यक्तिले एक शहीदको पुण्य पाउँछ र डुबेर मरेको व्यक्तिले दुइवटा शहीदको पुण्य पाउँछ । (अबू दाऊद ४७७२ बैहकी ८४५१)

राशिद बिन हुबैशﷺ को हदीसमा छ कि रसूलﷺ ले भन्नु भयो:
الْقَتْلُ فِي سَبِيلِ اللهِ شَهَادَةٌ ، وَالطَّاعُونُ شَهَادَةٌ ، وَالْغَرَقُ شَهَادَةٌ ، وَالْبَطْنُ شَهَادَةٌ ، وَالْحَرَقُ شَهَادَةٌ ، وَالسَّيْلُ وَالنُّفَسَاءُ يَجُرُّهَا وَلَدُهَا بِسَرَرِهَا إِلَى الْجَنَّةِ» (رواه الإمام أحمد 37/14 وحسنه السيوطي في الجامع الصغير 6177 ووافقه الألباني في صحيح الجامع 4439)

अल्लाहको मार्गमा हत्या भएको व्यक्ति शहीद हो, महामारीमा मरेको व्यक्ति शहीद हो, डुबेर मरेको व्यक्ति शहीद हो, पेट च्यातेर हत्या भएको व्यक्ति शहीद हो, आगोमा जलेर मरेको व्यक्ति शहीद हो, बाढिमा डुबेर मरेको व्यक्ति शहीद हो, र सुत्केरिमा मरेकी महिलालाई त्यसको बच्चाले पलङ्ग समेत तानेर स्वर्गमा लै जान्छ । मुस्नद अहमद ३७/१४

## ६ - पेट दुखेमा वा ध्वंसमा परेर भएको मृत्यु

अबूहुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:
الشُّهَدَاءُ خَمْسَةٌ الْمَطْعُونُ وَالْمَبْطُونُ وَالْغَرِقُ وَصَاحِبُ الْهَدْمِ وَالشَّهِيدُ فِي سَبِيلِ اللَّهِ» (رواه البخاري 2829 ومسلم 1914

पाँच प्रकारको मानिसहरु शहीद हुन्, छुरा घोंपेर हत्या भएको व्यक्ति, पेटको दुखमा मरेको व्यक्ति, डुबेर मरेको व्यक्ति, ध्वंस भएर मरेको

व्यक्ति, र अल्लाहको बाटोमा मरेको व्यक्ति । (बुखारी २८२९ मुस्लिम १९१४)

### ७ - आगोमा जलेर मरेको व्यक्ति , गर्भवति र सुत्केरि महिला

जाबिर बिन अतीक ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

الشَّهَادَةُ سَبْعٌ سِوَى الْقَتْلِ فِى سَبِيلِ اللَّهِ اَلْمَقْتُلُ فِيْ سَبِيْلِ اللّهِ شَهِيْدٌ وَالْمَطْعُونُ شَهِيدٌ وَالْغَرِيقُ شَهِيدٌ وَصَاحِبُ ذَاتِ الْجَنْبِ شَهِيدٌ وَالْمَبْطُونُ شَهِيدٌ وَصَاحِبُ الْحَرِيقِ شَهِيدٌ وَالَّذِى يَمُوتُ تَحْتَ الْهَدْمِ شَهِيدٌ وَالْمَرْأَةُ تَمُوتُ بِجُمْعٍ شَهِيدَةٌ »

(رواه أبوداؤد 3111 والنسائي 1845 وصححه الألباني

अल्लाहको मार्गमा शहीद भएको व्यक्ति बाहेक सात प्रकारको अन्य शहीदहरु पनि छन्, अल्लाहको मार्गमा मरेको व्यक्ति शहीद हो, छुरा घोँपेर हत्या भएको व्यक्ति शहीद हो, डुबेर मरेको व्यक्ति शहीद हो, फोक्सो सुनिने रोगमा मरेको व्यक्ति शहीद हो, पेट च्यातेर हत्या भएको व्यक्ति शहीद हो, आगोमा जलेर मरेको व्यक्ति शहीद हो, ध्वंस भएर मरेको व्यक्ति शहीद हो, र गर्भको अवस्थामा मरेकि महिला शहीद हो । (अबू दाऊद ३१११ नसई १८४५)

### ८ - क्षयरोगमा भएको मृत्यु

ओबादा बिन सामित ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

السِّلُّ شهادَةٌ» (رواه صحيح الجامع 3691 )

क्षयरोगमा मरेको व्यक्ति शहीद हुन्छ । (सहिहुल जामिय ३६९१)

## सत्रहौं कार्य : अल्लाहको नजिक सबभन्दा अधिक प्रिय र उत्तम कार्यहरु

हाम्रो नबी मुहम्मद ﷺ ले धेरै महान र उच्च कार्यहरुको ज्ञान दिनु भएको छ र भन्नु भएको छ कि यो कार्यहरु अल्लाहको

नजिक सबभन्दा महान र प्रिय हुन्, यसो भए यस्तो महान कार्यहरु प्रति ध्यान दिनु पर्छ र अधिक भन्दा अधिक त्यसको माध्यमले अल्लाहको भक्ति गर्नु पर्छ, किन भने ती कार्यहरु अल्लाहको नजीक सबभन्दा महान र प्रिय छन् र त्यसको वर्दान र उपहार पनि धेरै महान र ठुलो हुन्छ र कर्मको तराजूमा त्यसको वजन पनि निकै भारी हुन्छ ।

## (१) मानिसहरुलाई खुशी र सहायता प्रदान गर्ने अनि संकट बाट मुक्ति दिलाउने

अब्दुल्लाह बिन उमरﷺको हदीसमा छ कि रसूलﷺ ले भन्नु भयो:

أَحَبُّ النَّاسِ إِلَى اللَّهِ أَنْفَعُهُمْ، وَأَحَبُّ الأَعْمَالِ إِلَى اللَّهِ عَزَّوَجَلَّ سُرُورٌ تُدْخِلُهُ عَلَى مُسْلِمٍ، أَوْتَكَشِفُ عَنْهُ كُرْبَةً، أَوْ تَقْضِي عَنْهُ دَيْنًا، أَوْ تَطْرُدُ عَنْهُ جُوعًا، وَلأَنْ أَمْشِيَ مَعَ أَخِيْ الْمُسْلِم فِي حَاجَةٍ أَحَبُّ إِلَيَّ مِنْ أَنْ أَعْتَكِفَ فِي هَذَا الْمَسْجِدِ شَهْرًا، وَمَنْ كَفَّ غَضَبَهُ سَتَرَ اللَّهُ عَوْرَتَهُ، وَمَنْ كَظَمَ غَيْظاً وَلَوْ شَاءَ أَنْ يُمْضِيَهُ أَمْضَاهُ مَلأَ اللَّهُ قَلْبَهُ رِضىً يَوْمَ الْقِيَامَةِ ، وَمَنْ مَشَى مَعَ أَخِيهِ الْمُسْلِم فِي حَاجَتِه حَتَّى يُثْبِتَهَا لَهُ أَثْبَتَ اللَّهُ تَعَالَى قَدَمَهُ يَوْمَ تَزِلُّ الأَقْدَامُ وَإِنَّ سُوْءَ الْخُلُقِ لَيُفْسِدُ الْعَمَلَ كَمَا يُفْسِدُ الْخَلّ الْعَسَلَ» (رواه الطبراني في الكبير 3187

अल्लाहको नजिक सबभन्दा प्रिय व्यक्ति त्यो हो जो मानिसहरुको लागि सबभन्दा अधिक लाभदायक हुन्छ र अल्लाहको नजिक सबभन्दा अधिक प्रिय काम यो हो कि कुनै मुस्लिमलाई खुशी दिनु अथवा त्यसको सहायता गर्नु र त्यसको ऋण तिर्नु वा त्यसको भोक मेटाउनु हो, र मेरो नजिक मस्जिदमा एक महिना एतेकाफ गर्नु अर्थात मस्जिदमा बस्नु भन्दा अधिक प्रिय काम यो हो कि कुनै मुस्लिमको सहायताको लागि त्यससँग हिंडनु, र जसले आफ्नो क्रोधलाई नियन्तरणमा राख्छ भने अल्लाह त्यसको

नराम्रो कार्यहरुलाई छिपाउँछन र जसले आफ्नो कोधलाई लागु गर्न सकिने बावजूद आफ्नो कोधलाई नियन्तरणमा राख्छ भने अल्लाहले कयामतको दिन त्यसको मन्लाई शान्ति प्रदान गर्छन, र जसले आफ्नो मुस्लिम भाईको सहायताको लागि हिंड्छ र त्यसको काम सफल पार्छ भने अल्लाहले कयामतमा त्यसलाई स्थिरता र धैर्य प्रदान गर्छन जब सबै जना हतासामा हुन्छन, र नराम्रो चरित्रले कर्महरुलाई यस्तै बर्बाद पार्छ जसतो कि सिरका मधुलाई दुषित गरिदिन्छ। (तबरानी ३१८७)

र इब्ने उमर ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مِنْ أَفْضَلِ الْعَمَلِ إِدْخَالُ السُّرُورِ عَلَى الْمُؤْمِنِ تَقْضِي عَنْهُ دَيْناً ، تَقْضِي لَهُ حَاجَةً تُنَفِّسُ لَهُ كُرْبَةً» (رواه البيهقي عن محمد بن المنكدر مرسلاً، وصححه الألباني في صحيح الجامع 5897)

सबभन्दा राम्रो कर्म यो हो कि एउटा मोमिनलाई खुश र प्रसन्न गर्नु, त्यस्को ऋृण तिर्नु, त्यसको सबै आवस्यक्ताहरु पुरा गरिदिनु, र संकटमा त्यसको सहायता गर्नु। (सहिहुल जामिय ५८९७)

## (२) कसैलाई दु:ख नदिने

अब्दुल्लाह बिन मसऊद ﵁ ले भन्नु भएको छ:

سَأَلْتُ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ، فَقُلْتُ: يَا رَسُولَ اللَّهِ، أَيُّ الأَعْمَالِ أَفْضَلُ؟ قَالَ:الصَّلاةُ عَلَى مِيقَاتِهَا، قُلْتُ: ثُمَّ مَاذَا يَا رَسُولَ اللَّهِ؟ قَالَ:أَنْ يَسْلَمَ النَّاسُ مِنْ لِسَانِكَ» (رواه الطبراني في الكبير 9802 وصححه الألباني

मैले रसूल ﷺ सित सोधें कि हे अल्लाहको रसूल ! कुन कार्य चाहिं सबभन्दा उत्तम छ ? त उहाँले भन्नु भयो कि समयमा नमाज पढ्नु , फेरि मैले सोधें कि त्यस पछि कुन् कार्य चाहिं सबभन्दा राम्रो छ ? त उहाँले भन्नु भयो कि तिम्रो जिभ्रो द्वारा मानिसहरु सुरक्षित रहुन् । (तबरानी ९८०२)

र अबूमूसा رضي الله عنه ले भन्नु भएको छः

قُلْتُ يَا رَسُولَ اللَّهِ أَىُّ الإِسْلاَمِ أَفْضَلُ قَالَ مَنْ سَلِمَ الْمُسْلِمُونَ مِنْ لِسَانِهِ وَيَدِهِ

(رواه البخاري 11 ومسلم واللفظ له 42

मैले सोधें कि हे अल्लाहको रसूल ! इस्लाममा कुन कार्य सबभन्दा राम्रो छ ? त उहाँले भन्नु भयो कि जसको हात र मुख बाट अरु मुस्लिमहरु सुरक्षित रहुन् । (बुखारी ११ मुस्लिम ४२)

### (३) हरेक प्रकारको अत्याचार, बैरभाव, र ईर्ष्याबाट हृदयलाई सफा राख्ने

अब्दुल्लाह बिन अमर رضي الله عنه ले भन्नु भएको छः

قِيلَ لِرَسُوْلِ الله صلى الله عليه وسلم: أَيُّ النَّاسِ أَفْضَلُ؟ قَالَ :«كُلُّ مَخْمُومِ الْقَلْبِ ، صَدُوقِ اللِّسَانِ» قَالُوا : صَدُوقُ اللِّسَانِ نَعْرِفُهُ فَمَا مَخْمُومُ الْقَلْبِ؟ قَالَ :«هُوَ : التَّقِيُّ النَّقِيُّ ، لاَ إِثْمَ فِيهِ وَلاَ غِلَّ وَلاَ حَسَدَ» (رواه ابن ماجة واللفظ له 4216 والبيهقي وصححه الألباني في صحيح الترغيب والترهيب2889)

रसूल ﷺ सँग सोधियो कि सबभन्दा राम्रो व्यक्ति को हो ? त उहाँले भन्नु भयो कि हृदयको मख्मूम र मुखको साँचो व्यक्ति, त साथीहरुले भन्नु भयो कि मुखको साँचो व्यक्ति त थाहा छ तर हृदयको मखमूम भनेको को हो ? त उहाँले भन्नु भयो कि अल्लाहसित डर मान्ने र सफा मन्को व्यक्ति जसको

भित्र कुनै प्रकारको पाप, बैरभाव, घमन्ड र ईर्ष्या हुँदैन । ( बैहकी ४२१६)

## (४) जसले समबन्ध राख्दैन भने ऊ सँग पनि सम्बन्ध राख्ने, जसले दिदैन भने त्यसलाई पनि दिने, र बदला नलिने

हजरत उक्बा बिन आमिर ﵁ ले भन्नु भएको छः

ثُمَّ لَقِيتُ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَأَخَذْتُ بِيَدِهِ فَقُلْتُ يَا رَسُولَ اللَّهِ أَخْبِرْنِي بِفَوَاضِلِ الْأَعْمَالِ فَقَالَ يَا عُقْبَةُ صِلْ مَنْ قَطَعَكَ وَأَعْطِ مَنْ حَرَمَكَ وَأَعْرِضْ عَمَّنْ ظَلَمَكَ» (رواه الحاكم 7285 وقال الألباني في صحيح الترغيب والترهيب 1728)

फेरि म रसूल ﷺ सित भेँटे र उहाँको हात समातेर सोधें कि हे अल्लाहको रसूल ! मलाई उत्तम कर्महरु बताई दिनुस् त रसूल ﷺ ले भन्नु भयो, हे उक्बा ! जसले तिमी सित सम्बन्ध राख्दैन भने उ सित पनि सम्बन्ध राख्ने गर, जसले तिमीलाई दिँदैन भने त्यसलाई पनि दिने गर, र जसले तिमी माथि अत्याचार गर्छ भने त्यसलाई माफ गरिदेउ । (हाकिम ७२८५)

## (५) अल्लाहको स्मरण र प्रशन्सा बयान गर्नु

मालिक बिन युखामिर رحمه الله ले भन्नु हुन्छ कि हजरत मुआज बिन जबल ﵁ ले भन्नु भयो कि मैले रसूल ﷺ बाट जुन् अन्तिम कुरा सुनेको छु त्यो यो हो कि मैले सोधें कि अल्लाहको नजिक सबभन्दा अधिक प्रिय काम कुन् हो ? त उहाँले भन्नु भयो:

أَنْ تَمُوتَ وَلِسَانُكَ رَطْبٌ مِنْ ذِكْرِ اللَّهِ» (رواه الطبراني في الكبير 181 وصححه الألباني

तिम्रो मृत्यु यस अवस्थामा होस कि तिमी आफ्नो मुखले अल्लाहको स्मरण गर्दै रहेको होस । (तबरानी १८१)

र समुरा बिन जुन्दुब﵁को हदीसमा छ कि रसूलﷺले भन्नु भयो:

أَحَبُّ الْكَلاَمِ إِلَى اللَّهِ أَرْبَعٌ سُبْحَانَ اللَّهِ وَالْحَمْدُ لِلَّهِ وَلاَ إِلَهَ إِلاَّ اللَّهُ وَاللَّهُ أَكْبَرُ. لاَ يَضُرُّكَ بِأَيِّهِنَّ بَدَأْتَ» (رواه مسلم 2137

चारवटा शब्दहरु अल्लाह नेर सबभन्दा धेरै प्रिय छन् “सुब्हानल्लाह, अल्हमदु लिल्लाह, लाइलाह इल्लल्लाह, र अल्लाहु अकबर” त्यस मध्ये जुन् सुकै शब्दले पनि शुरु गर्ने हो भने कुनै फरक पर्ने छैन । ( मुस्लिम २१३७)

अबूजर ﵁ ले भन्नु भएको छ कि मैले सोधे, हे अल्लाहको रसूल ! मलाई सल्लाह दिनुस, त उहाँले भन्नु भयो:

إِذَا عَمِلْتَ سَيِّئَةً ، فَأَتْبِعَهَا حَسَنَةً تَمْحُهَا» قَالَ : قُلْتُ : يَا رَسُوْلَ اللهِ! أَمِنَ الْحَسَنَاتِ لاَ إِلَهَ إِلاَّ اللهُ؟ قَالَ :«هِيَ أَفْضَلُ الْحَسَنَاتِ» (رواه الإمام أحمد الفتح الرباني 209/14 وصححه الألباني في صحيح الترغيب والترهيب 3162)

यदि तिमीले कुनै पाप गरिहाल्छौ भने त्यस पछि पापलाई मेटाउनको लागि पुण्य पनि गरिहाल, अबूजर ﵁ ले भन्नु भयो कि मैले प्रशन गरे कि हे अल्लाहको रसूल ! के “लाइलाह इल्लल्लाह” पनि पुण्य हो ? त उहाँले भन्नु भयो कि त्यो सबभन्दा ठुलो पुण्य हो । (मुस्नद अहमद २०९/१४)

अबू ओमामा अलबाहिली ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ هَالَهُ اللَّيْلُ أَنْ يُكَابِدَهُ، أَوْ بَخِلَ بِالْمَالِ أَنْ يُنْفِقَهُ، أَوْ جَبُنَ عَنِ الْعَدُوِّ أَنْ يُقَاتِلَهُ، فَلْيُكْثِرْ مِنْ سُبْحَانَ اللَّهِ وَبِحَمْدِهِ، فَإِنَّهَا أَحَبُّ إِلَى اللَّهِ مِنْ جَبَلِ ذَهَبٍ يُنْفِقُهُ فِي سَبِيلِ اللَّهِ عَزَّ وَجَلَّ» (رواه الطبراني في الكبير 7795 وقال الألباني في صحيح الترغيب والترهيب: صحيح لغيره 1541)

जसले रातिमा जाग्न सक्दैन, वा दान पुण्य गर्न सक्दैन, वा शत्रु संग लड्न सक्दैन त्यसले अधिक भन्दा अधिक "सुब्हानल्लाहि व बिहम्दिही" भन्ने गरोस्, किन भने त्यो अल्लाहको नजिक सुन्को यस्तो पहाड भन्दा अधिक प्रिय छ जुन् अल्लाहको बाटोमा खर्च गरिनेछ । (तबरानी ७७९५)

अबूजर अलगेफारीﷺ को हदिसमा छ कि रसूल ﷺ ले सोध्नु भयो:

أَلاَ أُخْبِرُكَ بِأَحَبِّ الْكَلاَمِ إِلَى اللَّهِ ». قُلْتُ يَا رَسُولَ اللَّهِ أَخْبِرْنِى بِأَحَبِّ الْكَلاَمِ إِلَى اللَّهِ. فَقَالَ « إِنَّ أَحَبَّ الْكَلاَمِ إِلَى اللَّهِ سُبْحَانَ اللَّهِ وَبِحَمْدِهِ » (رواه مسلم واللفظ له 2731 والترمذي 3593)

के म तिमीलाई यस्तो कुरा न बताइदिम जुन् अल्लाहको नजिक सबभन्दा अधिक प्रिय छ ? त मैले भने कि बताइदिनुस् हे अल्लाहको रसूल ! अल्लाहको नजिक सबैभन्दा अधिक प्रिय कुन् कुरा छ ? त उहाँले भन्नु भयो कि अल्लाहको नजिक सबैभन्दा अधिक प्रिय कुरा «सुब्हानल्लाहि वबिहम्दिही» हो । (मुस्लिम २७३१ तिर्मिजी ३५९३)

र अबूजरकै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो कि अल्लाहको नजिक सबभन्दा अधिक प्रिय कुरा यो हो :

أَحَبُّ الْكَلاَمِ إِلَى اللهِ : سُبْحَانَ اللهِ لاَ شَرِيكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ ، وَلاَحَوْلَ وَلاَ قُوَّةَ إِلاَّ بِاللهِ ، سُبْحَانَ اللهِ وَبِحَمْدِهِ» (رواه البخاري في الأدب المفرد 638 وصحح إسناده الألباني

"सुब्हानल्लाहि लाशरीकलहु लहुल् मुल्कु वलहुल् हम्दु वहुव अलाकुल्लि शैइन कदीर, वला हौल वला कुव्वता इल्ला बिल्लाह, सुब्हानल्लाहि वबिहम्दिही",

पवित्र छन अल्लाह, उनको कोहि साझेदार छैन, राज्य र प्रशंसा सबै उनीकै लागि हो, र उनी हरेक कुरामाथि सार्मथ्य छन, अल्लाह बाहेक अरु कोहि सहायता दिने छैन, पवित्र छन अल्लाह र हरेक प्रकारको प्रशंसा उनीकै लागि हो। (अलअदबुल मुफरद ६३८)

अनस बिन मालिक ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

التأَنِّي مِنَ اللهِ وَالْعَجَلَةُ مِنَ الشَّيْطَانِ ، وَمَا أَحَدٌ أَكْثَرُ مَعَاذِيرَ مِنَ اللهِ ، وَمَا مِنْ شَيءٍ أَحَبُّ إِلَى اللهِ مِنَ الْحَمْدِ» (رواه أبويعلى 4256 وحسنه الألباني في صحيح الترغيب والترهيب 1572)

स्थिरता अल्लाहको तर्फबाट हुन्छ र हतार शैतानको तर्फबाट हुन्छ र अल्लाह भन्दा अधिक क्षमा प्रदान गर्नेवाला कोही पनि छैन र प्रशंसा लाई अल्लाहले धेरै मन् पराउँछन्। (अबू याअला ४२५६)

इमरान बिन हुसैन ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयोः

إنّ أفْضَلَ عِبادِ اللَّهِ يَوْمَ القِيامَةِ الحَمَّادُونَ» (رواه الطبراني في الكبير 254

महाप्रलयको दिनमा अल्लाहका भक्तहरु मध्ये सबभन्दा महान उनीहरु हुनेछन् जुन् सबभन्दा अधिक अल्लाहको प्रशंसा गर्दछन। (तबरानी २५४)

चौधौं कार्यमा यस्ता धेरै दुआहरुको व्याख्या भइसकेको छ जसले कर्मको तराजूलाई वजनशील बनाउँछ, तसर्थ त्यसै अनुसार संधै अल्लाहको स्मरण गर्ने गर्नुस्।

मुहम्मद अलकरजी رحمه الله ले भन्नु भएको छ कि यदि अल्लाहको स्मरण (जिक) कसैको लागि छुट हुन्थ्यो भने हजरत जकरिया अलैहिस्सलाम को लागि हुन्थ्यो, अल्लाह तआलाले भन्नु भयोः

**قَالَ آيَتُكَ أَلَّا تُكَلِّمَ النَّاسَ ثَلَاثَةَ أَيَّامٍ إِلَّا رَمْزًا وَاذْكُرْ رَبَّكَ كَثِيرًا وَسَبِّحْ بِالْعَشِيِّ وَالْإِبْكَارِ** [آل عمران:٤١]

तिम्रो निशानी यो हो तिमी मानिसहरु सित तीन दिनसम्म संकेत बाहेक कुरा गर्न सक्दैनौं र ती दिनहरुमा तिमी बढि भन्दा बढि आफ्नो अल्लाहको स्मरण गर । (आल इमरान ४१)
र त्यस्तै यदि अल्लाहको स्मरण कसैको लागि छुट हुन्थ्यो भने अल्लाहको मार्गमा जिहाद गर्ने धर्मयोद्धाहरुको लागि हुन्थ्यो, अल्लाह तआलाले भन्नु भयो:

يَا أَيُّهَا الَّذِينَ آمَنُوا إِذَا لَقِيتُمْ فِئَةً فَاثْبُتُوا وَاذْكُرُوا اللهَ كَثِيرًا لَعَلَّكُمْ تُفْلِحُونَ [الأنفال:٤٥]

हे मोमिनहरु ! जब कुनै बिरोधी समुहसँग तिम्रो भिडन्त हुन्छ भने दृढ रहनुस् र अल्लाहलाई धेरै भन्दा धेरै स्मरण गर्नुस । (अल अनफाल ४५)

## (६) अल्लाहको डरले रुन थाल्ने

अबूओमामा ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

لَيْسَ شَيْءٌ أَحَبَّ إِلَى اللهِ مِنْ قَطْرَتَيْنِ وَأَثَرَيْنِ ، قَطْرَةٌ مِنْ دُموعٍ فِي خَشْيَةِ اللهِ ، وَقَطْرَةُ دَمٍ تُهْرَاقُ فِي سَبِيلِ اللهِ وَأَمَّا الأَثَرَانِ : فَأَثَرٌ فِي سَبِيلِ اللهِ ، وَأَثَرٌ فِي فَرِيْضَةٍ مِنْ فَرَائِضِ اللهِ» (رواه الترمذي 1669 وحسنه الألباني

दुइ बुँद (थोपा) र दुइ चिन्ह भन्दा अधिक प्रिय अल्लाहको नजिक अरु केहि पनि छैन, एउटा अल्लाहको डरले बगेको आँसुको बुँद र अर्को अल्लाहको मार्गमा बगेको रगतको बुँद, त्यस्तै दुवै चिन्हहरु मध्ये एउटा अल्लाहको मार्गमा पाइएको चिन्ह र अर्को अल्लाहले अनिवार्य गरेको कार्यहरु मध्ये कुनै अनिवार्य कार्यमा पाइएको चिन्ह । (तिर्मिजी १६६९)
मुल्ला अली कारी رحمه الله ले भन्नु भयो कि अल्लाहको मार्गमा पाइएको चिन्ह भन्नाले अल्लाहको मर्गमा उठाइएको कदम हो, वा अल्लाहको मार्गमा लागेको धुलो, वा घाउ , वा शिक्षा प्राप्त गर्दा लागेको मसी, त्यस्तै अल्लाहले अनिवार्य गर्नु भएको

कार्यहरु मध्ये कुनै अनिवार्य कार्यमा पाइएको चिन्ह भन्नाले चिसोको कारण वुजू गर्दा हात खुट्टा कामिने, र गर्मीले निधारमा सजदाको ठाउँ जलिने, ब्रतको कारण मुखबाट गन्ध आउने, र हज्जको कारण पाइलामा धुलो लाग्ने ।

**(७) नमाजमा दुआए इस्तिफ्ताह (नमाज प्रारम्भ गर्नुको दुआ) पढ्ने)**

नमाज प्रारम्भ गर्नको दुआ धेरै छन् जसको संख्या १२ सम्म पुगेको छ, र त्यस मध्ये सबभन्दा प्रसिद्ध दुआ हजरत आइशा رضي الله عنها ले बयान गरेकि छिन् कि नबी ﷺ नमाज शुरु गर्दा यस्तो भन्नु हुन्थ्यो:

سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ وَتَبَارَكَ اسْمُكَ وَتَعَالَى جَدُّكَ وَلاَ إِلَهَ غَيْرُكَ » ( رواه الترمذي 243 وأبوداؤد واللفظ له 776 والنسائي 900 وصححه الألباني

**सुब्हान कल्लाहुम्म, वबिहमदिक, वतबार कस्मुक, व तआल जद्दुक, व लाइलाह गैरुक,**

अर्थ हे अल्लाह ! तपाई पवित्र हुनु हुन्छ , सबै किसिमको प्रशंसाहरु मात्र तपाइकै लागि छ , तपाईको नाम शुभ छ र तपाई प्रतिभाशाली तथा उच्च हुनु हुन्छ, तपाई बाहेक कोहि पनि पूजनीय छैन । तिर्मिजी २४३ अबू दाऊद ७७६ नसई ९००)

अल्लाहको नजिक यो दुआ सबभन्दा अधिक प्रिय छ , अब्दुल्लाह बिन मसऊद ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّ أَحَبَّ الْكَلاَمِ إِلَى اللهِ ، أَنْ يَقُولَ الْعَبْدُ : سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ ، وَتَبَارَكَ اسْمُكَ ، وَتَعَالَى جَدُّكَ ، وَلاَ إِلَهَ غَيْرُكَ ، وَإِنَّ أَبْغَضَ الْكَلاَمِ إِلَى اللهِ ، أَنْ يَقُولَ الرَّجُلُ لِلرَّجُلِ : اتَّقِ اللَّهَ ، فَيَقُولَ : عَلَيْكَ نَفْسَكَ» (رواه الطبراني في الكبير 8587 وصححه الألباني

अल्लाहको नजिक सबभन्दा अधिक प्रिय यो भन्नु छ कि हे अल्लाह ! तपाई पवित्र हुनु हुन्छ , सबै किसिमको प्रशंसाहरु मात्र तपाईकै लागि छ , तपाईको नाम शुभ छ र तपाई प्रतिभाशाली तथा उच्च हुनु हुन्छ, तपाई बाहेक कोहि पनि पूज्य छैन । त्यस्तै अल्लाहको नजिक सबभन्दा अधिक घृणको कुरा यो हो कि यदि कोहि कसैलाई यो सल्लाह दिन्छ कि अल्लाहसित डर त त्यो व्यक्ति उलटो यो जवाफ दिन्छ कि हेर! आफ्नो कामले मतलब राख । (तबरानी ८५८७)

## (८) संधै अलि अलि गरेको पुण्य एकैचोटि गरेको धेरै पुण्य भन्दा राम्रो हुन्छ

जीवनमा संधै अलि अलि गरेको पुण्य कहिले काही एकैचोटि गरेको धेरै पुण्य भन्दा राम्रो हुन्छ जस्तोकि कुनै समाज सेवा संस्थाको लागि मासिक रकम दान गर्ने अथवा हरेक दिन कुरआन पढने, इत्यादि, कासिम बिन मुहम्मद رحمه الله ले भन्नु हुन्छन कि हजरत आइशा رضي الله عنها को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

أَحَبُّ الأَعْمَالِ إِلَى اللَّهِ تَعَالَى أَدْوَمُهَا وَإِنْ قَلَّ » قَالَ وَكَانَتْ عَائِشَةُ إِذَا عَمِلَتِ الْعَمَلَ لَزِمَتْهُ (رواه البخاري 6465 ومسلم واللفظ له 783

थोरै भएको पनि संधै गर्ने काम अल्लाहको नजिक सबभन्दा अधिक प्रिय छ , कासिम बिन मुहम्मद رحمه الله ले भन्नु हुन्छन् कि हजरत आइशा رضي الله عنها यदि कुनै काम गर्थिइन् भने त्यो काम संधै गर्ने गर्थिइन् । (बुखारी ६४६५ मुस्लिम ७८३)

# अठारौं कार्यः अल्लाहतिर आहवान गर्नु

कुनै राम्रो कर्मको मार्ग देखाउने व्यक्ति पुण्यको हिसाबमा यस्तै हुन्छ जस्तोकि राम्रो काम गर्नेवाला व्यक्ति हुन्छ, नबी ﷺ ले यस्तै भन्नु भएको छ , अनस बिन मालिक رضي الله عنه को हदीसमा छः

أَتَى النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ رَجُلٌ يَسْتَحْمِلُهُ فَلَمْ يَجِدْ عِنْدَهُ مَا يَتَحَمَّلُهُ فَدَلَّهُ عَلَى آخَرَ فَحَمَلَهُ فَأَتَى النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَأَخْبَرَهُ فَقَالَ إِنَّ الدَّالَّ عَلَى الْخَيْرِ كَفَاعِلِهِ» (رواه الترمذي 2670 وصححه الألباني

एक व्यक्तिले रसूल ﷺ को सेवामा उपस्थित भएर सवारी माँग्नु भयो, तर रसूल ﷺ सँग त्यसलाई दिने कुनै पनि सवारी थिएन, त उहाँले त्यस व्यक्तिलाई अरु कसैको घर पठाउनु भयो र त्यसलाई त्यहाँ सवारी प्राप्त भयो, त उसले फर्केर रसूल ﷺ लाई खबर दियो, त रसूल ﷺ ले भन्नु भयो कि भलो कार्यको मार्ग देखाउने व्यक्ति भलो कार्य गर्नेवाला व्यक्ति जस्तै हुन्छ । (तिर्मिजी २६७०)

यो हदीस एउटा यस्तो महान हदीस हो जस कारण निकै खुशी प्राप्त हुन्छ, यस अनुसार हामी धेरै ठुलठुला पुण्य कमाउन सक्छौं, किन भने यदि तपाईले कसैलाई सत्कर्म र पुण्य तर्फ मार्गदर्शन गर्नु हुन्छ भने त्यसले गरेको कर्मको प्रतिफल तपाईको तराजूमा पनि हुन्छ साथै त्यसको प्रतिफलमा पनि कुनै प्रकारको कमी हुनेछैन, र यस प्रकार कर्मको तराजू अधिक भन्दा अधिक वजनशील हुँदै जान्छ ।

जस्तै कुनै मुस्लिम भाईको मृत्यु भएको छ, तपाईले यस खबर लाई आफ्नो मोबाइल बाट मैसेज गरि आफ्नो दस जना साथीहरु लाई बताउनु भयो भने तिनीहरु जनाजा र कफन दफन सबै क्रियाक्लापमा सहभागी भए भने तपाईलाई पनि बीस कीरात जति

पुण्य प्राप्त हुन्छ र यदि उनीहरुले अरु भाईहरु लाई पनि खबर गरे भने तपाईको पुण्यमा बृद्धि हुदै जान्छ र कर्मको तराजु वजनशील हुदै जान्छ
कहिले तपाई मात्र एक पटक कुनै सत्कर्म गर्नु हुन्छ तर त्यसको प्रतिफल तपाईको तराजूमा हजारौं गुणा अधिक हुन्छ किन भने तपाईले धेरै मानिसहरुलाई त्यसको शिक्षा दिनु भएको छ र उनीहरुले त्यो गरेका हुन्छन् बरु उनीहरु मध्ये कसैले तपाई भन्दा पनि अधिक प्रयास गरेका हुन्छन् र अन्गिनित चोटि गरेका हुन्छन् , अरुलाई शिक्षा दिएका हुन्छन् तसर्थ तपाईले पनि ती सबैले पाइरहेको पुण्य जस्तै पाउनु हुनेछ र साथै उनीहरको पुण्यमा पनि कुनै प्रकारको कमी हुने छैन ।
तसर्थ यस्तो कर्महरु गरेर अरु भन्दा अधिक पुण्य कमाउने प्रयास गर्नुस किन भने धनसमपत्ति भन्दा अधिक राम्रो र संधै रहने पूजी यही नै हो ।

## उन्निसौं कार्य : तराजूलाई वजनशील बनाउनुको बिचार मनमा राख्ने ।

जसले आफ्नो कर्मको तराजूलाई भारी बनाउने चिन्ता गर्छ भने त्यो आफ्नो समय बर्बाद गर्दैन, त्यो हरेक प्रकारको व्यर्थ कार्य र पापबाट टाँढा बस्छ र यदि कुनै प्रकारको गलती भईहाल्छ भने तुरुन्तै अल्लाहसित क्षमा माग्न थाल्छ ताकि त्यसको पुण्यमा कुनै प्रकारको घाटा नहोस ।
मात्र एक दिनको लागि यो चिन्ता बोकेर हेर्नुस कि कसरी र के मा समय बिति रहेको छ ? पक्कै नै तपाईले एक प्रकारको बदलाव महसुस गर्नु हुन्छ ।

## कर्महरुको बीच प्रधान्ता

जसले कर्मको तराजूलाई भारी बनाउने चिन्ता बोकेको हुन्छ त्यसलाई छनौट गरि यस्तो कर्म गर्नु पर्छ जसमा अधिक र महान पुण्य हुन्छ ।

जाबिर बिन जैद رحمه الله ले भन्नु हुन्छन कि यदि म कुनै अनार्थ वा गरिब माथि रुपैयाँ पैसा खर्च गर्छु भने यो मेरो नजिक नफिल हज्ज भन्दा अधिक प्रिय हुन्छ ।

इब्ने हजर رحمه الله ले भन्नु भएको छ कि धेरै हदीस द्वारा यो प्रमाणित भएको छ कि दान गर्नु भन्दा अधिक राम्रो नमाज हो तर यसको बावजूद यदि कुनै गरिबलाई सहायता पुर्याउनको समय हुन्छ भने यस्तो अवस्थामा दान नै सबभन्दा राम्रो हुन्छ ।

इब्ने कैयिम رحمه الله ले उपासनाहरु मध्ये कुन् उपासनालाई अरु माथि प्रधान्ता र प्राथमिकता प्राप्त छ ? त्यसलाई छुट्याउनुको लागि मुस्लिम विद्वानहरुलाई चार समुहमा बिभाजित गरेका छन् र स्वयं चौथो समुहलाई रोजेका छन् , उहाँले भन्नु हुन्छन :

चौथो समुहले यो भनेको छ कि सबभन्दा महान उपासना त्यो हो जुन् अल्लाहको खुशी प्राप्त गर्नको लागि गरिएको हुन्छ तर समयको आवश्यक्ता अनुसार, तसर्थ जिहादको समयमा सबभन्दा राम्रो उपासना जिहाद हो, र पाहुनाको उपस्थितीमा सबभन्दा राम्रो उपासना उनको सेवा सत्कार हो, र रातिको अन्तिम समयमा सबभन्दा राम्रो उपासना नमाज पढ्नु , कुरआन पढ्नु , र दुआ गर्नु हो । ईत्यादि ।

# الأعمال المخففة للميزان

# तराजूलाई हलुको बनाउने कार्यहरु

एउटा मुस्लिम जसले आफ्नो कर्मको तराजूलाई वजनशील बनाउन चाहन्छ भने त्यसले पाप छाड्नु पर्छ र गरिएको पापको लागि मृत्यु भन्दा पहिले नै अल्लाहसित क्षमा माँग्नु पर्छ किन भने भाग्यशाली त्यही हुन्छ जसको मृत्युको साथै त्यसको पापको पनि अन्त भइहाल्छ तर जसको मृत्यु पछि पनि त्यसको पाप बाकी रहन्छ भने त्यो कति दुःखको कुरो हुन्छ ।

मोमिनहरु की आमा हजरत आइशा رضي الله عنها ले भनेकि छिन कि अल्लाहसित भेटने समय तिमीहरुको लागि यदि कुनै सबभन्दा लाभदायक कुरा हो भने त्यो कम पाप हो, तसर्थ जसले धेरै उपासना गर्ने व्यक्ति भन्दा अगाडी बढ्न चाहन्छ भने त्यसले पापहरुबाट जोगिनु पर्छ । (صفة الصفوة لإبن الجوزي)

पापको संख्या यदि धेरै हुन्छ भने त्यो कर्म को तराजूलाई भारी होइन बरु हलुको बनाउँछ किन भने तराजूको एउटा पल्लामा पुण्य हुन्छ र अर्कोमा पाप, तसर्थ यदि पुण्य अधिक र भारी हुन्छ भने मान्छेको तराजू वजनशील हुन्छ र यदि पाप अधिक र धेरै हुन्छ भने मान्छेको तराजू हलुको हुन्छ अर्थात पापले तराजू वजनशील हुँदैन बरु हलुको हुन्छ, अल्लाह तआलाले भन्नु भएको छ

﴿فَأَمَّا مَنْ ثَقُلَتْ مَوَازِينُهُ * فَهُوَ فِي عِيشَةٍ رَاضِيَةٍ * وَأَمَّا مَنْ خَفَّتْ مَوَازِينُهُ * فَأُمُّهُ هَاوِيَةٌ * وَمَا أَدْرَاكَ مَا هِيَهْ * نَارٌ حَامِيَةٌ﴾ القارعة: ٦ - ١١

फेरी जसको कर्मको तराजू भारी हुन्छ भने त्यो इच्छित आरामको जीवनमा हुन्छ, र जसको वजन हलका हुन्छ भने त्यसको बासस्थान हाविया अर्थात गहिरो खाल्टोमा हुन्छ ( अलकारियह ६, ११)

पापहरु अनेकौ प्रकारका हुन्छन् जसतोकि सानो पाप र ठुलो पाप, फेरि ठुलो पाप अन्तरगत केहि यस्ता पापहरु छन् जसले पुण्यहरुलाई नष्ट पारि दिन्छन र केहि यस्तो पापहरु पनि छन् जसले सम्पूर्ण पुण्यलाई नष्ट गरि दिन्छन, पापको हरेक किसिमले तराजू हलका नै हुन्छ , त्यसको लागि हामीलाई यस्तो हरेक पापहरुको जानकारी लिनु पर्छ जुन् हाम्रो पुण्यको लागि विनाशकारी छन् र त्यसबाट सावधान रह्नु पर्छ ।

## प्रथम : सानो पाप

यस्ता साना साना पापहरु जसलाई माफ गर्ने अल्लाहले वचन दिनु भएको छ यदि ठुलो पापहरुबाट बाँच्नुको साथ साथै सानो पापहरुबाट पनि सावधान रहन्छ भने, अल्लाह तआलाले भन्नु भएको छ:

الَّذِينَ يَجْتَنِبُونَ كَبَائِرَ الإِثْمِ وَالفَوَاحِشَ إِلَّا اللَّمَمَ إِنَّ رَبَّكَ وَاسِعُ المَغْفِرَةِ هُوَ أَعْلَمُ بِكُمْ إِذْ أَنْشَأَكُمْ مِنَ الأَرْضِ وَإِذْ أَنْتُمْ أَجِنَّةٌ فِي بُطُونِ أُمَّهَاتِكُمْ فَلَا تُزَكُّوا أَنْفُسَكُمْ هُوَ أَعْلَمُ بِمَنِ اتَّقَى [النَّجم: ٣٢]

जुन् मानिसहरु ठुलठुला पाप र अशलील कर्महरुबाट बाच्दैछन् केहि साना तीना पाप बाहेक । निश्चय नै तिम्रो पालनकर्ता क्षमाशीलतामा बडो व्यापक छन । उहाँले तिमीलाई राम्ररी जान्दछन जब उहाँले तिमीलाई माटोबाट सृष्टि गर्नु भयो र जब तिमी आफ्ना आमाको पेटमा भ्रुण अवस्थामा थियौं । तसर्थ आफ्नो मन्को पवित्रताको दावी आफै नगर। उनीले संयमीहरु लाई राम्ररी जान्दछन (अन्नज्म ३२)

अर्को आयतमा अल्लाह तआलाले भन्नु हुन्छन:

إِنْ تَجْتَنِبُوا كَبَائِرَ مَا تُنْهَوْنَ عَنْهُ نُكَفِّرْ عَنْكُمْ سَيِّئَاتِكُمْ وَنُدْخِلْكُمْ مُدْخَلًا كَرِيمًا

[النساء:٣١]

यदि तिमीहरु यी ठुलठुला पापहरुबाट जुन् तिम्रो लागि निषेधित गरिएका छन् बाँच्ने गर्छौं भने हामी तिम्रो साना पापहरु माफ गरिदिनेछौं र तिमीलाई सम्मान र आदरको ठाउँमा प्रवेश गराउने छौं (अलनिसा ३१)

सहल बिन सअद ﷛ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِيَّاكُمْ وَمُحَقَّرَاتِ الذُّنُوبَ ، فَإِنَّ مَثَلَ مُحَقَّرَاتِ الذُّنُوبِ كَمَثَلِ قَوْمٍ نَزَلُوا بِبَطْنِ وَادٍ ، فَجَاءَ ذَا بِعُودٍ وَذَا بِعُودٍ حَتَّى جَمَعُوا مَا أَنْضَجُوا بِهِ خُبْزَهُمْ ، وَإِنَّ مُحَقَّرَاتِ الذُّنُوبِ مَتَى يُؤْخَذْ بِهَا صَاحِبُهَا تُهْلِكْهُ» (رواه الطبراني في الكبير10500

सा–साना पापहरुबाट सावधान रहनुस् किन कि साना पापहरुको उदाहरण यस्तै छ जस्तो कि यात्रुहरुको एक टोली कुनै ठाउँमा विश्राम गर्छ भने हरेकले मात्र एउटा दाउरा लियाउँछ तर यति दाउरा जम्मा भइहाल्छ कि त्यसबाट मज्जाले रोटी तयार हुन्छ , त्यस्तै यदि साना पापहरु धेरै जम्मा भइहाल्छन भने मान्छेलाई सर्वनाश गरिदिन्छन । (तबरानी १०५००)

तसर्थ यस्तो पापहरुबाट डर मान्नु पर्छ र त्यस प्रति सावधान रहनु पर्छ र रसूल ﷺ को साथीहरु जस्तो हुनु पर्छ उनीहरु हक बमोजिम अल्लाहको हक पुरा गरेका छन र साना पापहरु प्रति सावधान रहेका छन , हजरत अनस ﷛ ले भन्नु भएको छ:

إِنَّكُمْ لَتَعْمَلُونَ أَعْمَالًا هِيَ أَدَقُّ فِي أَعْيُنِكُمْ مِنْ الشَّعَرِ إِنْ كُنَّا لَنَعُدُّهَا عَلَى عَهْدِ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ مِنْ الْمُوبِقَاتِ» (رواه البخاري 6492

तिमीहरु धेरै यस्तो कार्य गरिरहेका हुन्छौं जुन् तिम्रो दृष्टिले कपाल जस्तो हलुको छन् तर नबी ﷺ को युगमा हामीले त्यसलाई विनाशकारी सम्झन्थ्यौं । बुखारी ६४९२)

इब्ने हजर رحمه الله ले भन्नु हुन्छन कि इब्ने बत्तालले भन्नु भएको छ कि सानो पापको संख्या यदि धेरै भइहाल्छ र त्यसको बावजूद पनि मानिसले त्यसलाई छोडेन भने त्यो ठुलो पाप घोषित भइहाल्छ, असद बिन मुसाको हदीसमा छ कि अबू अय्यूब अन्सारी رضي الله عنه ले भन्नु भयो कि कुनै व्यक्ति यस्तो हुन्छ कि यदि पुण्य गर्छ भने आफ्नो पुण्य माथि भरोसा गरिहाल्छ र आफ्नो पापलाई बिर्सिहाल्छ यहाँ सम्म कि जब अल्लाहसित भेंट हुन्छ भने त्यसको अवस्था यो हुन्छ कि पापले उसलाई चारैतर्फबाट घेरिसकेको हुन्छन तर कोही व्यक्ति यस्तो पनि हुन्छ जसले यदि कुनै पाप गरिहाल्छ भने संधै डराएको हुन्छ यहाँ सम्म कि जब अल्लाहसित भेंट हुन्छ भने एकदमै सुरक्षित हुन्छ ।

(فتح الباري شرح صحيح البخاري لابن حجر العسقلاني)

## दोश्रो : ठुलो पाप

एउटा मुस्लिमलाई सानो पाप भन्दा पहिला ठुलो पापबाट बाँच्नु पर्छ किन भने पापको पल्लामा त्यसको वजन अधिक हुन्छ, र ठुल ठुला पापहरु धेरै छन् , विद्वान र धर्मगुरुहरुले त्यसको व्याख्या यस प्रकार गरेका छन् कि यस्तो हरेक कार्य जसमा धिक्कार, नर्क, कोध, वा सजाय तोकिएको छ त्यो ठुलो पाप हुनेछ ।

इब्ने हजर رحمه الله ले ठुलो पापको व्याख्यामा भन्नु भएको छ कि त्यसको सबभन्दा उचित व्याख्या कुर्तुबीले गरेका छन, उहाँको भनाइ यो हो कि यस्तो हरेक पाप जसलाई कुरआनमा वा हदीसमा वा सम्पूर्ण मुस्लिम विद्वानहरुको सहमतिमा ठुलो र घोर अपराध घोषित गरिएको छ र त्यसको लागि कठिन यातनाको

जानकारी दिइएको छ र त्यस माथि सजाय राखिएको छ वा त्यस प्रति कठिन निर्णय लिइएको छ भने त्यो ठुलो पाप हो ।

(فتح الباري شرح صحيح البخاري لابن حجر العسقلاني)

यसको उदाहरण अब्दुल्लाह बिन उमर ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّ أَعْظَمَ الذُّنُوبِ عِنْدَ اللَّهِ رَجُلٌ تَزَوَّجَ امْرَأَةً فَلَمَّا قَضَى حَاجَتَهُ مِنْهَا طَلَّقَهَا وَذَهَبَ بِمَهْرِهَا وَرَجُلٌ اسْتَعْمَلَ رَجُلاً فَذَهَبَ بِأُجْرَتِهِ وَآخَرُ يَقْتُلُ دَابَّةً عَبَثًا » (رواه الحاكم 2743 وحسنه الألباني)

अल्लाहको नजिक सबभन्दा ठुलो पाप यो हो कि कुनै व्यक्तिले कुनै महिला सँग विवाह गरेको छ र जब उस सँग सम्भोग गरिहाल्छ भने उसलाई तलाक दिइ हाल्छ र उसको महर पनि खाइदिन्छ त्यस्तै एउटा यस्तो व्यक्ति जसले कसैलाई आफ्नो काममा लगाउँछ तर त्यसको मजदुरी दिँदैन, र एउटा यस्तो व्यक्ति जसले व्यर्थमा जनावरको हत्या गर्छ (हाकिम २७४३)

# तेश्रो : कर्म विनाशकारी पापहरु

ठुलो पापहरु अन्तरगत केहि यस्तो पापहरु पनि छन् जसबारे धमकी दिइएको छ र सचेत गराइएको छ कि त्यस कारण मान्छेको सत्कर्म नष्ट भइहाल्छ र त्यसलाई कर्म विनाशकारी नाम दिइएको छ, विद्वानहरुको सहमति छ कि मात्र शिर्क र रिद्दत (इस्लाम धर्म लाई तयाग्नु) एउटा यस्तो पाप हो जसले गर्दा मान्छेको सम्पूर्ण कर्मको विनाश भइहाल्छ , तसर्थ जसले आफ्नो कर्मको तराजूलाई वजनशील बनाउन चाहन्छ र प्रलोकको संकटलाई हलुको गर्न चाहन्छ भने त्यसलाई हरेक ठुलो पाप र कर्म विनाशकारी पापहरुबाट जोगिनु र सावधान रहनु अनिवार्य छ ,

# (१) शिर्क र रिद्दत अर्थात इस्लामको त्याग

मनिसले गरेको सबभन्दा ठुलो पाप शिर्क हो, अल्लाहको नजिक त्यस भन्दा अधिक घोर पाप अरु कोहि पनि छैन, त्यहि मात्र एउटा यस्तो पाप हो जसलाई अल्लाहले कहिल्यै पनि माफ गर्ने छैन यदि त्यसै अवस्थामा मान्छेको मृत्यु भयो र मृत्यु भन्दा पहिले पश्च्यात‍ाप गरेन भने, सदा सदा को लागी नरकमा हुन्छ, अल्लाह तआलाले भन्नु हुन्छः

إِنَّ اللهَ لَا يَغْفِرُ أَنْ يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَلِكَ لِمَنْ يَشَاءُ وَمَنْ يُشْرِكْ بِاللهِ فَقَدِ افْتَرَى إِثْمًا عَظِيمًا [النساء:٤٨]

निःसन्देह अल्लाह आफ्ना साझेदार बनाउने लाई क्षमा गर्ने छैन र उस बाहेक अन्य जसलाई चाहन्छ माफ गरिदिन्छ र जसले अल्लाह सँग कसैको साझेदारी ठहराउँछ त्यसले जघन्य अपराध गर्दछ ( अन्निसा ४८)

अर्को आयतमा अल्लाह तआलाले भन्नु भयोः

إِنَّ اللهَ لَا يَغْفِرُ أَنْ يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَلِكَ لِمَنْ يَشَاءُ وَمَنْ يُشْرِكْ بِاللهِ فَقَدْ ضَلَّ ضَلَالًا بَعِيدًا [النساء:١١٦]

अल्लाहले उसलाई क्षमा गर्दैन जसले अरु कसैलाई अल्लाहको साझेदार बनाउँछ तर यस बाहेक अन्य पाप जसलाई चाहन्छ क्षमा गरिदिन्छ र जसले कसैलाई अल्लाहको साझेदार बनायो त्यसले आफ्नो सही बाटो छाडि धेरै कुबाटोमा लागि पथभ्रष्ट भइसकेको हुन्छ (अन्निसा ११६)

अल्लाह तआलाले सम्पूर्ण मनुष्यलाई यो चेतावनी दिनु भएको छ कि यदि कसैले अल्लाहको साझेदार बनाउँछ भने त्यसको कर्म नष्ट भइहाल्छ, त्यो कुनै नबी नै किन नहोस, तर कहिल्यै पनि एउटा नबी द्वारा यस्तो हुने छैन, अल्लाह तआलाले भन्नु हुन्छः

وَلَقَدْ أُوحِيَ إِلَيْكَ وَإِلَى الَّذِينَ مِنْ قَبْلِكَ لَئِنْ أَشْرَكْتَ لَيَحْبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ الْخَاسِرِينَ [الزُّمر:٦٥]

हे मुहम्मद ! निश्चित रुपले तपाईमाथि र तपाईभन्दा पहिला गुज्रिसकेका नबीहरुमाथि वह्य (वाणी) पठाइएको थियो कि यदि तिमीले शिर्क गर्यौ भने तिमीले गरेको सबैकुरा अनिवार्य रुपले व्यर्थ भइहाल्ने छन् र तिमी अवश्य नै घाटामा पर्नेवाला हुनेछौ (अज्जुमर ६५)

तसर्थ एउटा मुस्लिमलाई पूर्ण रुपले शिर्कबाट सावधान रहनु पर्छ र आफ्नो तौहीदलाई शिर्कको पन्जाबाट जोगाउनु पर्छ र यस्तो कुनै पनि कार्य गर्नु हुदैन जसमा शिर्कको शंका र सन्देह होस् नत्र शिर्कतिर गई हाल्छ ,

## शिर्क र रिद्दतको प्रकार

### (क) धर्म वा धार्मिक व्यक्तिहरुको खिल्ली उडाउने

अल्लाह तआलाले भन्नु भएको छ:

وَلَئِنْ سَأَلْتَهُمْ لَيَقُولُنَّ إِنَّمَا كُنَّا نَخُوضُ وَنَلْعَبُ قُلْ أَبِاللهِ وَآيَاتِهِ وَرَسُولِهِ كُنْتُمْ تَسْتَهْزِئُونَ(٦٥) لَا تَعْتَذِرُوا قَدْ كَفَرْتُمْ بَعْدَ إِيمَانِكُمْ إِنْ نَعْفُ عَنْ طَائِفَةٍ مِنْكُمْ نُعَذِّبْ طَائِفَةً بِأَنَّهُمْ كَانُوا مُجْرِمِينَ(٦٦ التوبة)

यदि तपाईले उनीहरुसँग सोध्नुहुन्छ भने स्पष्ट भन्नेछन् कि हामी त यस्तै आपसमा हाँसो (खेल) गरिरहेका थियौं । भन्नुस: के अल्लाह, उसका आयतहरु र उसका रसूल नै तिम्रो लागि हाँस खेलका पात्र हुन् ? तिमी बहाना नबनाउ, निश्चय नै तिमीले ईमान ल्याए पछि काफिर भई सकेका छौ, यदि हामीले तिमीमध्ये कोहिलाई क्षमा गरिहाले पनि कोहिलाई उनको

कसूरको लागि यातना दिएर नै छाड्ने छौं, किनभने उनीहरु अपराधी हुन् (अत्तौबा ६६)

### (ख) धर्मको कुनै नियमसंग घृणा गर्ने

अल्लाह तआलाले भन्नु भयो:

ذَلِكَ بِأَنَّهُمْ كَرِهُوا مَا أَنْزَلَ اللهُ فَأَحْبَطَ أَعْمَالَهُم [محمد:٩]

यो यस कारण कि अल्लाहले जुन् कुरो अवतरित गर्नु भयो उनीहरुले त्यसलाई अप्रिय ठाने तब अल्लाहले उनीहरुको कर्मलाई व्यर्थ पारिदिनु भयो (मुहम्मद ९)
तसर्थ यस्तो हरेक व्यक्तिलाई सावधान हुनुपर्छ जसले अल्लाहको नियम र रसूलको सुन्नतलाई आफ्नो इच्छा अनुसार नहुनको कारण त्यसलाई घृणा गर्छ ।

### (ग) यस्ता कार्य गर्ने जसबाट अल्लाह क्रोधित हुन्छन र यस्ता कार्य नगर्ने जसबाट अल्लाह प्रसन्न हुन्छन ।

अल्लाह तआलाले भन्नु भयो:

ذَلِكَ بِأَنَّهُمُ اتَّبَعُوا مَا أَسْخَطَ اللهَ وَكَرِهُوا رِضْوَانَهُ فَأَحْبَطَ أَعْمَالَهُمْ[محمد:٢٨]

यो यस कारण कि उनीहरुले त्यस कुराको अनुशरण गरे जुन् कि अल्लाहलाई अप्रिय छ र उनीहरुले उसको प्रसन्नता लाई रुचाएनन् अनि उसले पनि उनीहरुको कर्मलाई नष्ट गरिदियो (मुहम्मद २८)

### (२) देखावा (सानो शिर्क)

अबूहुरैरह ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

قَالَ اللَّهُ تَبَارَكَ وَتَعَالَى أَنَا أَغْنَى الشُّرَكَاءِ عَنِ الشِّرْكِ مَنْ عَمِلَ عَمَلاً أَشْرَكَ فِيهِ مَعِى غَيْرِى تَرَكْتُهُ وَشِرْكَهُ » (رواه مسلم 2985

अल्लाह तआलाले भन्नु भयो कि मलाई कसैको साझेदारीको अवश्यक्ता छैन, यदि कसैले यस्तो कार्य गर्छ जसमा मसँग अरु कसैलाई साझेदार बनाएको छ भने म त्यसलाई र त्यसको साझेदारीलाई छाडिदिने छौं । (मुस्लिम २९८५)

शुफैय्या अलअसबही رحمه الله ले भन्नु हुन्छ कि जब उहाँले मदीना शहरमा प्रवेश गर्नु भयो त त्यहाँ एउटा व्यक्तिलाई यस्तो अवस्थामा हेर्नु भयो कि त्यसको वरिपरि धेरै मानिसहरु संगठित भएका थिए त उहाँले सोध्नु भयो कि यो को हुन् ? त मानिसहरुले भने कि अबूहुरैरह हुन्, शुफैय्या अलअसबही رحمه الله ले भन्नु हुन्छन कि म अबूहुरैरहको नजिक भएर उहाँको सामुन्ने बसे, अबूहुरैरह सबैलाई हदीस सुनाउदै थियें, जब उहाँले चुपलाग्नु भयो र एकलो हुनु भयो त मैले सोधे कि मलाई कुनै यस्तो हदीस सुनाउनुस जुन् तपाईले रसूल ﷺ बाट सुन्नु भएको छ र उहाँसित सिक्नु र समझनु भएको छ,

त अबूहुरैरहले भन्नु भयो कि सुन ! म तिमीलाई एउटा यस्तो हदीस सुनाउने छु जुन् मैले रसूल ﷺ बाट सुनेको छु, त्यसलाई सिकेको र सम्झेको छु, त्यस पछि अबूहुरैरह बिहोश हुनु भयो, फेरि केहि छिन् पछि जब उहाँलाई होश आयो त उहाँले भन्नु भयो, म तिमीलाई एउटा यस्तो हदीस सुनाउने छु जुन् मलाई रसूल ﷺ ले यसै घरमा भन्नु भएको थियो, र मेरो बाहेक अनि रसूल ﷺ बाहेक अरु कोहि पनि थिएन, यति भनेर फेरि अबूहुरैरह बिहोश हुनु भयो, र केहि छ्रण पछि जब उहाँलाई होश आयो त उहाँले आफ्नो अनुहार माथि हात फेर्नु भयो र भन्नु भयो, म तिमीलाई एउटा यस्तो हदीस सुनाउने छु जुन् मलाई रसूल ﷺ ले यही घरमा सिकाउनु भएको थियो, र मेरो बाहेक अनि रसूल ﷺ बाहेक अरु कोहि पनि थिएन, यति भनेर फेरि अबूहुरैरह बिहोश हुनु भयो, र केहि छ्रण पछि जब उहाँलाई होश

आयो त उहाँले आफ्नो अनुहार माथि हात फेर्नु भयो र भन्नु भयो, म तिमीलाई एउटा यस्तो हदीस सुनाउने छु जुन् मलाई रसूल ﷺ ले यसै घरमा भन्नु भएको थियो, र मेरो बाहेक अनि रसूल ﷺ बाहेक अरु कोहि पनि थिएन, यति भनेर फेरि अबूहुरैरह बिहोश हुनु भयो, त मैले उहाँलाई सहारा दिएँ, र त्यस पछि जब उहाँलाई होश आयो त उहाँले भन्नु भयो कि रसूल ﷺ ले भन्नु भयो:

أَنَّ اللَّهَ تَبَارَكَ وَتَعَالَى إِذَا كَانَ يَوْمُ الْقِيَامَةِ يَنْزِلُ إِلَى الْعِبَادِ لِيَقْضِيَ بَيْنَهُمْ وَكُلُّ أُمَّةٍ جَاثِيَةٌ فَأَوَّلُ مَنْ يَدْعُو بِهِ رَجُلٌ جَمَعَ الْقُرْآنَ وَرَجُلٌ يَقْتَتِلُ فِي سَبِيلِ اللَّهِ وَرَجُلٌ كَثِيرُ الْمَالِ فَيَقُولُ اللَّهُ لِلْقَارِئِ أَلَمْ أُعَلِّمْكَ مَا أَنْزَلْتُ عَلَى رَسُولِي قَالَ بَلَى يَا رَبِّ قَالَ فَمَاذَا عَمِلْتَ فِيمَا عُلِّمْتَ قَالَ كُنْتُ أَقُومُ بِهِ آنَاءَ اللَّيْلِ وَآنَاءَ النَّهَارِ فَيَقُولُ اللَّهُ لَهُ كَذَبْتَ وَتَقُولُ لَهُ الْمَلَائِكَةُ كَذَبْتَ وَيَقُولُ اللَّهُ بَلْ أَرَدْتَ أَنْ يُقَالَ إِنَّ فُلَانًا قَارِئٌ فَقَدْ قِيلَ ذَاكَ وَيُؤْتَى بِصَاحِبِ الْمَالِ فَيَقُولُ اللَّهُ لَهُ أَلَمْ أُوَسِّعْ عَلَيْكَ حَتَّى لَمْ أَدَعْكَ تَحْتَاجُ إِلَى أَحَدٍ قَالَ بَلَى يَا رَبِّ قَالَ فَمَاذَا عَمِلْتَ فِيمَا آتَيْتُكَ قَالَ كُنْتُ أَصِلُ الرَّحِمَ وَأَتَصَدَّقُ فَيَقُولُ اللَّهُ لَهُ كَذَبْتَ وَتَقُولُ لَهُ الْمَلَائِكَةُ كَذَبْتَ وَيَقُولُ اللَّهُ تَعَالَى بَلْ أَرَدْتَ أَنْ يُقَالَ فُلَانٌ جَوَادٌ فَقَدْ قِيلَ ذَاكَ وَيُؤْتَى بِالَّذِي قُتِلَ فِي سَبِيلِ اللَّهِ فَيَقُولُ اللَّهُ لَهُ فِي مَاذَا قُتِلْتَ فَيَقُولُ أُمِرْتُ بِالْجِهَادِ فِي سَبِيلِكَ فَقَاتَلْتُ حَتَّى قُتِلْتُ فَيَقُولُ اللَّهُ تَعَالَى لَهُ كَذَبْتَ وَتَقُولُ لَهُ الْمَلَائِكَةُ كَذَبْتَ وَيَقُولُ اللَّهُ بَلْ أَرَدْتَ أَنْ يُقَالَ فُلَانٌ جَرِيءٌ فَقَدْ قِيلَ ذَاكَ ثُمَّ ضَرَبَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ عَلَى رُكْبَتِي فَقَالَ يَا أَبَا هُرَيْرَةَ أُولَئِكَ الثَّلَاثَةُ أَوَّلُ خَلْقِ اللَّهِ تُسَعَّرُ بِهِمْ النَّارُ يَوْمَ الْقِيَامَةِ»

महाप्रलयको दिनमा अल्लाह तआला मानिसहरु बीच फैसलाको लागि अवतरित हुनेछ्न, हरेक समुदाय घुँडा टेकेको हुन्छन, सबभन्दा पहिला एउटा कुरआन पढ्ने व्यक्तिलाई, र एउटा जिहाद गर्ने व्यक्तिलाई, र एउटा धनी व्यक्तिलाई बोलाउँछन, कुरआन पढ्ने व्यक्ति अर्थात कारीलाई अल्लाहले भन्नु हुन्छ के म तिमीलाई आफ्नो रसूल माथि अवतरित गरेको कुरआन सिखाएको थिएन? त उसले भन्छ कि हो मेरो प्रभु तपाईले सिखाउनु भयो, त अल्लाहले भन्नेछन कि तिमीले पाएको शिक्षामा के गरेको ? त उसले भन्नेछ कि म दिन रात संधै कुरआन पढ्ने गर्थे, त अल्लाहले भन्नु हुन्छ कि होइन, तिमी झुटो कुरो भन्दै छौ, र देवदुतहरु पनि भन्नेछन कि तिमी झुटो कुरो भन्दै छौ, र फेरि अल्लाहले भन्नेछन, बरु तिम्रो चाहना थियो कि मान्छेहरु तिमीलाई कारी भनुन् र त्यो त भनिसकिएको छ तिम्रो चाहना पुरा भइसकेको छ,

त्यस पछि धनी व्यक्तिलाई अल्लाहले भन्नेछन, के मैले तिमीलाई अधिक धनसमपत्ति प्रदान गरेको होइन ? यहाँ सम्म कि तिमीलाई कुनै कुराको खाँचो थिएन, त उसले भन्नेछ कि हो मेरो प्रालनकर्ता, त अल्लाहले भन्नेछन कि तिमीले त्यो धनमा के गरेको ? त उसले भन्छ कि म दान गर्थे र नातेदारहरु माथि खर्च गर्थे, त अल्लाहले बताउनेछन कि होइन, तिमी झुटो कुरो भन्दै छौ, र देवदुतहरु पनि भन्नेछन कि तिमी झुटो कुरो भन्दै छौ, र फेरि अल्लाहले भन्नु हुन्छ, बरु तिम्रो चाहना थियो कि मान्छेहरु तिमीलाई दाता र दानवीर भनुन्, र त्यो त पुरा भई सक्यो,

र त्यस पछि शहीदलाई अल्लाहले भन्नेछन कि कुन् कार्यमा तिम्रो हत्या भयो ? त त्यो भन्नेछ कि मलाई तपाईको मार्गमा जिहादको आदेश भयो र मृत्यु सम्म मैले जिहाद गरें, त अल्लाहले भन्नु हुन्छ कि होइन, तिमी झुटो कुरो भन्दै छौ, र देवदुतहरु पनि भन्नेछन कि तिमी झुटो कुरो भन्दै छौ, र फेरि अल्लाहले बताउनु

हुन्छ , बरु तिम्रो चाहना थियो कि तिमीलाई बीर भनियोस, र त्यो भनि सकिएको छ, त्यस पछि रसूल ﷺ मेरो घुँडा माथि आफ्नो हात राख्नु भयो र भन्नु भयो «हे अबूहुरैरह ! त्यो प्रथम तीन यस्तो व्यक्ति हुन्छन् जसलाई प्रलोकमा अल्लाहले नरकको आगोमा जलाउँछन» ।

अबूउस्मान अलवलीदले भन्नु हुन्छन कि उक्बा बिन मुस्लिमले मलाई भन्नु भएको छ कि शुफैय्या नै त्यो व्यक्ति हुन जुन् हजरत मुआविया رضي الله عنه लाई यसको जानकारी दिनु भयो, अबूउस्मानले भन्नु हुन्छन कि अला बिन अबूहकीमले मलाई भन्नु भएको छ जुन् हजरत मुआवियाको तर्वार बोक्ने गर्थे कि कुनै व्यक्तिले हजरत मुआविया رضي الله عنه को सेवामा उपस्थित भएर उहाँलाई हजरत अबूहुरैरहको यो हदीस सुनाउनु भयो त हजरत मुआवियाले भन्नु भयो कि जब यस्तो व्यक्तिहरुसँग यस्तो व्यवहार हुन्छ भने अरुसँग कस्तो व्यवहार हुन्छ ? र त्यस पछि हजरत मुआविया रुनथाले यहाँ सम्मकि हामीहरुलाई उहाँको मृत्युको शंका भयो र हामीहरुले एक अर्कालाई भन्नथाले कि कस्तो नराम्रो खबर ल्याएको छ यो व्यक्ति, र फेरि जब हजरत मुआवियालाई होश आयो त उहाँले आफ्नो अनुहार सफा गर्नु भयो र भन्नु भयो कि अल्लाह र अल्लाहको रसूल साँचै भन्नु भएको छ:

**مَنْ كَانَ يُرِيدُ الْحَيَاةَ الدُّنْيَا وَزِينَتَهَا نُوَفِّ إِلَيْهِمْ أَعْمَالَهُمْ فِيهَا وَهُمْ فِيهَا لَا يُبْخَسُونَ(١٥) أُولَئِكَ الَّذِينَ لَيْسَ لَهُمْ فِي الْآخِرَةِ إِلَّا النَّارُ وَحَبِطَ مَا صَنَعُوا فِيهَا وَبَاطِلٌ مَا كَانُوا يَعْمَلُونَ(١٦)هود )**

जुन् मानिसहरुले संसारिक जीवन र यसका आकर्षक कुराहरुको लागि मरी मेटछन् हामीले उनीहरुको सबै कर्महरुको प्रतिफल

तिनीहरुलाई संसारमा नै दिन्छौं र यसमा कमी हुदैन, यी नै ती मानिसहरु हुन् जसका निम्ति प्रलोकमा नरकको आगो बाहेक अरु केहि छैन, र जुन् कर्महरु तिनीहरुले संसारमा गरे सबै बर्बाद भयो र जेजति तिनीहरुले गर्दै गरे सबै व्यर्थ र बर्बाद हुनेवाला छन् (हूद १६)

## (४) अल्लाह र रसूलको कुरा भन्दा अगाडि बढने

अल्लाह तआलाले भन्नु हुन्छ:

**يَا أَيُّهَا الَّذِينَ آَمَنُوا لَا تُقَدِّمُوا بَيْنَ يَدَيِ اللهِ وَرَسُولِهِ وَاتَّقُوا اللهَ إِنَّ اللهَ سَمِيعٌ عَلِيمٌ** [الحجرات:١]

हे मोमिनहरु !अल्लाह र उसका रसूल भन्दा अगाडि नबढ्नु र अल्लाहसित डर मानी राख्नु, निश्चय नै अल्लाह सुन्दछन् र जान्दछन् (अलहुजरात १)

इब्ने कैय्यिम رحمه الله ले भन्नु हुन्छ कि «अधिकतर व्यक्तिहरुलाई कर्म विनाशक पापहरुको ज्ञान हुदैन, जबकि अल्लाह तआलाले भनिसक्नु भएको छ:

**يَا أَيُّهَا الَّذِينَ آَمَنُوا لَا تَرْفَعُوا أَصْوَاتَكُمْ فَوْقَ صَوْتِ النَّبِيِّ وَلَا تَجْهَرُوا لَهُ بِالقَوْلِ كَجَهْرِ بَعْضِكُمْ لِبَعْضٍ أَنْ تَحْبَطَ أَعْمَالُكُمْ وَأَنْتُمْ لَا تَشْعُرُونَ** [الحجرات:٢]

हे ईमानवालाहरु ! आफ्ना आवाज पैगम्बरको आवाज भन्दा उच्च नगर नत उनीसित ठुलो स्वरमा कुरा गर जुन् प्रकारले तिमीहरु आपसमा एकअर्कासित कराएर बोल्दछौ, यस्तो नहोस कि तिम्रो कर्महरु खेर गइहालुन् र तिमीलाई खबर पनि नहोस (अलहुजरात २)

तसर्थ अल्लाह तआलाले मोमिनहरुलाई सावधान गर्नु भएको छ कि यदि एकअर्कासित कराएर गरेको कुरा जस्तै नबीसित कराएर ठुलो स्वरमा कुरा गर्नेछौ भने तिम्रो कर्मको विनाश भइहाल्छ, यस्तो

व्यक्तिले इस्लाम त्यागेको होइन बरु कर्म विनाशक पाप गरेको हो, र उसलाई थाहा पनि छैन कि उसले यति ठुलो पाप गरिसकेको हो, यसो भए जुन् व्यक्तिहरुले रसूल ﷺ को कुरा र उहाँको नियम नाँघेर त्यस भन्दा अगाडि बढ्छन भने त्यसबारे के बिचार छ ? के यस्तो होइन कि त्यसको कर्मको विनाश भइसकेको हुन्छ र त्यसलाई थाहा पनि छैन ? (الوابل الصيب لابن القيم الجوزية)

त के हाम्रो यस्तो दाजुभाईहरु सावधान हुन्छन् जुन् आफ्नो बिचारलाई रसूल ﷺ को बिचार भन्दा उच्च राख्दछन् ।

## (५) कसैको बारेमा कसम खाएर यो भन्ने कि अल्लाहले उसलाई माफ गर्ने छैन

जुन्दुब رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

أَنَّ رَجُلاً قَالَ وَاللَّهِ لاَ يَغْفِرُ اللَّهُ لِفُلاَنٍ وَإِنَّ اللَّهَ تَعَالَى قَالَ مَنْ ذَا الَّذِى يَتَأَلَّى عَلَىَّ أَنْ لاَ أَغْفِرَ لِفُلاَنٍ فَإِنِّى قَدْ غَفَرْتُ لِفُلاَنٍ وَأَحْبَطْتُ عَمَلَكَ » (رواه مسلم 261

एक व्यक्तिले भन्यो कि अल्लाहको कसम फलानो व्यक्तिलाई अल्लाहले माफ गर्ने छैन, र अल्लाह तआलाले भन्नु भयो कि को हो जोकि मेरो कसम खाएर भन्छ कि म फलानोलाई माफ गर्ने छैनौ? मैले फलानोलाई माफ गरिदिए र तिम्रो कर्मलाई नष्ट गरिदिए (मुस्लिम २६१)

सुब्हानल्लाह ! मात्र एउटा शब्दले कसैको सम्पूर्ण कर्मको विनाश भयो र कसैले निकै लाभ पायो ।

## (६) अस्रको नमाज छाडने

अल्लाह तआलाले पाँचौ नमाज पढ्ने आदेश दिनु भएको छ तर अस्र नमाजको महत्वको कारण त्यस प्रति निकै जोर दिनु भएको छ, अल्लाह तआलाले भन्नु भएको छ:

حَافِظُوا عَلَى الصَّلَوَاتِ وَالصَّلَاةِ الوُسْطَى وَقُومُوا لله قَانِتِينَ [البقرة:٢٣٨]

सबै नमाजहरु विषेश गरी बीचको नमाज सुचारुरुपले सम्पन्न गर्दै गर र अल्लाहको अगाडि आदरका साथ उभिने गर (अलबकरा २३८)

अबूल मुलैह رحمه الله ले भन्नु हुन्छ:

كُنَّا مَعَ بُرَيْدَةَ فِي غَزْوَةٍ فِي يَوْمٍ ذِي غَيْمٍ فَقَالَ بَكِّرُوا بِصَلَاةِ الْعَصْرِ فَإِنَّ النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ مَنْ تَرَكَ صَلَاةَ الْعَصْرِ فَقَدْ حَبِطَ عَمَلُهُ» (رواه البخاري 553

हामी बुरैदह ﷺ सँग एक युद्धमा थियौं, आकाशमा बादल लागेको थियो, त उहाँले भन्नु भयो कि अस्रको नमाज छिटो पढ किनभने नबी ﷺ ले भन्नु भएकोछ कि जसले अस्रको नमाज छोडिदिन्छ भने त्यसको कर्मको विनाश भईहाल्छ (बुखारी ५५३)

र अब्दुल्लाह बिन उमर ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

الَّذِي تَفُوتُهُ صَلَاةُ الْعَصْرِ كَأَنَّمَا وُتِرَ أَهْلَهُ وَمَالَهُ» (رواه البخاري واللفظ له 552 ومسلم 626

जसको अस्रको नमाज छुटिहाल्छ भने त्यो यस्तै छ जस्तो कि त्यसको परिवार र धन् सबै बर्बाद भइहाल्यो (बुखारी ५५२, मुस्लिम ६२६)

## (७) अल्लाहले बर्जित गरेको कुराहरुलाई लुकेर एकांतमा गर्ने

एउटा महान सहाबी हजरत सौबान ﷺ ले रसूल ﷺ द्वारा एउटा यस्तो हदीस बयान गरेका छन जसले सत्कर्मीहरुको निन्द्रा गुमाइसकेको छ, मन्मा कपटको शंका भइसकेको छ र कर्मको विनाशको खतरा महसुस भइसकेको छ, उहाँले भन्नु हुन्छन कि रसूल ﷺ ले भन्नु भयो:

لَأَعْلَمَنَّ أَقْوَامًا مِنْ أُمَّتِي يَأْتُونَ يَوْمَ الْقِيَامَةِ بِحَسَنَاتٍ أَمْثَالِ جِبَالِ تِهَامَةَ بِيضًا فَيَجْعَلُهَا هَبَاءً مَنْثُورًا فَقَالَ ثَوْبَانُ يَا رَسُولَ اللَّهِ صِفْهُمْ لَنَا جَلِّهِمْ لَنَا أَنْ لَا نَكُونَ مِنْهُمْ وَنَحْنُ لَا نَعْلَمُ قَالَ أَمَا إِنَّهُمْ إِخْوَانُكُمْ وَمِنْ جِلْدَتِكُمْ وَيَأْخُذُونَ مِنَ اللَّيْلِ كَمَا تَأْخُذُونَ وَلَكِنَّهُمْ أَقْوَامٌ إِذَا خَلَوْا بِمَحَارِمِ اللَّهِ انْتَهَكُوهَا» (رواه ابن ماجة 4245 وصححه الألباني)

मलाई थाहा छ कि प्रलोकमा मेरो समुदायको केही यस्तो व्यक्तिहरु हुन्छन् जुन् तेहामा प्रबत जस्तो पुण्य लिएर आउँछन् तर अल्लाहले सबै पुण्यहरुलाई व्यर्थ बनाइदिन्छ, सौबान ﵁ ले भन्नु भयो कि हे अल्लाहको रसूल ! उनीहरुको चिन्ह हामीहरुलाई बताईदिनुस, उनीहरु लाई प्रष्ट पारिदिनुस, ताकि हामहिरु पनि उनीहरु जस्तै नभइहालौं र हामीलाई खबर पनि नहोस, त रसूल ﷺ ले भन्नु भयो कि सुन, उनीहरु तिम्रो भाई र तिम्रो समुदायकै हुन्छन्, रातिमा तिमीहरु जस्तै नमाज पनि पढ्ने गर्छन् तर उनीहरु यस्तो हुन्छन् कि यदि एकान्तमा हुन्छन भने यस्तो कार्य गर्छन् जुन् अल्लाहले बर्जित गर्नु भएको छ (इब्न माजा ४२४५)

तसर्थ हामी जस्तो सबैको अगाडि हुन्छौं एकान्तमा त्यस भन्दा पनि अधिक राम्रो हुनु पर्छ , यदि एकलोमा अल्लाहले बर्जित गरेको कुराहरु गर्ने मौका हुन्छ भने हामीले अल्लाहको महानता र त्यसको ज्ञानलाई ध्यानमा राख्नु पर्छ र अदृश्य कुराहरु माथि ईमान राख्नुको जुन् पुण्य र प्रतिफल छन् त्यसलाई पनि आफ्नो ध्यानमा राख्नु पर्छ ।

## (८) शिकार, कृषि, र जनावरहरुको रक्षा बाहेक अरु कुनै उद्देश्यले कुकुर पालने

इब्ने उमर ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنِ اتَّخَذَ كَلْبًا إِلاَّ كَلْبَ زَرْعٍ أَوْ غَنَمٍ أَوْ صَيْدٍ يَنْقُصُ مِنْ أَجْرِهِ كُلَّ يَوْمٍ قِيرَاطٌ »

(رواه البخاري 2322 ومسلم واللفظ له 1575

जसले कृषि वा जनावरहरुको रक्षा वा शिकार बाहेक अरु कुनै उद्देश्यले कुकुर पाल्दछ भने त्यसको कर्मबाट प्रति दिन एक कीरात कम हुँदै जान्छ (बखारी २३२२, मुस्लिम १५७५)
यस्तो कुन् व्यक्ति छ जसले प्रत्येक दिन्मा एक किरात पुण्य जम्मा गर्ने क्षमता राख्दछ ? फेरि प्रत्येक दिन जसको एक कीरात पुण्य कम हुँदै जान्छ भने त्यसको अवस्था कस्तो हुन्छ ? अल्लाह बाहेक अरु कोहि मद्दत गर्ने छैन, अल्लाह बाहेक अरु कोहि सहायता दिनेवाला छैन ।

**(९) परोहितहरुलाई सोध्नु (अदृश्यको ज्ञान भएको दावी गर्नेवाला सित सोध्नु)**

रसूल ﷺ को एउटि स्वासनी सफिया رضي الله عنها को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ أَتَى عَرَّافًا فَسَأَلَهُ عَنْ شَىْءٍ لَمْ تُقْبَلْ لَهُ صَلاَةٌ أَرْبَعِينَ لَيْلَةً (رواه مسلم 2230)

जसले परोहित वा ज्योतिष सित भाग्य वा भविष्यको बारेमा केहि सोध्यो भने त्यसको चालीस दिनको नमाज स्वीकार हुँदैन (मुस्लिम २२३०)

**(१०) ज्योतिष र जादूगरहरुमा विशवास गर्ने**

अबूहुरैरह رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ أَتَى عَرَّافًا أَوْ كَاهِنًا فَصَدَّقَهُ بِمَا يَقُولُ فَقَدْ كَفَرَ بِمَا أُنْزِلَ عَلَى مُحَمَّدٍ (رواه البيهقي 16273 وصححه الألباني)

जसले ज्योतिष र जादूगरहरु कहाँ गयो र त्यसले भनेको कुराहरुमा विश्वास गर्यो त्यसले मुहम्मद ﷺ माथि अवतरित भएको इस्लामलाई इन्कार गर्यो (बैहकी १६२७३)

अब्दुल्लाह बिन मसऊद ﷺ को हदीसमा छ:

مَنْ أَتَى عَرَّافًا أَوْ سَاحِرًا أَوْ كَاهِنًا يُؤْمِنُ بِمَا يَقُوْلُ فَقَدْ كَفَرَ بِمَا أُنْزِلَ عَلَى مُحَمَّدٍ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ» (رواه البيهقي 16274 وقال الألباني في صحيح الترغيب والترهيب: صحيح موقوف)

जसले परोहित वा जादूगर वा भविश्यवानी गर्ने व्यक्तिहरुमा विशवास गर्यो भने त्यसले मुहम्मद ﷺ माथि अवतरित भएको इस्लामलाई अस्वीकार गर्यो (बैहकी १६२७४)

अबू हुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ أَتَى حَائِضًا أَوْ امْرَأَةً فِي دُبُرِهَا أَوْ كَاهِنًا فَصَدَّقَهُ بِمَا يَقُولُ فَقَدْ كَفَرَ بِمَا أَنْزَلَ اللَّهُ عَلَى مُحَمَّدٍ» (رواه الترمذي 135 وأبوداؤد 3904 وصححه الألباني)

जसले महिनवारीको अवस्थामा वा पिछाडीको बाटोमा सम्भोग गर्यो वा ज्योतिष कहाँ गयो र त्यसले भनेको कुराहरुमा विशवास गर्यो भने त्यसले मुहम्मदﷺ माथि अवतरित भएको इस्लामलाई अस्वीकार गरि दियो (तिर्मिजी १३५, अबू दाऊद ३९०४)

मुबारकपुरी رحمه الله ले भन्नु हुन्छन कि त्यसले मुहम्मद ﷺ माथि अवतरित भएको इस्लामलाई अस्वीकार गरेको छ भने कुराको उद्देश्य त्यस माथि जोर दिनु हो र त्यो कति घोर पाप हो भने त्यसको व्यख्या गर्नु छ जस्तोकि इमाम तिर्मीजी رحمه الله ले भन्नु भएको छ । र यो पनि भन्नु भएको छ कि त्यसको अर्थ यो हो कि यदि यस्तो घोर पापहरुलाई जायज सम्झनु हुन्छ र त्यसमा विशवास गर्नु हुन्छ भने त्यो कुफर हुन्छ र यदि यस्तो छैन भने त्यसको अर्थ हुन्छ कि उसले अल्लाहको वर्दानलाई ठोकयाएको छ ।

## (११) रक्सी खाने

अब्दुल्लाह बिन उमरﷺको हदीसमा छ कि रसूलﷺ ले भन्नु भयो:

مَنْ شَرِبَ الْخَمْرَ لَمْ يَقْبَلِ اللَّهُ لَهُ صَلاَةً أَرْبَعِينَ صَبَاحًا فَإِنْ تَابَ تَابَ اللَّهُ عَلَيْهِ فَإِنْ عَادَ لَمْ يَقْبَلِ اللَّهُ له صَلاَةً أَرْبَعِينَ صَبَاحًا فَإِنْ تَابَ تَابَ اللَّهُ عَلَيْهِ فَإِنْ عَادَ لَمْ يَقْبَلِ اللَّهُ لَهُ صَلاَةً أَرْبَعِينَ صَبَاحًا فَإِنْ تَابَ تَابَ اللَّهُ عَلَيْهِ فَإِنْ عَادَ الرَّابِعَةَ لَمْ يَقْبَلِ اللَّهُ لَهُ صَلاَةً أَرْبَعِينَ صَبَاحًا فَإِنْ تَابَ لَمْ يَتُبِ اللَّهُ عَلَيْهِ وَسَقَاهُ مِنْ نَهْرِ الْخَبَالِ قِيلَ يَا أَبَا عَبْدِ الرَّحْمَنِ وَمَا نَهْرُ الْخَبَالِ قَالَ نَهْرٌ مِنْ صَدِيدِ أَهْلِ النَّارِ (رواه الترمذي 1862 واللفظ له والنسائي 5670 وأبوداؤد 3680 وصححه اللباني)

जसले रक्सी खायो भने अल्लाह ले त्यसको चालीस दिनको नमाज स्वीकार गर्दैनन्, र यदि तौबा गर्छ भने अल्लाह त्यसको तौबा स्वीकार गर्छन्, र यदि फेरि रक्सी खायो भने अल्लाहले त्यसको चालीस दिनको नमाज स्वीकार गर्दैनन्, र यदि तौबा गर्छ भने अल्लाह त्यसको तौबा स्वीकार गर्छन, र यदि फेरि रक्सी खायो भने अल्लाहले त्यसको चालीस दिनको नमाज स्वीकार गर्दैनन, र यदि क्षमा माग्छ भने अल्लाहले त्यसको क्षमायाचना स्विकार गर्छन, तर यदि चौथो पटक रक्सी खान्छ भने अल्लाहले त्यसको चालीस दिनको नमाज स्वीकार गर्दैन र यदि तौबा गर्छ भने अल्लाहले त्यसको तौबा पनि स्वीकार गर्दैन, र त्यसलाई “खबाल” नामक नहरबाट खुवाइन्छ , सोधियो कि हे अबू अब्दुररहमान ! यो खबाल नामक नहर चाहिं के हो ? त उहाँले भन्नु भयो कि नरकवासीहरुको पीप (तिर्मिजी १८६२, अबू दाऊद ३६८०, नसई ५६७०)

## (१२) मानिसहरुको हक अधिकार नदिने र उनीहरुमाथि अत्याचार गर्ने

अबू हुरैरह ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

أَتدْرُونَ مَنِ الْمُفْلِسُ ». قَالُوا : الْمُفْلِسُ فِينَا مَنْ لاَ دِرْهَمَ لَهُ وَلاَ مَتَاعَ فَقَالَ :« إِنَّ الْمُفْلِسَ مِنْ أُمَّتِى يَأْتِى يَوْمَ الْقِيَامَةِ بِصَلاَةٍ وَصِيَامٍ وَزَكَاةٍ وَيَأْتِى قَدْ شَتَمَ هَذَا وَقَذَفَ هَذَا وأَكَلَ مَالَ هَذَا وَسَفَكَ دَمَ هَذَا وَضَرَبَ هَذَا فَيُعْطَى هَذَا مِنْ حَسَنَاتِهِ وَهَذَا مِنْ حَسَنَاتِهِ فَإِنْ فَنِيَتْ حَسَنَاتُهُ قَبْلَ أَنْ يُقْضَى مَا عَلَيْهِ أُخِذَ مِنْ خَطَايَاهُمْ فَطُرِحَتْ عَلَيْهِ ثُمَّ طُرِحَ فِى النَّارِ » (رواه مسلم واللفظ له 2581 والترمذي 2418

के तिमीहरुलाई थाहा छ कि मुफलिस भनेको को हो ? त सबैले भन्नु भयो कि हामीले मुफलिस यस्तो व्यक्तिलाई भन्छौं जोसँग धन् सम्पत्ति र रुपैयाँ पैसा हुँदैन, त रसूल ﷺ ले भन्नु भयो कि मेरो अनुयायीहरु मध्ये मुफलिस त्यो व्यक्ति हुनेछ जुन् प्रलोकमा धेरै नमाज, रोजा, र दानको साथ उपस्थित हुन्छ तर कसैलाई गाली गरेको हुन्छ, कसैमाथि आरोप लगाएको हुन्छ, कसैको सम्पति खाएको हुन्छ, कसैको हत्या गरेको हुन्छ, र कसैलाई कुटेको हुन्छ, र त्यसको पुण्य यस्तो हरेक व्यक्तिमा बितरण गरिन्छ जसमाथि उसले अत्याचार गरेको हुन्छ र यदि उसको पुण्य समाप्त भईहाल्छ भने उनीहरुको पाप त्यसमाथि थोपिन्छ र त्यसलाई नरकमा फालिदिइन्छ (मुसिलम २५८१, तिर्मिजी २४१८)
हजरत आइशा रजियल्लाहु अन्हाको हदीसमा छ:

أَنَّ رَجُلًا قَعَدَ بَيْنَ يَدَيْ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ يَا رَسُول اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ إِنَّ لِي مَمْلُوكِينَ يُكَذِّبُونَنِي وَيَخُونُونَنِي وَيَعْصُونَنِي وَأَشْتُمُهُمْ وَأَضْرِبُهُمْ فَكَيْفَ أَنَا مِنْهُمْ قَالَ يُحْسَبُ مَا خَانُوكَ وَعَصَوْكَ وَكَذَّبُوكَ وَعِقَابُكَ إِيَّاهُمْ فَإِنْ كَانَ عِقَابُكَ إِيَّاهُمْ بِقَدْرِ ذُنُوبِهِمْ كَانَ كَفَافًا لَا لَكَ وَلَا عَلَيْكَ وَإِنْ كَانَ عِقَابُكَ إِيَّاهُمْ دُونَ ذُنُوبِهِمْ كَانَ فَضْلًا لَكَ وَإِنْ كَانَ عِقَابُكَ إِيَّاهُمْ فَوْقَ ذُنُوبِهِمْ اقْتُصَّ لَهُمْ مِنْكَ الْفَضْلُ قَالَ فَتَنَحَّى الرَّجُلُ فَجَعَلَ يَبْكِي وَيَهْتِفُ فَقَالَ رَسُول اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ

وَسَلَّمَ أَمَا تَقْرَأُ كِتَابَ اللهِ وَنَضَعُ الْمَوَازِينَ الْقِسْطَ لِيَوْمِ الْقِيَامَةِ فَلَا تُظْلَمُ نَفْسٌ شَيْئًا وَإِنْ كَانَ مِثْقَالَ حَبَّةٍ مِنْ خَرْدَلٍ أَتَيْنَا بِهَا وَكَفَى بِنَا حَاسِبِينَ فَقَالَ الرَّجُلُ وَاللَّهِ يَا رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ مَا أَجِدُ لِي وَلِهَؤُلَاءِ شَيْئًا خَيْرًا مِنْ مُفَارَقَتِهِمْ أُشْهِدُكُمْ أَنَّهُمْ أَحْرَارٌ كُلُّهُمْ»(رواه الترمذي 3165 وصححه الألباني)

एक व्यक्तिले नबी ﷺ को सामुने बस्नु भयो र त्यस पछि भन्नु भयो, हे अल्लाहको रसूल ! मेरो दासहरु छन् र तिनीहरु मलाई झुठयाउने गर्छन्, मलाई धोका दिने गर्छन् र मेरो आज्ञा पालन गर्दैनन् र यसै कारण म तिनीहरुलाई गाली गर्छु र कुटपिट गर्छु त तिनीहरु सँग मेरो व्यवहार चाहिं कस्तो भयो ? रसूल ﷺ ले भन्नु भयो तिनीहरुले दिएको धोका, आज्ञा उलंघन, र झुठयाइएको कुरा समेत तिमीले दिएको सजाय सबैको हिसाब किताब हुन्छ, यदि अपराध बमोजिम सजाय हुन्छ भने हिसाब किताब बराबर भइहाल्छ र यदि अपराध भन्दा कम सजाय हुन्छ भने तिम्रो हक बाँकी रहन्छ, र यदि अपराध भन्दा अधिक सजाय हुन्छ भने तिमीलाई त्यसको बदला चुकाउनु पर्छ,

यती सुनेर त्यो व्यक्ति आफ्नो ठाउँ छोडि अली पर भएर रुन थाल्यो, त रसूल ﷺ ले भन्नु भयो के तिमीले अल्लाहको किताबमा यो पढेको होइन कि “हामीले प्रलोकमा नयायको तराजू बीचमा राख्ने छौं र कुनै पनि व्यक्ति प्रति अन्याय हुने छैन, एउटा तोरीको दाना बराबर पनि कुनै कर्म छ भने हामीले त्यसलाई उपस्थित गराउने छौं, र हामी हिसाबको लागि पर्याप्त छौं, त उहाँले जवाफ दिनु भयो कि हे अल्लाहको रसूल ! मेरो बीच र तिनीहरुको बीच भिन्नता नै उत्तम बाटो हो, म तपाइलाई साक्षी बनाउदैछु कि आज देखि तिनीहरु दासत्व बाट मुक्त छन् (तिर्मिजी ३१६५)

र अबू हुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:
رَحِمَ اللَّهُ عَبْدًا كَانَتْ لِأَخِيهِ عِنْدَهُ مَظْلَمَةٌ فِي عِرْضٍ أَوْ مَالٍ فَجَاءَهُ فَاسْتَحَلَّهُ قَبْلَ أَنْ يُؤْخَذَ وَلَيْسَ ثَمَّ دِينَارٌ وَلَا دِرْهَمٌ فَإِنْ كَانَتْ لَهُ حَسَنَاتٌ أُخِذَ مِنْ حَسَنَاتِهِ وَإِنْ لَمْ تَكُنْ لَهُ حَسَنَاتٌ حَمَّلُوا عَلَيْهِ مِنْ سَيِّئَاتِهِمْ» (رواه الترمذي 2419 وابن حبان 7362)

अल्लाहको कृपा होस यस्तो व्यक्ति माथि जसले कसैको धन सम्पति र मान सम्मानमा अत्याचार गरेको छ भने संसारमै त्यसको समाधान र माफी गराईहालोस्, ताकि यस्तो समयमा तिर्न नपरोस जुन् समयमा रुपैया पैसा हुँदैन, बरु यदि पुण्य हुन्छ भने आफ्नो पुण्यबाट नै तिर्नु पर्छ र यदि पुण्य हुँदैन भने जस माथि अत्यचार गरेको छ भने त्यसको पाप पनि बोक्नु पर्छ (तिर्मिजी २४१९, इब्न हिब्बान ७३६२)

सुफ्यान सौरी رحمه الله ले भन्नु हुन्छन कि «अल्लाह र तिम्रो बीचको सत्तरि हजार पाप सजिलो छ तर तिम्रो र मानिसहरुको बीचको एउटा पाप पनि धेरै गाह्रो छ»

(التذكرة في أحوال الموتي وأمور الآخرة للقرطبي تحقيق مجدي السيد)

मानिसहरुलाई दुःख नदिने कुरामा नबी ﷺ ले यति जोड दिनु भएको छ कि मुजाहिदहरुलाई पनि यो धमकी दिनु भएको छ कि यदि तिमीहरु जिहाद गर्दा बाटोमा वा कसैको घर भित्र पसेर दुःख दिन्छौं भने तिम्रो जिहादको पुण्य कम भइहाल्छ बरु तिम्रो यो कर्म व्यर्थ पनि हुनसक्छ,

मुआज बिन अनस ﷺ ले भन्नु हुन्छ:
غَزَوْتُ مَعَ نَبِيِّ اللَّهِ صلى الله عليه وسلم غَزْوَةَ كَذَا وَكَذَا فَضَيَّقَ النَّاسُ الْمَنَازِلَ وَقَطَعُوا الطَّرِيقَ فَبَعَثَ نَبِيُّ اللَّهِ -صلى الله عليه وسلم- مُنَادِيًا يُنَادِى فِى النَّاسِ أَنَّ

مَنْ ضَيَّقَ مَنْزِلاً أَوْ قَطَعَ طَرِيقًا فَلاَ جِهَادَ لَهُ» (رواه أبوداؤد واللفظ له 2629 والبيهقي 18239 والطبراني في الكبير 434 وصححه الألباني)

म नबी ﷺ सँग फलानो फलानो युद्धमा सहभागी भएँ, योद्धाहरुले घर भित्र पसेर मानिसहरुलाई दुःख दिये र बाटोमा भएको व्यक्तिहरुलाई लुटे त नबी ﷺ ले विज्ञापन जारी गराउनु भयो कि «जसले मानिसहरुलाई घर भित्र पसेर दुःख दिन्छ वा बाटोमा यात्रुहरुलाई लुट्छ भने त्यसको जिहाद स्वीकार हुने छैन (अबू दाऊद २६२९ बैहकी १८२३९ तबरानी ४३४)

## (१३) नराम्रो चरित्र

यदि राम्रो चरित्रले कर्मको तराजू वजनशील हुन्छ भने नराम्रो चरित्रले कर्मको तराजू हलका पनि हुन्छ किनभने नराम्रो चरित्रको कारण मान्छेको राम्रो कर्महरु पनि नष्ट र बर्बाद भइहाल्छन ।

अब्दुल्लाह बिन उमर رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

أَحَبُّ النَّاسِ إِلَى اللَّهِ أَنْفَعُهُمْ، وَأَحَبُّ الأَعْمَالِ إِلَى اللَّهِ عَزَّوَجَلَّ سُرُورٌ تُدْخِلُهُ عَلَى مُسْلِمٍ، أَوْتَكَشِفُ عَنْهُ كُرْبَةً، أَوْ تَقْضِي عَنْهُ دَيْنًا، أَوْ تَطْرُدُ عَنْهُ جُوعًا، وَلأَنْ أَمْشِيَ مَعَ أَخِيْ الْمُسْلِمِ فِي حَاجَةٍ أَحَبُّ إِلَيَّ مِنْ أَنْ أَعْتَكِفَ فِي هَذَا الْمَسْجِدِ شَهْرًا، وَمَنَ كَفَّ غَضَبَهُ سَتَرَ اللَّهُ عَوْرَتَهُ، وَمَنْ كَظَمَ غَيْظاً وَلَوْ شَاءَ أَنْ يُمْضِيَهُ أَمْضَاهُ مَلأَ اللَّهُ قَلْبَهُ رِضىً يَوْمَ الْقِيَامَةِ ، وَمَنْ مَشَى مَعَ أَخِيهِ الْمُسْلِمِ فِي حَاجَتِه حَتَّى يُثْبِتَهَا لَهُ أَثْبَتَ اللَّهُ تَعَالَى قَدَمَهُ يَوْمَ تَزِلُّ الأَقْدَامُ وَإِنَّ سُوْءَ الْخُلُقِ لَيُفْسِدُ الْعَمَلَ كَمَا يُفْسِدُ الْخَلّ الْعَسَلَ» (رواه الطبراني في الكبير 3187 وابن أبي الدنيا، وحسنه الألباني

अल्लाहको नजिक सबभन्दा प्रिय व्यक्ति त्यो हो जुन् मानिसहरुको लागि सबभन्दा अधिक लाभदायक हुन्छ र

अल्लाहको नजिक सबभन्दा अधिक प्रिय काम यो हो कि कुनै मुस्लिमलाई खुशी दिने वा त्यसको सहायता गर्ने वा त्यसको ऋण तिर्ने वा त्यसको भुक मिटाउने, र मेरो नजिक मस्जिदमा एक महिना एतेकाफ गर्नु अर्थात मस्जिदमा बस्नु भन्दा अधिक प्रिय काम यो हो कि कुनै मुस्लिमको सहायताको लागि त्यससँग हिंडने, र जसले आफ्नो कोधलाई नियन्तरणमा राख्छ भने अल्लाह त्यसको नराम्रो कार्यहरुलाई छिपाउँछ र जसले आफ्नो कोधलाई लागु गर्न सकिने बावजूद आफ्नो कोधलाई नियन्तरणमा राख्दछ भने अल्लाहले कयामतमा त्यसको मन्मा शान्ति प्रदान गर्छन, र जसले आफ्नो मुस्लिम भाईको सहायताको लागि हिड्छ र त्यसको काम सफल पार्छ भने अल्लाहले कयामतमा त्यसलाई स्थिरता र धैर्य प्रदान गर्नु हुन्छ, र नराम्रो चरित्र कुनै कामलाई यस्तै खराब गरिदिन्छ जस्तो कि सिरका मधुलाई खराब गरिदिन्छ (तबरानी ३१८७)

### (२) कुनै मुस्लिमलाई बेइज्जती र त्यसको अपमान गर्ने

सईद बिन जैद ﵁ ले भन्नु हुन्छन कि रसूल ﷺ ले भन्नु भयो:

إِنَّ مِنْ أَرْبَى الرِّبَا الاِسْتِطَالَةَ فِى عِرْضِ الْمُسْلِمِ بِغَيْرِ حَقٍّ (رواه أبوداؤد 4876 والبيهقي 20916 والطبراني في الكبير 357 وصححه الألباني

सबभन्दा ठुलो दुर्व्यहार यो हो कि बिना कुनै अधिकारले कुनै मुस्लिमको ईज्जत प्रति बढता कुरा गर्ने अबू (दाऊद ४८७६, बैहकी २०९१६, तबरानी ३५७)

अर्थात उसको अपमान गर्ने वा गाली गर्ने वा दोष लगाउने, ईत्यादि ।

### (१५) मुजाहिदको श्रीमतीसँग अवैध सम्बन्ध राख्ने

सुलैमान बिन बुरैदहको हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

حُرْمَةُ نِسَاءِ الْمُجَاهِدِينَ عَلَى الْقَاعِدِينَ كَحُرْمَةِ أُمَّهَاتِهِمْ وَمَا مِنْ رَجُلٍ مِنَ الْقَاعِدِينَ يَخْلُفُ رَجُلاً مِنَ الْمُجَاهِدِينَ فِى أَهْلِهِ فَيَخُونُهُ فِيهِمْ إِلاَّ وُقِفَ لَهُ يَوْمَ الْقِيَامَةِ فَيَأْخُذُ مِنْ عَمَلِهِ مَا شَاءَ فَمَا ظَنُّكُمْ » وَفِي رِوَايَةٍ: فَقَالَ «فَخُذْ مِنْ حَسَنَاتِهِ مَا شِئْتَ ». فَالْتَفَتَ إِلَيْنَا رَسُولُ اللَّهِ -صلى الله عليه وسلم- فَقَالَ « فَمَا ظَنُّكُمْ » (رواه مسلم واللفظ له 1897 والنسائي 3189 وأبوداؤد 2496

जिहाद गर्नेवालाहरुको श्रीमती जिहाद नगर्नेवाला व्यक्तिहरु माथि आफ्नो आमा जस्तै बर्जित गरिएका छिन र जिहादमा न गएको व्यक्ति यदि कुनै मुजाहिदको अभिभावक भएर त्यसको स्त्रीसँग अवैध सम्बन्ध कायम राख्दछ भने प्रलोकमा त्यो मुजाहिद त्यसको बिरुद्ध खडा हुन्छ र त्यसको कर्महरु मध्ये जति चाहन्छ लिइहाल्छ, तसर्थ तिमीहरुको के बिचार छ ? हदीसको अर्को शब्दमा यस प्रकार उल्लेख छ कि मुजाहिदलाई आदेश हुन्छ कि त्यसको पुण्यबाट जति चाहन्छौ त्यति लिईहाल, र त्यस पछि रसूल ﷺ हामीहरुतिर फर्केर भन्नु भयो कि के छ तिमीहरुको बिचार ? (मुस्लिम १८९७, नसई ३१८९, अबू दाऊद २४९६)

## (१६) आत्महत्या

हजरत अबू हुरैरह رضي الله عنه ले भन्नु भएको छ:

شَهِدْنَا خَيْبَرَ فَقَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ لِرَجُلٍ مِمَّنْ مَعَهُ يَدَّعِي الْإِسْلَامَ هَذَا مِنْ أَهْلِ النَّارِ فَلَمَّا حَضَرَ الْقِتَالُ قَاتَلَ الرَّجُلُ أَشَدَّ الْقِتَالِ حَتَّى كَثُرَتْ بِهِ الْجِرَاحَةُ فَكَادَ بَعْضُ النَّاسِ يَرْتَابُ فَوَجَدَ الرَّجُلُ أَلَمَ الْجِرَاحَةِ فَأَهْوَى بِيَدِهِ إِلَى كِنَانَتِهِ فَاسْتَخْرَجَ مِنْهَا أَسْهُمًا فَنَحَرَ بِهَا نَفْسَهُ فَاشْتَدَّ رِجَالٌ مِنْ الْمُسْلِمِينَ فَقَالُوا يَا

رَسُولَ اللَّهِ صَدَّقَ اللَّهُ حَدِيثَكَ انْتَحَرَ فُلَانٌ فَقَتَلَ نَفْسَهُ (رواه البخاري 4204 ومسلم 111

हामीहरु खैबरमा थियौं र एउटा यस्तो व्यक्ति जसले इस्लामको दावी गर्दैथियो त्यसको बारेमा रसूल ﷺ ले भन्नु भयो कि यो नरकमा जानेछ र त्यस पछि जब युद्ध प्रारम्भ भयो त उसले धेरै बीरताले युद्ध गर्यो यहाँ सम्म कि गम्भीर रुपले घाइते भयो, मान्छेहरुले शंका गर्नथाले कि यस्तो व्यक्ति नरकमा कसरी जान्छ तर जब उसले घाउको पिडा महसुस गर्यो र सहन गर्न सकेन भने आफै एउटा तीर निकालेर आतमाहत्या गरि हाल्यो, धेरै मुस्लिमहरु जम्मा भए र भने कि हे अल्लाहको रसूल ! तपाईको कुरा सत्य भयो, फलानो व्यक्तिले आत्माहत्या गर्यो (बुखारी ४२०४, मुस्लिम १११)

यसै कारण नबी ﷺ को साथीहरुले यो आस्था राख्थे कि आत्माहत्याको कारण मान्छेको कर्मको विनाश हुन्छ , उनीहरु आफ्नो आफ्नो यस आस्थाको स्पष्टिकरण पनि गरेकाछन ,

**(१७) बिना कुनै धार्मिक कारणले पत्नी आफ्नो पतिको अवज्ञा गर्ने र समाजको इच्छाको बिरुद्ध उनीहरुबीच जबरजस्ती इमामात गर्ने**

अबूओमामा ﷺ ले भन्नु हुन्छन कि रसूल ﷺ ले भन्नु भयो:

ثَلَاثَةٌ لَا تُجَاوِزُ صَلَاتُهُمْ آذَانَهُمْ الْعَبْدُ الْآبِقُ حَتَّى يَرْجِعَ وَامْرَأَةٌ بَاتَتْ وَزَوْجُهَا عَلَيْهَا سَاخِطٌ وَإِمَامُ قَوْمٍ وَهُمْ لَهُ كَارِهُونَ» (رواه الترمذي 360 والبيهقي 5125 والطبراني في الكبير 8098 وحسنه الألباني)

तीन व्यक्तिहरु यस्ता छन् जसको नमाज त्यसको कान भन्दा अगाडि जाने छैन् अर्थात स्वीकार हुने छैन, आफ्नो मालिकलाई छाडेर भागेको दास, यहाँ सम्म कि फर्केर आइहालोस, र यस्तो स्वासनी जसले यस अवस्थामा रात बिताएकि होस कि त्यसको पति

त्यसमाथि क्रोधित छ र यस्तो इमाम जसले समाजको चाहना बिरुद्ध इमामत गर्छ जसलाई सबैले मन पराउँदैनन् तिर्मिजी ३६०,
तसर्थ यस्ता व्यक्तिहरुको नमाज स्वीकार हुनेछैन, र साथै उनीहरुलाई नमाज दोहर्याउने आदेश पनि दिइएको छैन, जस्तोकि इमाम नववी ले भनेको छन, यस्को अर्थ यो भयो कि उनीहरुले आफ्नो नमाजको प्रतिफल र पुण्य गुमाइ दिएका छन ।

## (१८) अर्कामाथि गरेको दान र अन्य सहायतालाई उपकार जेताउने

तसर्थ जसले अर्कामाथि गरेको दान र अन्य सहायतालाई उपकार दर्शाउँछ भने त्यसको पुण्य नष्ट भइहाल्छ , अल्लाह तआलाले भन्नु भयो:

**يَا أَيُّهَا الَّذِينَ آمَنُوا لَا تُبْطِلُوا صَدَقَاتِكُمْ بِالْمَنِّ وَالأَذَى كَالَّذِي يُنْفِقُ مَالَهُ رِئَاءَ النَّاسِ وَلَا يُؤْمِنُ بِاللهِ وَالْيَوْمِ الآخِرِ فَمَثَلُهُ كَمَثَلِ صَفْوَانٍ عَلَيْهِ تُرَابٌ فَأَصَابَهُ وَابِلٌ فَتَرَكَهُ صَلْدًا لَا يَقْدِرُونَ عَلَى شَيْءٍ مِمَّا كَسَبُوا وَاللهُ لَا يَهْدِي الْقَوْمَ الْكَافِرِينَ**

हे आस्थावानहरु ! आफुले गरेको दानलाई अर्कामाथि उपकार दर्शाएर र अरुलाई कष्ट दिएर बर्बाद नगर, जसरी एउटा मानिसले अरु मानिसहरुलाई देखाउनको निम्ति आफ्नो सम्पत्ति खर्च गर्दछ र उसले अल्लाह र आखिरतको दिनमा विश्वास गर्दैन, उसको उदाहरण यस्तो सफा ढुँगा जस्तो छ जसमाथि माटोको पातलो तह जमेको हुन्छ र त्यसमाथि ठुलो वृष्टि भई त्यसलाई एकदम सफा गरिदिन्छ , यी मानिसहरुलाई आफ्ना कर्महरुको प्रतिफल प्राप्त हुनेछैन, र अल्लाहले यस्तो कृतघनहरुलाई मार्गदर्शन गर्दैन
तसर्थ जसले पनि अरुमाथि गरेको उपकारलाई दर्शाउँछ भने त्यसको कर्म नष्ट र बर्बाद भइहाल्ने खतरा हुन्छ ।

## (१९) खुट्टाको गोली गाँठोदेखि अधिक लामो लुगा लगाउने व्यक्ति, उपकार दर्शाउने व्यक्ति, र झुटो कसम खाएर आफ्नो सामान बिकिगर्ने व्यक्ति ।

अबूजर ﷺ ले भन्नु हुन्छन कि रसूल ﷺ ले भन्नु भयो:

ثَلاَثَةٌ لاَ يُكَلِّمُهُمُ اللَّهُ يَوْمَ الْقِيَامَةِ وَلاَ يَنْظُرُ إِلَيْهِمْ وَلاَ يُزَكِّيهِمْ وَلَهُمْ عَذَابٌ أَلِيمٌ » قَالَ فَقَرَأَهَا رَسُولُ اللَّهِ -صلى الله عليه وسلم- ثَلاَثَ مِرَارٍ. قَالَ أَبُو ذَرٍّ خَابُوا وَخَسِرُوا مَنْ هُمْ يَا رَسُولَ اللَّهِ قَالَ « الْمُسْبِلُ وَالْمَنَّانُ وَالْمُنَفِّقُ سِلْعَتَهُ بِالْحَلِفِ الْكَاذِبِ » (رواه مسلم 106 والترمذي 1211 والنسائي 2563 وأبوداؤد 4087

तीन व्यक्तिहरु यस्ता छन् जो सँग प्रलोकमा अल्लाह तआलाले कुरा गर्ने छैन नत उनीहरुलाई हेर्ने छन र नत उनीहरुलाई माफ गर्ने छन बरु उनीहरुलाई कठिन सजाय दिनेछन , तीन पटक रसूल ﷺले यस्तै भन्नु भयो त अबूजर ﷺ ले भन्नु भयो कि हे अल्लाहको रसूल !उनीहरु बर्बाद भइहाले , यस्ता व्यक्तिहरु को हुन् ? त रसूल ﷺ ले भन्नु भयो कि खुट्टाको गोली गाँठो भन्दा तल लुगा लगाउने व्यक्ति , उपकार दर्शाउने व्यक्ति , र झुटो कसम खाएर सामान बिकिगर्ने व्यक्ति (मुस्लिम १०६, तिर्मिजी १२११, अबू दाऊद ४०८७, नसई २५६३,

बिचार गर्नुस् कि रसूल ﷺ ले कसरी खुट्टाको गोली गाँठो भन्दा तल लामो लुगा लगाउने व्यक्ति , उपकार दर्शाउने व्यक्ति , र झुटो कसम खाएर सामान बिकिगर्ने व्यक्तिलाई एक साथ बयान गर्नु भएको छ , र अघि नै हामीहरु यो थाहा पाइसकेका छौं कि जसले अरुमाथि गरेको उपकार दर्शाउँछ भने त्यसको कर्म व्यर्थ भइहाल्छ , तसर्थ यस्तो व्यक्तिहरुलाई पनि डर गर्नु पर्छ जुन्

गोलो गाँठो भन्दा तल लुगा लगाउँछन ताकि तिनीहरुले कमाएको पुण्य बर्बाद नभइहालोस् ।

## अन्तिम शब्द

एउटा मुस्लिमले कुनै पनि अवस्थामा ज्ञान प्राप्त गर्नको लागि र त्यसलाई आफ्नो जीवनमा लागु गर्नको लागि थाक्नु हुदैन,

धेरै यस्तो व्यक्तिहरु छन् जसलाई यस्तो महान कुराहरुको ज्ञान नै हुदैन् नत उनीहरुले त्यसको खोजि गरिरहेका हुन्छन् जुन् मैले तपाईहरुको लागि यस किताबमा जम्मा गरेको छु ,

हाम्रो प्रति अल्लाहको सबभन्दा महान कृपा यो हो कि उहाँले हामीहरुलाई वासतविक्ताको ज्ञान प्रदान गर्नु भयो र त्यसबाटोमा लगाउनु भयो, तसर्थ यस वास्तविक्तालाई हाम्रो मनमा प्रिय बनाई दिने प्रार्थना गर्नु पर्छ , ताकि संधै त्यसलाई हामी आफ्नो जीवनमा लागु गरि राखौं,

र त्यसको लाभ तयस दिनमा हुन्छ जब अत्याचारिहरु पछुतो गरिरहेका हुन्छन कि काश मैले पनि आफ्नो जीवनमा कुनै राम्रो कर्म गरेको भए भने कति राम्रो हुन्थ्यो,

तसर्थ मामला एकदमै गम्भीर छ , त्यो दिन वात संधैको लागि स्वर्ग पाइन्छ वा संधैको लागि नरकमा ठेगाना हुन्छ ,

अल्लाह तआला हामीहरुलाई नरकबाट बचाउँन र आगो बाट सुरक्षा प्रदान गरुन् । आमीन

وصلي الله علي نبينا محمد وعلى آله وصحبه وسلم تسليما كثيرا،

والحمد لله رب العالمين .